मितेरी नेपाल FRIENDSHIP NEPAL
२०५५

# मितेरी



६

# मितेरी

मितेरी हाम्रो अजम्मरी जहाँ रहे पनि

**२०७१ असार**


**प्रधान सम्पादक**
चन्द्रकला नेवार

**सम्पादक**
यादव भट्टराई

**सहसम्पादक**
ललिता 'दोषी'
शान्ति रिसाल
सङ्गीता शर्मा

**व्यवस्थापक**
महेन्द्र गुरुङ्ग

**प्रकाशक**
मितेरी नेपाल
पो.ब.नं. ९५५४
काठमाडौं
फोन ४७८३८५०

**लेआउट**: कम्प्यिलिट डिजाइनिङ एण्ड प्रिन्टिङ्ग
नयाँ बानेश्वर, काठमाडौं फोन नं. ९८५१००१६११

**मुद्रक**:
सूर्योदय छापाखाना
धोबिधारा, काठमाडौं फोन नं. ४४३४९७१

सहयोगस्वरूप रु. १००।-

# सम्पादकीय

- नेपाली भाषासाहित्यका आदिकवि भानुभक्त आचार्यको २०१औँ जन्मजयन्ती विभिन्न साहित्यिक गतिविधिमार्फत मनाइँदै छ । विश्वभरि फैलिएर रहेका नेपालीहरू विविध कार्यक्रमको आयोजना गरी भानुभक्त र उनका योगदानलाई स्मरण गरिरहेका छन् ।
- यति बेला विश्वभरि फैलिएर रहेका नेपालीहरूले आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीका अवसरमा कार्यक्रमहरू सम्पन्न गरेका समाचारहरू आइरहेका छन् ।
- नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा 'आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति' गठन गरी नेपालका सबै अञ्चल र जिल्लाका साथै विदेशमा पनि समितिमार्फत भानुभक्तसम्बन्धी विभिन्न कार्यक्रमहरू सम्पन्न भइरहेका छन् । आदिकविका कृतित्व र योगदानको थप अध्ययन र अनुसन्धान भइरहेको अवस्था एकातिर छ भने भानुभक्तसम्बन्धी विशेषाङ्कहरू पनि प्रकाशन हुँदै छन् ।
- यस बीचमा २०७१ जेठ १५-१७ सम्म काठमाडौँमा त्रिमूर्ति निकेतनद्वारा आयोजित विश्व नारी नेपाली साहित्य सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ । विश्वका २० राष्ट्र र नेपालका १४ अञ्चलका नेपाली नारी साहित्यकारहरूको भव्य सहभागिताले नेपाली साहित्यको विकासमा उल्लेख्य कार्य सम्पन्न भएको अनुभूत गरिएको छ । यस विशिष्ट कार्यका लागि त्रिमूर्ति निकेतनलाई साधुवाद भन्नैपर्छ ।
- हरेक वर्ष झैँ 'मितेरी नेपाल'द्वारा यस वर्ष वरिष्ठ कवि तथा गीतकार श्री कालीप्रसाद रिजाललाई पारिजात स्मृति मितेरी साहित्य सम्मान, साहित्यकार श्री मुक्ति उपाध्याय बराल (सिलिगुडी, भारत) लाई हरिभक्त कटुवाल स्मृति मितेरी प्रतिभा सम्मान, साहित्यकारद्वय श्री लक्ष्मी उप्रेतीलाई र श्री जयप्रसाद शर्मा दाहाल (दार्जिलिङ, भारत) लाई मितेरी साहित्य सम्मान अर्पण गरिएको छ । साधकहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।
- 'मितेरी नेपाल'ले भानुजयन्तीलाई आफ्नो वार्षिक कार्यक्रमका रूपमा सम्पन्न गर्दै आएको सर्वविदितै छ । यस वर्ष यिनै गतिविधिका माध्यमबाट आदिकवि भानुभक्त आचार्यप्रति द्विशतवार्षिकीका अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
- 'मितेरी'लाई रचना उपलब्ध गराउनुहुने सम्पूर्ण लेखक/साहित्यकारहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

---

'मितेरी' मा प्रकाशित रचनाको जिम्मेवारी स्वयम् लेखक, सर्जकहरूमा रहने कुरा सूचित गरिन्छ।

| क्र.सं | नाम | पेज |
|---|---|---|
| १. | मुक्तिनाथ शर्मा | ५ |
| २ | अच्युत घिमिरे | ९ |
| ३. | उज्ज्वल ठाकुर | ९ |
| ४. | जनार्दन अधिकारी | १० |
| ५. | अरूण नदी खत्री | १० |
| ६. | उर्मिला पन्त पाण्डेय | ११ |
| ७. | एस. के. यात्री | १२ |
| ८ | कलाधर काफ्ले | १३ |
| ९. | गङ्गा कर्माचार्य पौडेल | १४ |
| १०. | गीता अनुरागी | १५ |
| ११. | चेतनाथ 'हरित' | १६ |
| १२. | चन्द्रकला नेवार | १७ |
| १३. | छायादत्त न्यौपाने 'बगर' | १८ |
| १४. | जमुना घिमिरे | १९ |
| १५. | डा. देवकीदेवी तिम्सिना | २१ |
| १६. | डा. मृदुला शर्मा | २२ |
| १७. | ठाकुर शर्मा भण्डारी | २३ |
| १८. | देवेन्द्रप्रसाद उप्रेती | २४ |
| १९. | दीपा चौलागाई 'पूर्णता' | २५ |
| २०. | नम्रता उपाध्याय | २६ |
| २१. | नौना नेपाल ढकाल | २६ |
| २२. | परशुराम 'पराशर' | २७ |
| २३. | पवन आलोक | २८ |
| २४. | प्रीति कौर | २८ |
| २५. | प्रकाशमणि दहाल | २९ |
| २६. | प्रदीपरत्न शाक्य | ३२ |
| २७. | प्रभा बराल | ३३ |
| २८. | प्रेम ओली | ३४ |
| २९. | भुवनहरि सिग्देल | ३५ |
| ३०. | भैरव कार्की | ३६ |
| ३१. | मिलन समीर | ३७ |

| | | |
|---|---|---|
| ३२. | मुरारि सिग्देल | ३८ |
| ३३. | मेनका पोखरेल आचार्य | ४० |
| ३४. | मेदिनीकुमार केवल | ४२ |
| ३५. | प्रवीण भण्डारी | ४३ |
| ३६. | बाजुराम पौडेल | ४५ |
| ३७. | ब्रह्मप्रिय प्रेमस्वरूप | ५० |
| ३८. | बलराम दाहाल | ५२ |
| ३९. | विजय 'विश्वास' | ५३ |
| ४०. | विनयकुमार शर्मा नेपाल | ५४ |
| ४१. | विश्वविमोहन श्रेष्ठ | ५५ |
| ४२. | वेदमणि घिमिरे 'गोविन्द' | ५६ |
| ४३. | रञ्जना पराजुली (लम्साल) | ५९ |
| ४४. | लक्ष्मी उप्रेती | ६० |
| ४५. | रामकुमार पण्डित क्षेत्री | ६१ |
| ४६. | रामप्रसाद पन्त | ६२ |
| ४७. | रश्मि रिमाल | ७४ |
| ४८. | रूकु कार्की | ७५ |
| ४९. | ललिता 'दोषी' | ७६ |
| ५०. | भीमकुमारी श्रेष्ठ | ७७ |
| ५१. | बिनु भट्टराई | ७७ |
| ५२. | शशी थापा पण्डित | ७८ |
| ५३. | रमानन्द आचार्य | ७९ |
| ५४. | शारदा पराजुली | ८१ |
| ५५. | शान्ति रिसाल | ८२ |
| ५६. | यादव भट्टराई | ८५ |
| ५७. | शम्भु अर्याल | ८६ |
| ५८. | सन्ध्या रेग्मी | ८८ |
| ५९. | सविता श्रेष्ठ 'वेहोसी' | ९० |
| ६०. | सुशीला खड्का हसिना | ९२ |
| ६१. | सुशीला देउजा | ९४ |
| ६२. | सुरेश 'शीत' | ९५ |
| ६३. | लक्ष्मण गाम्नागे | ९९ |

लेख

# आदिकवि भानुभक्त आचार्यको सम्मान

• मुक्तिनाथ शर्मा

अब हामी फेरि आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती मनाउने प्रयत्नमा छौं । प्रत्येक वर्षको आषाढ २९ गते हामी यो पुनीत कार्यमा लाग्ने गर्दछौ । यो एउटा सराहनीय कार्य हो भन्ने हाम्रो अठोट हो किनभने आचार्यले नै हामीलाई नेपाली भाषा र साहित्यको विकासमा लाग्ने पहिलो प्रेरणा दिएका हुँदा हामी नेपाली भाषालाई मान्दै साहित्य साधना गर्छौं र परिमार्जन गर्दै आइरहेका छौं । अहिले नेपाली भाषा र साहित्यको स्तर र पहुँच जहाँ जस्तो छ त्यो वास्तवमा भानुभक्त आचार्यकै देन हो । यसमा पछि आएर युवाकवि मोतीराम भट्ट पनि थपिएका हुन् । एउटा गाउँमा सीमित रहेका भानुभक्त आचार्य र उनका कर्मलाई जनसमक्ष ल्याइदिएका हुन् मोतीराम भट्टले । यस विषयमा हामी कृतार्थ पनि छौं । हामी आदिकवि भानुभक्त आचार्यलाई र मोतीराम भट्टलाई कहिल्यै बिर्सन सक्दैनौं । उनीहरूको सम्फना गर्नु तथा सम्मान गर्नु हामी आफ्नो कर्तव्य सम्फन्छौं । यो क्रम युगौंयुग चलोस हाम्रो चाहना पनि छ किनभने उनीहरू युगपुरुष हुन् । युगपुरुषको मानसम्मान गर्नु हामी सबैको कर्तव्य हो ।

संसारको चालचलन हेर्दा कस्तो लाग्दछ भने बन्ने र बनाउनेको सम्बन्ध विचित्रको हुन्छ । पृथ्वी महान् मान्छेलाई जन्म दिन्छिन्, हुर्काउँछिन र पालनपोषणसमेत गर्दछिन् । त्यो महान् मान्छे त्यहाँको भूभाग तथा समाजको विकासमा आफूलाई लगाउँछ । ऊ सफल भयो भने उसको त्यो कर्मले पृथ्वीको मानमर्यादा बढ्छ । त्यहाँको समाज विकसित हुन्छ । विकसित समाजले आफ्नो विभूतिहरूको मानसम्मान गर्दछ । यसरी दोहोरै तर्फ फाइदा हुन्छ । यो क्रम हिजो थियो, आज छ र भोलि पनि हुन्छ । यसै गरेर नै हाम्रो समाजले विकासका पाइला चाल्दै अगाडि बढिरहेको हामी पाउछौं । आदिकवि भानुभक्त आचार्य यसका उदाहरण हुन् । उनले आफ्नो जन्मथलोलाई उज्यालो बनाएका छन् ।

नेपालको पश्चिमी पहाडी जिल्ला तनहुँको चुँदीरम्घाले आदिकवि भानुभक्त आचार्यलाई जन्मायो, हुर्कायो र होनहार कवि बनायो । कविले लोकहितका निमित्त दिलोज्यान दिएर नेपाली भाषामा कविता लेख्ने परम्परा बसाले । सुरुमा उनले लोकहित कसरी हुन्छ भन्ने सोचे र भाषासाहित्यको माध्यमबाट लोकहितकारी कार्य गर्न सकिने निश्चयमा पुगे । यो निश्चयका

साथ उनी भाषा तथा समाजको उन्नयनमा लागे । नेपाली भाषाको सेवा गरे । भानुभक्तअगाडि नेपाली भाषामा लेख्ने मान्छे थिएनन् । केही विद्वान्हरू संस्कृत जाने बुझेका थिए तर अधिकांश मानिस संस्कृतका ज्ञाता थिएनन् । यस कारण नेपाली समाज साहित्य बेगरको अस्तव्यस्त थियो, अन्धो थियो । त्यस्तो अन्धकार युगमा भानुभक्तको उदय भएर नेपाली भाषाले खोजी पाएको हो । त्यसकारण नेपाली समाजले भानुभक्त आचार्यलाई आदिकवि मानेर उनको मानसम्मान गर्न थालेको हो । यसो गर्दा भानुको जन्मभूमि चुँदीको पनि मानसम्मान हुनुपर्दछ भन्ने पनि चर्चा परिचर्चा हुँदै आएको हो ।

आदिकवि भानुभक्त आचार्यले सुरू गरेको नेपाली भाषाको उत्थान, विकास र प्रवर्द्धन गर्ने कार्यमा धेरै नेपाली तथा नेपाली भाषी लागेका उदाहरण प्रशस्त छन् । केही नेपाली महामनाहरूले छिमेकी राज्य भारतमा बसेर नेपाली भाषाको विकासमा आफूलाई लगाए । ठूलो सङ्घर्षपछि भारतमा नेपाली भाषाले संवैधानिक मान्यतासमेत पायो । त्यसै गरी अन्य मुलुकमा गए,रहे, भएका नेपालीहरू पनि यो पुनीत कार्यमा लाग्ने गरेको देखिएको छ । विश्वकै अति विकसित मानिएको संयुक्त अधिराज्य बेलायतमा पनि नेपाली भाषा पढ्ने र पढाउने अभियान चालु रहेको तथा केही महाविद्यालयले यसमा कार्य सुरू गरिसकेका समाचार हालै प्राप्त भएको छ । यसो हुनु नेपाली मात्रको गौरव हो र यसको श्रेय भानुभक्त आचार्यलाई दिनै पर्ला । यसको साथ साथै तनहुँको चुँदी रम्घाले पनि त केही पाउनै पर्दछ नि होइन र ? सायद सबैबाट जवाफ आउला 'पर्छ' । प्रसङ्ग आइसकेको छ चुँदीमा भानुभक्त आचार्य जन्मेका हुन् र उनले नेपाली भाषाको उन्नयनमा जीवन बिताएका हुन् । सत्य पुनरावृत्ति गरिरहनु जरूरी छैन । बरू चुदी रम्घालाई कसरी महत्त्वपूर्ण र विकसित बनाउने त्यतातिर सोच्न जरूरी भएको छ । यो सानु लेखले त्यतातिर छलफल चलाउन मनासिब देखेर त्यही कुरो राख्न प्रयास गर्दै छु ।

नेपालका केही स्थान यस्ता छन्, जहाँ जनचाप बढेर उकुसमुकुस भएको छ । मानिसलाई जीवन निर्वाह गर्न कठिन भैरहेको छ । मानिसका अति जरूरी विषय खानेपानीको अभाव छ, खाद्यान्नको अभाव छ र अन्य अत्यावश्यक सामग्रीको अभाव छ, प्रायः हाहाकार भैरहन्छ । ढल निकास यातायात आदिको समस्या दिनप्रतिदिन बढ्दै जानाले विकराल रूप लिएको छ । वातावरण प्रदूषित छ । यसरी सारै नाजुक अवस्था छ । त्यो ठाउँ भनेको काठमाडौ उपत्यका हो । यो ठाउँमा जनचाप ज्यादै बढेको छ । जनचाप

कम गराउन अति जरूरी छ । केही स्थान यस्ता भैसके जहाँ अहिले मानिस छैनन् । गाउँका गाउँ मानिस शून्यजस्तै भएका छन् । त्यसको उदाहरण आदिकवि भानुभक्त आचार्यको जन्मस्थान चुँदीरम्घा गाउँ पनि बनेको छ ।

नेपाल गाउँगाउँ मिलेर बनेको देश हो । सहरलाई पालनतालन गाउँबाट हुने हो । गाउँहरू मानवविहीन भए भने त्यहाँ उब्जनी हुने कुरै भएन । यस्तो भएपछि विकास अलपत्र पर्दछ । गाउँको विकास बेगर देशको विकास सम्भव छैन । असन्तुलित हुन्छ विकासको गाडी । यस्तो तीतो सत्य हुँदाहुँदै पनि देशले गाउँतिर ध्यान पुऱ्याउन सकेको छैन । असमर्थ भएको अवस्था छ । चुँदीरम्घा पनि यस्तै एउटा गाउँ हो । यो गाउँ आदिकवि भानुभक्त आचार्य जन्मेहुर्केको गाउँ हो । यो गाउँ पनि अन्य गाउँजस्तो भयो । यस्तो हुनुहुँदैन । यहाँ त विशेष किसिमले सोच्नैपर्ने भएको छ । भनिसकियो यो त भानुभक्तको गाउँ हो । भानुभक्त आचार्यलाई मान्नेले चुँदी रम्घालाई मान्नुपर्दछ र पुज्नुपर्दछ । त्यसो गर्न यो गाउँको विकासमा लाग्नै पर्दछ तर त्यो कसरी ? अब त्यसतर्फ सोचौं ।

चुँदीरम्घाको विकास गर्न सर्वप्रथम एउटा महत्त्वपूर्ण सरकारी निकाय त्यहाँ स्थानान्तरण गर्नुपर्दछ । काठमाडौंबाट बाहिर लानहुने र सकिने निकाय प्रशस्त छन् । त्यस्ता संस्था वा कार्यालय अन्यत्र लानैपर्ने देखिएको छ । बिस्तारै त्यतातर्फ सोच्न पर्ने भएको छ । अहिले भन्नुपर्दा के भन्न सकिन्छ भने नेपाल प्रज्ञाप्रतिष्ठान चुँदीरम्घा वा चुँदीबेसीमा लान मनासिव देखिन्छ किनभने यो संस्था आदिकवि भानुभक्त आचार्यसँग सम्बन्धित हो भने हुन्छ कारण, यो साहित्यिक संस्था हो । यसले अहिले झैं राजधानीको एउटा साँघुरो घेरामा खाँदिएर रहन जरूरी छैन । गाउँ-गाउँ पुग्न पर्दछ यसले । गाउँ गाउँका स्रष्टालाई समेत समेट्नु छ यसले । यसलाई अर्थात् यसका क्रियाकलापलाई शान्त तथा सुन्दरतम स्थानको पनि त्यत्तिकै जरूरी हुन्छ । तनहुँको चुँदीरम्घा यसका निमित्त उपयुक्त हुन्छ ।

साझा प्रकाशन, जनक शिक्षा सामग्री केन्द्र र यस्तै अरू केही ओइलाउँदै गरेका रोगी संस्था पनि त्यहाँ लगेर जगाउन सकिन्छ । यसो गरियो भने निष्कृय रहेको जमिन काममा आउछ । देशले पाठ्यपुस्तक प्रकाशन जस्ता सारै संवेदनशील कार्य त्यहाँबाट गराई सहज वितरण गर्ने योजना बनाउन पनि सकिन्छ ।

नेपाल प्रज्ञाप्रतिष्ठान त्यहाँ सुव्यवस्थित किसिमले रहेपछि एउटा महत्त्वपूर्ण र स्तरीय पुस्तकालय तथा वाचनालय राखिदिने व्यवस्था हुनुपर्दछ । यस्तो

भएपछि नेपाली साहित्यकारहरूको ओइरो लाग्न सक्छ त्यहाँ । यसले चुँदीमा अरू चहलपहल ल्याउँछ ।

चहलपहलले सुरक्षा निकायलाई बोलाउँछ । यसको असर त्यहाँ जनचाप बढ्छ । होटेल स्वास्थ्य संस्था आदि बढ्छन् । यो ठाउँको विकासमा तीव्रता आउँछ ।

नेपाली भाषीहरू अहिले संसारैभरि फैलिएका छन् । उनीहरू आदिकवि भानुभक्त आचार्यलाई आदिकवि मात्र होइन एउटा युगपुरूषका रूपमा स्वीकार गर्दछन् । नेपालमा बरू त्यति चहलपहलमा मानिँदैन भानुभक्त आचार्यको जन्म जयन्ती । अरू देशका नेपाली भाषीले सारै ठूलो पर्वका रूपमा मनाउने गरेको पाइन्छ । यस सिलसिलामा चुँदीमा आउन सक्छन् नेपाली भाषाप्रेमी तथा साहित्यकारहरू । पर्यटन विकासमा सहयोगी हुन सक्छ भानुजन्मस्थल । यसबाट के हुन्छ भन्दा भन्न सकिन्छ चुँदीरम्घाले काठमाडौँ तथा पोखराजस्ता सहरी स्थानको बोझसमेत घटाउन सक्छ । साहित्यिक तीर्थका रूपमा विकसित हुन्छ तनहुँ र चुँदीरम्घा ।

जसरी आदिकवि भानुभक्त आचार्य नेपालका पहिला साहित्यकार अर्थात् आदिकवि भए त्यसै गरी माथि भनिए जस्तै चुँदीरम्घा गाउँ पनि पुनर्जीवन पाउने पहिलो गाउँ भयो भने हाम्रा अरू गाउँ पनि गाउँको पुन:विकासमा लाग्ने दिन आउन सक्छन् । त्यसै गरी चुँदीरम्घामा भानुभक्तको जन्मस्थान मानेर त्यहाँको विकासमा तीव्रता ल्याइयो भने भानुभक्तपछिका कविशिरोमणि लेखनाथ पौडेलको जन्मथलो अर्घौंको विकास हुन सक्छ । राष्ट्रकवि माधव घिमिरेको जन्मस्थल लमजुङ पुस्तुन बाहुनडाँडाले खोजी पाउँछ । यो क्रमले निरन्तरता पाउन सक्छ । त्यस्तो हुन परेको पनि छ किनभने हामीलाई गाउँ गाउँको विकासमा लाग्नै परेको छ । आदिकवि भानुभक्त आचार्यको यो जन्मजयन्तीमा यतातर्फ सोचेर आदिकविप्रति मानसम्मान समर्पण गरौं ।

•••

लघुकथा

# विज्ञापन

• अच्युत घिमिरे

मैतिदेवीमा ॐकार बाबासँग अचानक भेट भयो । उनले भरखर प्रवेशिका उत्तीर्ण गरेकी छोरीलाई कलेज भर्ना गर्नुरहेछ र मलाई समेत सँगै जान आग्रह गरे ।

हामी एउटा निजी कलेजमा प्रवेश गऱ्यौं । काउन्सिलरले विज्ञान प्रयोगशाला, कम्प्युटर कक्ष, पुस्तकालय कक्ष, सबै देखायो र भन्यो- 'हाम्रो कलेज राजधानीमै सर्वोत्कृष्ट कलेज हो, यो हाम्रो आफ्नै भवन हो, हामी यहाँबाट उत्तीर्ण भएका विद्यार्थीलाई विदेश पठाउन पहल गर्छौं आदि ।'

काउन्सिलरको बोली यति मीठो थियो । उनको कुरामा ॐकार बाबा कन्भिन्स भए र छोरीलाई त्यहीँ भर्ना गर्ने निर्णयमा पुगे ।

म भने कलेजको प्रोस्पेक्टस हेर्दै थिएँ । लेखिएको थियो- 'फराकिलो खेल मैदान, स्विमिङपुल, सुविधासम्पन्न विज्ञान प्रयोगशाला ।' तर ती कुनै कुरा थिएनन् त्यहाँ ।

•••

कविता

# वैदेशिक रोजगार

• उज्ज्वल ठाकुर

कसम मेरी आमा तिमीलाई
फर्केर एक दिन म आउनेछु ।

आफ्नो यो पसिनाले एक दिन
यो देश स्वर्ग अवश्य बनाउनेछु ।

आज यो मुटु मेरो नासो राख्दै
आफ्नो ज्यान लिएर मात्र जाँदै छु ।

पापीहरूले हो त हाम्रो श्रम बेचेको
हो त्यही श्रमबाट खोजेको

रेमिटेन्स मेरी आमा आज भित्र्याउँदै छु
हो अरबको रेतमा पसिना चुहाउँदै छु ।

विवशताको घेरामा बाँधिएर श्रम बेच्दै छु
पैसा-पैसा गर्दै रेमिटेन्स भित्र्याउँदै छु ।

अर्काको माटोमा हातका नङ्ग्रा खियाउँदै छु
आफ्नो देश बनाउने सपना बोक्दै छु ।

भित्र-भित्र रूदै छु, टुट्दै छु, कराउँदै छु
अँजुलीले आफ्नो मौलिकता समेट्दै छु ।

*बुद्धनगर, काठमाडौं*

लघुकथा

# नोक्सान

• **अरुण नदी खत्री**

कवि कृष्णप्रसाद साहित्यिक कार्यक्रम सकिएपछि घर फर्कन लाग्दा मोहनले "कविजी आज तपाईंलाई म मेरो मोटरसाइकलमा घर पुऱ्याइदिन्छु तपाईंले बाटोमा मलाई चिसो खुवाउनू" भने । कवि कृष्णप्रसादले "हुन्छ नि त" भनेर उनीहरू सँगै घर फर्कंदा बीच बाटोमा पुगेपछि एउटा पसलमा उनीहरू दुबै जनाले एक एक सिसी चिसो खाए । "ल कविजी पैसा तिर्नू हामी दुई जनाको तपाईंको आज माइक्रोबसको भाडा नै मैले जोगाइदिएको छु" मोहनले भने । कवि कृष्णप्रसादले दुई जनाले चिसो खाएको पचास रूपैयाँ साहुनीलाई दियो । साहुनीलाई पचास रूपैयाँ दिएपछि माइक्रोबस चढेर घर फर्कंदा बीस रूपैयाँभन्दा बढी मेरो खर्च हुँदैनथ्यो मेरो पचास रूपैयाँ खर्च भएर तीस रूपैयाँ बढी खर्च हुन पुग्यो; मोटरसाइकल चढेर घर फर्कंदा कवि कृष्णप्रसादले मनमनै भन्यो । अबदेखि मोटरसाइकल चढेर घर फर्किन्न म मोटरसाइकल चढ्दा त हानी पो भयो नि मलाई उसले दिक्क मान्दै भन्यो ।

*सामाखुसी, काठमाडौं*

•••

# हाइकु

• **जनार्दन अधिकारी**

नेताहरूको
हत्केलामा देश छ
मुठी खुल्दैन ।

देश रोएको
छ सय एकलाई
थाहा नै छैन ।

नयाँ नेपाल
पुरानोलाई कहाँ
व्यवस्था गर ।

मायालु मन
चाहनाको भकारी
अनावश्यक ।

बिसाउनेछु
तिमीलाई पाएर
मेरो जिन्दगी ।

म त तिम्रै हुँ
कति भनिरहने
ऊ आफ्नै हैन ।

मेरो चाहना
तिमीलाई पाउनु
पूर्ण होइन ।

# कविता

• उर्मिला पन्त पाण्डेय

कल्पनाको अथाह सागरमा पौडिरहने
विचारहरूका काल्पनिक पुञ्जहरू
ताल सुर लय मिले गीत बन्छन् कविताहरू
कल्पनाका हूल भएर आउने
विचारका भावना पुञ्जहरू
ताल सुरमा गीत बन्छन् कविताहरू
कल्पना शक्तिलाई भावनामा
विचरण गराउँदै पौडाउने
ताल हो कविता र गीत
कलाकारहरूलाई गीत गाउन
विभिन्न भाव दर्साउन
तालमेल मिलाउने प्रविधि हो कविता
कलिला भावको विकास गर्दै
विसङ्गतिहरूको वैचारिक द्वन्द्व
तारिफ गर्ने र होच्याउने फूल हो कविता
कसैलाई माथि उचाल्ने
विचार नमिले तल थचार्ने
तारिफ र हेलाँको पुल हो कविता
कसी हो सुन जाँच्ने जस्तै
विचारहरूको परीक्षणको
ताप र रापको आरन हो कविता
कवि हृदयहरूलाई जोड्ने
विश्व सन्जालको अनमोल
तार को रफ्तार हो कविता ।

ज्ञानेश्वर

•••

कविता

# एउटा अन्तर्वार्ता

• एस. के. यात्री

अन्तर्वार्ता सुरू.......
प्रश्नको प्रहार पहिलो टेबलबाट...
भाइको शुभ नाम ?
हजुर... नाम बिनाको अनाम ।
किन ? कुनै नाम छैन ?
हजुर ! नाम कै खोजीमा यहाँ आएको छु ।
नाम नै राखेनन् ?
हजुर ! न्वारान नै भएन
प्रसुति उपचारको अभावमा आमा बित्नु भो
त्यही रन्कोमा बाबुले देश छाडनु भो
टोल छिमेकमा नाम यही हो भन्ने कोही भएन
आफन्तले नचिनेपछि नामको आवश्यकता रहेन ।

प्रश्न प्रहार दोस्रो टेबलबाट...
भाइको घर कहाँ हो ?
हजुर ! घर त कल्पनाभित्रको सहरमा ।
किन ? घर छैन ?
दिनको घाम र रातको शीत छल्ने छाप्रो
हजुर छाप्रोले चर्चेको जग्गा सरकारी ।
के सुकुम्बासी हो ?
हजुर ! हुकुम चलाउनेहरूको चर्को शोषणमा
पुर्ख्यौली दर्ता भएको जमिनको सीमा नै रहेन
त्यसमा हलो कोदालो चलाउने झन्झट नै भएन
राज्य हाँक्नेहरूको आँखामा कहिले परिएन ।

प्रश्न अन्तिम टेबलमा.......
कुनै कामको अनुभव छ ?
छ हजुर छ,...
विवशता घुमाउरो जाँतोले पिसिएर
पिठो र च्याँख्ला बन्नुपरेको अनुभव छ
जागिर दिने झुट्टा अश्वासनले किचिएर
धेरै चोटी सिद्रा बन्नुपरेको अनुभव छ ।
आफ्नै चिनारीदेखि अनभिज्ञ रहेर
अभावग्रस्त जिन्दगीमा आफैलाई धेरै चोटी बिर्सेको अनुभव छ ।

•••

लघुकथा

# दासता

• कलाधर काफ्ले

पञ्चायतकालीन घटना हो । त्यति बेला उच्च पदस्थ अधिकारीहरूमा न्युजविक स्टेट्सम्यानजस्ता पत्रिकाहरु खुबै पढेजस्तो देखाउने एउटा अनौठो प्रवृत्तिको विकास भएको देखिन्थ्यो । सरकारी बजेटबाट किन्न पाइने भएर हो वा आफूलाई निकै पढैया देखाउने मनसायले हो, तिनीहरूका हातमा, टेबुलमाथि र ब्रिफकेसभित्र यस्ता पत्रिकाहरु बग्रेल्ली देखिन्थे ।

धूर्तराम बिनामन्त्रालयको सचिव थियो । तैपनि ऊ कार्यालय समयभन्दा अगाडि नै कार्य कक्षभित्र पसिसकेको हुन्थ्यो र पाँच बजेपछि मात्र कार्यालयबाट बाहिरिन्थ्यो । दिनभरि पत्रपत्रिका ओल्टाइपल्टाइ गर्दैमा उसको समय बित्ने गर्दथ्यो । अरूको दिमाग चाटचुट गर्न भने ऊ औधी सिपालु थियो ।

सदा झैं त्यस दिन पनि धूर्तराम समयमै कार्य कक्षभित्र प्रवेश गऱ्यो, कोट मेचपछाडि र टोपी टेबुलमाथि राख्यो अनि घुम्ने मेचमा थचक्क बसेर पत्रिका पल्टाउन थाल्यो । उसका सहयात्रीहरु धूर्तरामको कार्य कक्षमा फुत्त भित्र पस्थे, धनुष्टङ्कार नमस्ते बजाउँथे, हाजिर जनाउँथे र उसकै वरिपरि घेरा लाग्न थाल्थे । चार जनाको जमघट भइसकेको थियो त्यहाँ ।

धूर्तराम घरी कोठाका सहयोगीहरूको अनुहार चहार्थ्यो त घरी गम्भीरतापूर्वक न्युजविकका पाना पल्टाउँथ्यो । यसै बीच माउसले प्वाक्क बोली फुटाल्यो - 'पहिला-पहिला त न्युजविक निकै राम्रो पत्रिका थियो, होइन र ?' धूर्तरामको बोली खस्न नपाउँदै साधुरामले हाँमा हाँ मिलायो -'हो सचिवज्यू, पहिले पहिले त न्युजविक एकदम राम्रो पत्रिका मानिन्थ्यो । साप्ताहिक पत्रिकामध्ये सबैभन्दा उत्तम पत्रिका नै न्युजविक थियो सचिवज्यू ।'

धूर्तराम जिब्रो चपाउन खप्पिस थियो । आफ्ना सहयोगीहरूतिर पुलुक्क हेर्दै र न्युजविकका पाना पल्टाउँदै उसले कुरो बटाऱ्यो– 'तर किन हो कुन्नि, आजकल मलाई त त्यति राम्रो लाग्दैन यो पत्रिका ।' 'हो हजुर', मूर्खरामले तत्कालै तावेदारी देखायो-' आजभोलि त न्युजविक खत्तम भएको छ, पढ्नै मन नलाग्ने भएको छ सचिवज्यू ।'

एकछिन त वातावरण नै चकमन्न भयो । मौनता तोड्दै धूर्तरामले फेरि कुरो कोट्यायो -'जे भए पनि न्युजविकलाई त्यति नराम्रो भन्न मिल्दैन । सरदरमा राम्रै छ यो पत्रिका ।' धूर्तरामको धूर्त्याइँ सुनेर तीनै जना सहयोगी मुखामुख गर्न थाले । छट्टुराम पनि हाकिम रिझाउन के कम थियो र ? बोलीमा लोली मिलाउँदै चाकडी दर्साइहाल्यो -'कहाँ न्युजविक, कहाँ अरु साप्ताहिक, तुलना नै हुन सक्तैन सचिवज्यू ।' धूर्तराम मुसुक्क मुस्कुरायो । उसका सहयोगीहरु पनि खिसिक्क हाँस्न थाले ।

*बानेश्वर, काठमाडौं*

•••

लघुकथा

# नयाँ वर्ष

• गङ्गा कर्माचार्य पौडेल

"नयाँ वर्षको दिनमा गरेको कामको पुनरावृत्ति हुन्छ अर्थात् त्यस दिनमा जे गऱ्यो वर्षभरि त्यही हुन्छ रे" कसैले भनेको झट्ट सम्झिइन् ठुलीले । त्यसपछि बिहानै उठेर पति मानबहादुरलाई भनिन् "ए बुढा ! आज नयाँ वर्षमा मीठो खाए, राम्रो लाएँ वर्षभरि मीठो खान राम्रो लाउन पाइन्छ रे । अनि सुन त कुवाको भ्यागुता भई कति यही डेरामा मात्रै बसिरहनु ? यसो अलि टाढै घुम्न जाउँ न हुन्न ?"

हुन त हुन्छ तर अहिले मसित पैसा छैन मानबहादुरले भने ।

"पैसाको तिमी धन्दै नमान न । म ऋण खोजिहाल्छु नि" बरू तिमी मासु लिन गइहाल । म घरबेटी दिदीसित पैसा सापटी माग्न जान्छु अनि मासुभात खाएर पोखरा घुम्न जाने ।"

आँखा मिच्दै मानबहादुर मासु पसल गयो र पसलेलाई भन्यो "साहुजी ! आज मासुभात खायो भने वर्षभरि खान पाइन्छ रे आधा किलो मासु दिनु न ।"

"ए ! आज उधारो मासु दिएपछि तिमीलाई वर्षभरि मैले उधारो दिनुपर्ने भयो नि हैन ? पहिले लगेको बाँकी त तिर्न सकेका छैनौ, पैसा लिएर आऊ अनि दिउँला ।

उता ठुली चारतलामाथि बसेकी घरबेटी दिदीसित भेटेर भनिन् "आज नयाँ ठाउँमा घुम्न गए वर्षभरि घुम्न पाइन्छ रे ! हामी त पोखरा जान लागेका पाँच हजार सापटी दिनु न उताबाट फर्किनासाथ दिहाल्छु ।"

ठुलीका कुरा सुनेर घरबेटी दिदीले जङ्गिदै भनिन् "त्यसो भए आज मैले तिमीलाई पैसा दिएँ भने वर्षभरि दिइरहनुपर्ने भयो हैन ? दुई महिना भइसक्यो भाडा नतिरेको उल्टै पैसा माग्ने ? वाहियात, कस्ता कस्ता मान्छे आउँछन् भाडामा बस्न पनि" भनेर ड्याम्म ढोका लगाइन् ।

•••

कविता

# शून्यता

• गीता अनुरागी

यी आँखाहरू
यो भीड छिचोल्दै
तिमीसम्म आइपुगेको दिन
साँच्चै अनौठो थियो
तिम्रो हेराइ
त्यसैमा म
नतमस्तक भएकी थिएँ
कसैसँग नझुकेकी म
कतिखेर तिमीसामु झुकिसकेकी थिएँ
त्यति बेला
मेरा यी नयनले
के खोज्थे मलाई थाहा थिएन
जतातते तिमीलाई देख्थें
आँखा बन्द हुँदा वा आँखा खोल्दा
मात्र तिमी थियौ
म नराम्रोसँग तिमीसँग टाँसिएकी थिएँ
धेरै गहिराइसम्म
म
तिमीमा हराएकी थिएँ
तिमीलाई पत्तै भएन
न यो समाज
न यो दुनियाँलाई थाहा भयो
मात्र मेरो अन्तस्करणलाई थाहा छ
तिमी मेरा के थियौ
तर आज
समय बदलिइसकेको छ
तिमीसँगको प्रत्येक पल
मैले बिर्सिसकेकी छु
तिमीसँगको निकटता
जुन दिन
मैले आफैलाई बिर्सिसकेकी थिएँ
तिम्रो भावुकता र भावनाको उचाइमा
मैले आफ्नो अस्तित्वको उचाइ
निर्माण गरेकी थिएँ
तर
ती सबै बेकार छन्
मेरा आँखामा
तिम्रो सम्झनामा
टल्किरहने
मोतीदाना
जसको मूल्य
कसैले बुझ्न सक्दैन
त्यो सबै बेकार हो
आज
तिमीलाई सबैले
पूज्दा रहेछन्
म जहाँको त्यही छु
एक पटक फर्किएर हेर
एउटा निर्जीव मूर्तिजस्तै
म एकै ठाउँमा
अचल भएर उभिरहेकी छु
आज सोच्दछु
तिमी मसँग कहाँ छौ
ढुङ्गा, माटो, आकाश, धर्ती
सबैलाई सोधें
कसैले बताउन सकेन
तिमीसँगको सम्बन्ध
गीत, गजल कथा

सबथोक लेखैं
तर त्यसमा कति पूर्णता छैन
मात्र छ
एउटा
पानी पर्न नसकेर
मडारिरहने दुःखी
बादल झैं
नीलो देखिएर पनि
खाली भएको आकाश झैं
हो त्यस्तै
जुन सम्बन्धको अर्थ छैन
हो, त्यही सत्य
अर्थहीन रिक्तताको बोध
मात्र छ
शून्यता, शून्यता, शून्यता ।

•••

कविता

## नवनेता चरितार्थ

**चेतनाथ 'हरित'**

लुट्नसम्म लुट्यौ गाउँ
अहिले सहर पस्यौ कान्छा !
गुन्द्रुक-ढिंडो बिर्सिगयौ
'व्यञ्जनपूर्ण' बन्यौ कान्छा !

कस्तो खेल राजनीति ?
हेर्दै फलिफाप लाग्ने
चप्पलमा हिँड्ने मान्छे
पजेरोमा डुल्न थाल्ने !

ल्याकत तिम्रो थाहा सबलाई
केले माथि पुग्यौ कान्छा ?
'खाना-खिलाई' नानाथरी
छिट्टै माथि चढ्यौ कान्छा !

आफ्ना मान्छे पराई ठान्ने
कस्तो चरितार्थ भयो
घृणित पेसा राजनीति
कुत्सित स्वार्थी खेल भयो ।

गरिबीका कुरा गरी
थाक्ने तिमी कैले होला ?
खेती यसकै गरी छिट्टै
भरिसक्यौ आफ्नो झोला

कुरा गर्ने नानाथरी
काम भने भत्ता लत्ता
अल्मल अल्मल सदा उही
पीडा भोग्ने सीधा जनता ?

*गुल्मी, हाल: नयाँबानेश्वर,*
*काठमाडौं ।*

•••

कविता

# मेरो अर्को साथी

• चन्द्रकला नेवार

म जन्मँदा मसितै थियो
म रूँदा मसितै रोयो
म हाँस्दा ऊ पनि हाँस्यो
म मेरो अर्को साथी थियो ।

उज्यालो थियो, अँध्यारो थियो ।
सुनसानले आफ्नो आवाज खोजिरहेथ्यो
ढुङ्गालाई खोपेर
मूर्तिकारले आकार त दियो
प्रेम र पूजाले
प्राण सञ्चार गर्न बाँकी नै थियो
अनुभव, तप्त रापभित्र थियो
त्यहाँ एक्लो शीतल ठाउँ पनि थियो
त्यहीं नै एउटा 'जीवन' थियो
उज्यालो बाटाको खोजीमा हिडिरह्यो... हिडिरह्यो
धेरै टाढा... मीठो बाँसुरीको धुन थियो ।
मेरो साथी विश्वासी छ
मेरो पीर, मेरो नीर
मेरो आशा, मेरो निराशा सधैं बोकेर हिंड्छ ।
मेरो साथ कहिल्यै छोडदिन भन्छ
मसित बाँचिरहेछ
मसितै मर्छु भन्छ
उपन्यास-
मेरो अर्थीमा फूल बनेर चढ्छु भन्छ
मेरो अर्थीमा फूल बनेर चढ्छु भन्छ ।

•••

कविता

# मान्छे आफै

• छायादत्त न्यौपाने 'बगर'

आउने जाने जिन्दगीले
समयको छाल नाघ्यो
अस्थायी यो जिन्दगीले
स्थायी हुने ढाल माग्यो

मौरीसित मीत लायो
मान्छे, मान्छे जात भयो
काम लगाई माम खोस्ने
मान्छेलाई मान्छेबाटै घात भयो ।

गरिखाने जिन्दगीले
पसिनाको मोल माग्यो
ठगिखाने जिन्दगीले
आफै ठूलो भाग तान्यो ।

कमिलाको जाँगर झिकी
खटिखाने विवेकीको हार भयो
जात-धर्म छाडी छाडी
मान्छे आफै मान्छे खाने घुमाउरो चाल भयो ।

कुरौटे यो जिन्दगीको
आवाज मात्र ठूलो भयो
सिन्को कतै भाँचिएन
भुँडी मात्र ठूलो भयो ।

जनता जाबो भन्याङ न हो
भत्ता लिन चढे भयो
गरिबी र भोकमरी गाउँतिर छाडे भयो
दुनो आफ्नो सोझिएसी सहरतिरै बसे भयो ।

•••

कविता

# मेरो पौंदी

• जमुना घिमिरे

गुल्मी बाग्लुङ समेटेको स्वर्गको एक टुक्रा
मेरो गाउँ मेरो ठाउँ बस्यो दिलभित्र
सिङ्गो माला पौंदी बन्यो फूल गाँसीगाँसी
फूलेका छन् गाउँ पाखा माहुरी पौंदीवासी ।

मेरो पौंदीजस्तो राम्रो कहीँ देखिएन
जहाँ गए पनि यस्तो कहीँ भेटिएन
सपनीमा जहिले नि मेरै गाउँमा हुन्छु
कता कता मलाइ नै बोलाए झैँ सुन्छु ।

वसन्तमा कोइलीले सँगै मलाई डाक्छ
मलाई भनी वर्षै पिच्छे कापल गेडी पाक्छ
रून्छ अरे न्याउली सधैं मलाई नदेखेर
मेरै लागि गुराँस फुल्छ, जान्छ ओइलिएर ।

म पनि त न्याउली झैं रून्छु घरी-घरी
घुमिरहन्छ मेरो गाउँ आखाँ वरिपरि
कहिले होला तिम्रो अनि मेरो भेट हुने
तिम्रै काखमा हाँसी-हाँसी मन रमाउने ।

मेरो गाउँमा जीवजन्तु छन् नी भाँती-भाँती
मलाई नै खोज्दै होलान् कालिजका ताँती
माछाले नि पानीमाथि आई हेर्छ होला
दुम्सी अनि लोखर्केको मन कति रोला ।

सुस्साउँदै गीत गाउँदै बग्छिन् रूद्रावती
वारि डाँडा छत्रथान पारि थानापति
घुम्टे कैलाश शिर उठाई उतै हेरेको छ
आज-भोलि मेरो गाउँले मुहार फेरेको छ ।

झिलिमिली भाछ अरे मेरो गाउँ अहिले
अँध्यारोमा टुकी लाल्टिन बाल्नुपर्थ्यो पहिले
हिँड्थ्यौं हामी घण्टौंसम्म खुट्टा खियाएर
अहिले मोटर गुड्छन् अरे हर्न बजाएर ।

विकासको मूल फुट्न थाल्यो अरे गाउँमा
स्कुल कलेज अस्पताल बन्दै छन् ठाउँ ठाउँमा
लोडसेडिङको नामै सुन्न पर्दैन रे कहिले
बसाई सराई गर्ने थिइन थाहा पा भए पहिल्यै ।

हराभरा प्रकृतिकी रैछौ तिमी खानी
वनजङ्गल चिसो हावा अनि चिसो पानी
छङछङ गर्ने झरनाले गीत गाए जस्तै
लाग्छ मलाई मेरो ठाँउ स्वर्ग पाए जस्तै ।

मैले जस्तै गाउँ छोड्ने पौंदी वासीहरू
एक्लै बसी न्याउली झैं नरोऊ धुरूधुरू
बसिहाल समूहमा सदस्यता लेऊ
बलियो भै दुःख पिर सबै पन्छाई देऊ ।

कोही भएन आफ्नो भनी निराश भा'को बेला
भेट भयौं पौंदी वासी हुन थाल्यौं भेला
भरतपुर र गैंडाकोटका पौंदेली समाज
गठन गरिसक्यौं हामी पौंदेली समाज ।

उद्देश्य हो मुख्य यहाँ सङ्गठित हुने
ठाउँ हाम्रो यही बन्छ हाँस्ने अनि रूने
जिउँदाको जन्ती हामी मर्दा मलामी छौं
यज्ञ पूजा व्रतबन्ध हामी उम्काउँछौं ।

•••

कविता

# भाले मात्र बास्नुपर्छ

• डा. देवकी देवी तिम्सिना

पोथी बास्न थाले भने
अनौठो अनौठो लाग्न सक्छ
धुरीमा चढी कराए भने
गाउँ बस्तीमा हल्ला हुन्छ
त्यसैले सिउर हल्लाउँदै
घाँटी तन्काउँदै बास्ने अधिकार
भालेको छ भाले मात्र बास्नुपर्छ ।

आक्रोशित हुने अधिकार
केवल भालेले पाउनुपर्छ
पोथीले त आफ्ना सन्तान
हुर्काउँदै बाँच्नुपर्छ
कक् कक् चारो खोज्दै
सन्तानको पेट भर्नुपर्छ
बास्ने____

कहिले रुँदै कहिले हाँस्तै
पोथीले त जिउनुपर्छ
माथि चिल उडेको छ
सधैँ त्रसित बन्नुपर्छ
मरिमेटी अरूकै लागि
उसले अण्डा पार्नुपर्छ
बास्ने____

आक्रोश हतियार होइन पोथीको
मुस्कानको जिउनुपर्छ
उज्यालो मुख सधैँभरि
खुनका आँसु पिउनुपर्छ
दायित्वशील भावनाले
ओथारामा बस्नुपर्छ
बास्ने____
दासत्वको साङ्गलोभित्र
चुप्प लागी बस्नुपर्छ
कर् कर् कर् गर्दै उसले
हजूर हजूर रट्नुपर्छ
स्वतन्त्रताको सङ्ग्राममा
सधै सहिद बन्नुपर्छ
बास्ने____

विश्वमाथि विजय गर्ने
भाले बास्दा हाँस्नुपर्छ
शान्त शिष्ट व्यवहारले
आफ्ना इच्छा मार्नुपर्छ
पारम्परिक प्रभूतामा
सधैँ उसले जिउनुपर्छ
बास्ने____

पृथ्वीको रहस्यलाई
पोथीले उद्घाटन गर्नुहुँदैन
आफ्नो सम्पत्तिको मालिक पनि
उसले कहिले बन्नुहुँदैन
व्यक्तित्वको विकास गर्न
उसले कहिले तम्सनुहुँदैन
आफू सीमित भालेलाई
असीमित ठान्नुपर्छ
बास्ने____

सुसज्जित आभूषणले
सधैँ अलङ्कृत बन्नुपर्छ
ओरिपरि भाले पुग्दा
बास्नाको महक छर्नुपर्छ
पँखेटाहरु फिजाउँदै
झर्नाको लहर बन्नुपर्छ
आफ्नो ढल्दो रूपलाई पनि

आकर्षणीय पार्नुपर्छ
ओरिपरि भाले घुम्दा
बास्नाको महक छर्नुपर्छ
बास्ने—

बहुमूल्य शक्तिलाई आफ्नो
पोथीले क्षीण सोच्नुपर्छ
मातृत्वको भार वहन गर्दै
आकर्षण गुमाउनुपर्छ
गर्भधारण कर्तव्य हो
सधैं पालन गर्नुपर्छ
बोटबिरुवा जस्तै उसले
ओइलाएर ढल्नुपर्छ
बास्ने— ।

*आसाम (भारत)*

•••

कविता

## मेरो स्वप्न गङ्गा फर्काऊ

• डा. मृदुला शर्मा

म जहिले पनि यस घाटमा उभिन्छु
मलाई हजुरआमाको सम्झना आउँछ
मेरा लागि यो नदी होइन आमा हो
मेरा थाकेका पाइतालालाई यसले मुसार्छ
चरचरी चिरिएको कुर्कुच्चालाई शीतलता प्रदान गर्छ
मेरी हजुरआमाले यसको जललाई अमृत भनी
भावी सन्ततिका लागि सँगालेकी छन्
उनको इच्छा आर्यघाटमा देहत्यागको छ ।
उसको इच्छालाई कसरी पुऱ्याऊँ ?
कसरी भनूँ मैले उनीलाई ?
आमा ! हजुरको स्वप्नगङ्गा अब छैन
यो अब जीवनदायिनी, कालप्रवाहिनी, मुक्तिदायिनी होइन
विषाक्त जलको खानी छ
फोहर बगाउने ढुकुचा छ
आमाले चिच्चाएर भनिन्
कसले गङ्गालाई विष बनायो ?
कसले यसमा फोहर बगायो ?
कसले यसको मूल सुखायो ?
मेरो स्वप्नगङ्गा फर्काऊ
बागमतीलाई स्वच्छ बनाऊ ।

कविता

# मनका साँघुरा बाटा

• ठाकुर शर्मा भण्डारी

मनका साँघुरा बाटा पछ्याउँदै छ के गरी
कसरी घर फर्किन्छ हेर्न बाँकी छ यो घरी । १ ।

अरूले बास दिंदैमा सधैं त्यो बस्न सक्छ र !
कुनैको दिन अत्यास हुन्न के भन्न सक्छ र ! । २ ।

चौरासी व्यञ्जनै पाई, साजशय्या बडप्पन
सुहाउन्न र पच्दैन दिएको सजिलो धन । ३ ।

पसिनामा छ आनन्द स्वतन्त्ररूप व्यञ्जन
कति मीठो छ पाइन्छ मनमाफिक रञ्जन । ४ ।

सबैको धारणा निम्न कति बेर छ सोच्दछु
स्वार्थकै खेलमा डुब्छन् मान्छे कहाँ म खोज्दछु । ५ ।

प्रत्येक रूप सौन्दर्य आफैमा हुन्छ निर्भर
कसरी जिन्दगी चल्ने प्रकृतिभित्र आखिर । ६ ।

*धुम्बाराही, काठमाडौं ।*

•••

लघुकथा

# हाकिम बनेको छोरो

• देवेन्द्रप्रसाद उप्रेती

'आफ्नो ज्यानको राम्रोसँग ख्याल गरे है बाबु !' भन्दै आमा फूलमतीले आँखाबाट ढिक्का आँसु खसाली छोरालाई बिदा गरिन् ।

छोरो राजकुमारले भन्यो –"त्यो ढुङ्ग्री र मङ्गलसूत्र बेचेको पैसाले त मलाई पुग्दैन जस्तो छ । तपाईंको तिलहरी पनि लगेर काठमाडौँमा बेच्न पाए त अलिकति पैसा जम्मा हुन्थ्यो कि ?"

आमाले पोतेसहितको तिलहरी हातमा राखिदिइन् । पछाडि नफर्की उ बाटो लाग्यो ।

बीच बाटोमा अनिश्चितकालीन यातायात बन्दले घरतिर फर्कनु कि काठमाडौँ जानु भन्ने दुविधा उत्पन्न नभएको पनि होइन ।

घरबाट हिँडेको चार दिनमा बल्ल उसले काठमाडौँमा पाइला टेक्यो आइ.ए. सम्म पास गरेको केटो सामान्य काम गरेर पढ्न थाल्यो ।

राजकुमारले आमा बिरामी हुनुहुन्छ भन्ने खबर त पाएको थियो । उसले घरमा फोनसम्म पनि गरेन ।

आज बिहानै उसलाई फोन आयो –"आमा सिकिस्त बिरामी हुनुहुन्छ कुन अस्पतालमा लाने हो, हामी कलङ्कीमा छौँ ।"

राजकुमारले उत्तर दियो –"पाटन अस्पतालमा ल्याँदै गर्नू, म त्यहीँ आउँछु ।"

डाक्टरले राजकुमारलाई भन्यो –"रोग निकै छिप्पिएको छ । पन्ध्र हजार धरौटी राख्नुपर्छ । तपाईं बिरामीको को हुनुहुन्छ ?"

राजकुमारले भन्यो –"यी आमै त मेरै छिमेकी हुन् । मसँग त्यत्रो पैसा त छैन नि ।"

'त्यसो भए सामान्य उपचार गरेर घर पठाइदिन्छु ।' डाक्टरले भन्यो । राजकुमार 'हुन्छ' भन्ने स्वीकृतियुक्त टाउको हल्लाउँदै थियो । त्यसै बेला राजकुमारलाई 'हाकिम साहब नमस्कार !' भन्दै फाइल बोकी कार्यालय सहायक टुप्लुक्क अस्पतालमा आइपुग्यो ।

फूलमतीको एकछिन होस खुल्दा 'छोरा राज, तिमी सन्चै त छौ' मात्र भनेकी थिइन्, डाक्टर त आश्चर्य मान्दै राजकुमारको अनुहार टुलुटुलु नियाल्दै थियो ।

•••

कविता

# शिला र बुद्ध

• दीपा चौलागाई 'पूर्णता'

पुज्दछन् सारा देउता भनी, भाव राखी त्यो शिलामा
म त भन्छु हृदयको, बाँसुरी बस्छ दिलमा
ढुङ्गा ढुङ्गामा देउता खोज्नेहरू हो !
त्यो ढुङ्गामा तोडेर त हेर
त्यहाँ देउता भेट्थ्यौ भने
भ्रम तिम्रो तोडी दिन्थैं
ईश त दिलमा बस्छन्
सत्कर्ममा उनी रम्छन्
सत्धर्ममा उनी जाग्छन्
ढुङ्गा त केवल सङ्केत मात्र न हो
केवल आस्था मात्र न हो
द्रव्य चढाउँदैमा देउता मिल्ने भए
असङ्ख्य द्रव्य चढाउँदा हुन्
सायद धनाढ्यहरू
दुःखी दरिद्रीलाई सहयोग गर्दा
भगवान् भेटिँदैन भन्छन् भने
भ्रममा छन् सायद धनवान्हरू
म त ईश देख्छु दरिद्रतामा
म त ईश भेट्छु एकान्तमा
ईश्वरको खटन न हो
कता पुऱ्याउँछ कता
यदि ढुङ्गामा देउता हुन्थे भने
ढुङ्गै समातेर बस्थे होलान् बुद्ध
दरबार त्यागेर किन हिँड्दा हुन् ?
मानव कल्याण हेतु अग्रसर हुने नै थिएनन्
सत्ज्ञानको चर्चा गर्ने नै थिएनन्
बोधिसत्वको बोध खोल्ने नै थिएनन्
ढुङ्गामै देवता पाउँथे बुद्ध
ढुङ्गामै लिन हुन्थे बुद्ध ।

*बुद्धनगर, काठमाडौं*

•••

कविता

# जूनेली साँझ

• नम्रता उपाध्याय

आधा रातको जूनेली साँझमा
चम्किला ताराहरू आकाश मण्डलमा
चिटिक्क परेकी परीलाई देख्छु
सपनाकी रानी उसैलाई ठान्छु

मनका चाहनाहरू सम्भिन थाल्छु
म पनि उनीसँग उड्न चाहन्छु
ती परीलाई अँगाल्न खोज्छु
सपनाकी रानी उसैलाई ठान्छु

परीलाई आँखामा राखी चिम्लन्छु
अहँ, बिझ्दैनन् कतै कुनै पनि कुनामा
मनको चोखो अन्तर आत्माबाट
सपनाकी रानी उसैलाई ठान्छु

परबाट कसैले आवाज दिन्छ
झसङ्ग हुन्छु सपनाबाट ब्युँझन्छु
फेरि उही कोलाहलहरूमा
कर्तव्य र अस्तित्वको खोजीमा हुन्छु ।

•••

कविता

# दुइटा बगैँचा

• नौना नेपाल ढकाल

बगैँचामा हरियाली छ
चार दिवारी
काढे तारले घेरिएको छ
यहाँ फूल फुल्छ
बास्ना बगैचाभित्र सिमित हुन्छ
यहाँ रूखले हाँगा हाल्छ
लम्बाइ चार दिवारीमा ठोक्किन्छ
अनि खुम्चिन्छ
चरीले चिरबिर चिरबिर गर्छ
तर आवाज जङ्गलभित्रमात्र सीमित हुन्छ
आर्को बगैचा खुल्ला छ
तारबार छैन
फूलहरू निर्धक्क फुल्छन्
बास्नाहरू पर परसम्म पुग्छन्
रूखका हागाहरू
खुला आकाशमा फैलिन्छन्
चाहे जत्ति तन्किन्छन्
यहाँका चराका चिरबिर
जो कोहीले पनि सुन्न सक्छ ।

कविता

# नयाँ नेपाल

• परशुराम 'पराशर'

देखौँला हँसिला हिमाल छहरा सङ्गीत आनन्दका
लेखौँला कविता सबै रस भरी भाका नयाँ छन्दका
डुब्लान् पाठक भित्रभित्र रसमा संसार बिर्सिकन
होला सार्थक लेखनीजगतमा बुझ्ला सबैको मन ।

कुर्लन्नन् अब तोप, बन्दुक, खुँडा, भाला र खुर्पा, छुरी
हुन्नन् उच्च र नीच मानवहरू हुन्नन् कुनै चाकरी
बग्ने छैन कुनै वनस्पति यहाँ बाढी र पैह्रो परी
हावा स्वच्छ बहन्छ मन्दगतिमा चल्दैन है हुन्डरी ।

टिक्नेछैन कुनै अशान्त मतिले हुन्छन् सबै सज्जन
आफ्नो धाक-रवाफ चल्न नसकी भाग्नेछ है दुर्जन
बाँझो हुन्न कतै विशाल धरती पीयूष दिन्छिन् उनी
आफ्नो कर्म किसान खन्छ दिलले फल्नेछ सञ्जीवनी ।

लाग्छन् देशनिमित्त स्वार्थ नभनी नेता कुरौटे गण
आफ्नो स्वार्थ भुलेर राष्ट्र हितमा उठ्लान् सधैं सज्जन
त्यस्तो सङ्कटको कुनै दिन थियो सम्झन्न कोही पनि
बिर्सेलान् सबले भुलेर सुखमा त्यो कालको जीवनी ।

तेरो यो यति हो र भोग यति हो तोकिन्न सीमा कुनै
यो सङ्कीर्ण कुभावना मनुजको हट्नेछ सारा भनै
टुक्रा बन्नुहुँदैन, देश सबको आधार हो, राष्ट्र हो
भन्ने भाव रहन्छ भित्र मनमा मान्छे सबैको, अहो !

•••

गीत

# पर्खिबसेँ

• पवन आलोक

सपनीमा आउँछु भनी गएकीथ्यौ बिहानीमा,
पर्खिबसेँ रातभरि व्यर्थ आँसु सिरानीमा

भाले बास्यो, मिर्मिरे भो अझै मन मान्दैन यो
कस्तो रोग लायौ मलाई निदरी नै टाढा भयो

जिन्दगीभर साथ दिने झुटो कसम खानु किन
पराई नि हुनु रैछ माया प्रीति लाउनु किन

दिनरात हृदयमा बसेको छ उस्कै छायाँ
बिर्सूं भन्छु सकिएन निठुरीको झुठो माया ।

*लण्डन, बेलाइत*

कविता

# एक्लो ठान्थेँ

• प्रीति कौर

एक्लो ठान्थेँ, दिलमा बास दियौ तिम्ले
लास बन्न नपाउँदै आस दियौ तिम्ले
एक्लो ठान्थेँ, दिलमा बास दियौ तिम्ले

टेकिदियौ काँडाहरु फूल फुलाएर
परिगयौ क्षितिजमा जून देखाएर
भोक प्यास लुकाएर गाँस दियौ तिम्ले
एक्लो ठान्थेँ, दिलमा बास दियौ तिम्ले

सधैंसधैं हाँसिदियौ परेली भिजाएर
खुसीले नाचिदियौ मुटु सिलाएर
पीडा बिसाउन काँध दियौ तिम्ले
एक्लो ठान्थेँ, दिलमा बास दियौ तिम्ले ।

*बुद्धनगर, काठमाडौं*

कथा

# बन्द र खुला, कुन रोज्ने ?

• प्रकाशमणि दहाल

"दिनैपिच्छे घिउभात खान पाए पनि अर्काको बन्धनमा परेको मान्छे खुसी हुन सक्तैन, जसरी पिँजरामा परेको सुगा खुसी हुँदैन ।"

बाहिर केटाकेटी कराएपछि मेरो पढाइ टक्कै रोकियो ।

"भँगेरो ! भँगेरो ! भँगेरो खस्यो !"

दुई कक्षामा पढ्ने मेरी बहिनी शोभा आत्तिएर कराउँदै थिई । पल्लाघर सुब्बा अङ्कलकी छोरी तीन कक्षाकी कमला र अरु पनि दुई-तीनवटी केटीहरु अचानक जोडजोडले कराइरहेका थिए ।

भोलि सात र आठ कक्षाको वादविवाद थियो । सात कक्षाबाट बोल्नेमा म पनि थिएँ । वादविवादको विषय थियो 'स्वतन्त्रता' । हामीले पक्षमा बोल्नुपर्ने थियो । त्यही भएर म त्यसका बुँदाहरु पढ्दै थिएँ तर त्यो हल्ला भएपछि म झ्यालमा गएँ ।

"ऊः ऊः उड्नै सक्तैन । फुत्रुकफुत्रुक गर्दै छ ।" त्यति भनिसक्ता शोभाले त्यसलाई हातमा उठाइसकेकी थिई । भँगेरो भने भाग्नै खोजिरहेको थियो ।

"त्यसको पखेटा भाँच्चिएको होला ।" कमला शोभासँगै टाँस्सिन आइपुगी ।

"होइन ! खुट्टामा चोट लागेको रहेछ । यी हेर त !"

"केटाहरूले ढुङ्गाले हानेको होला ।" कमलाले अनुमान लगाई ।

"खोइ हेरौं ?" आँधीजस्तै कुदेर आयो राजु, मेरो भाइ । "शोभे, खोइ यहाँ ले !"

उसले आदेश दियो । तीन कक्षामा पढ्ने राजु जे पनि उसले भनेको हुनैपर्छ भन्ने ठान्छ । उसको त्यस्तै जिताहा बानी छ । उसले शोभाका कुममा समातेर तानिहाल्यो ।

"न-न्नतान्नू न," शोभा एकदमै अत्तालिएर कराई, "उल्लाई दुख्दैन कि क्या हो ?" उसले भँगेरो बोकेको हात पछाडितिर लगी । राजुले त्यतै हात लम्कायो ।

"त्यल्लाई के दुख्छ ? यहाँ ले !" शोभाले हात जता लान्छे त्यतै कुदै राजुले हप्कायो ।

"त्यल्लाई दुखेर के हुन्छ त ?" राजुका पछिपछि कुदै वीरेले थप्यो । "हिहि, हामी त्यसलाई पोलेर खाने हकि ?"

वीरेचाहिँ हाम्रोमा काम गर्ने आन्टीको छोरो हो । ऊ पनि राजुसँगै तीन कक्षामा पढ्छ अनि राजुको पुच्छर जत्तिकै छ ।

खोस्ने र खोस्न नदिने केटाकेटीको खूब कुदाकुद र हल्ला भयो । यसो गर्दागर्दै राजुले उफ्रेर शोभाको हात झट्कार्‍यो । उसका हातबाट भँगेरो उछिट्टिएर फुत्रुक्क धूपीका पोथ्रामा झर्‍यो । त्यसलाई पक्डिन केटाकेटीको दौडादौड भयो । भँगेरो झन् भित्र पस्यो । अन्त्यमा कमलाले समाती तर राजु खोस्न आइहाल्यो ।

"पोलेर खाने ! पोलेर खाने !" वीरेचाहिँ बुरुक्कबुरुक्क उफ्रिँदै कराउन थाल्यो ।

"खान्छस् पोलेर ! खूब कति न हुन्छ त्यसको मासु !" मलाई देखेर केटाकेटी चुप्प लागे । कमलाका हातबाट भँगेरो मैले लिएँ ।

"सरुदि, हामी यसलाई पाल्ने ल ?" कमला बोली । "हाम्रामा एउटा पिँजडा छ । त्यसैमा हालेर राख्ने ।"

त्यसका एउटा खुट्टामा र एउटा पखेटामा चोट लागेको रहेछ । ढुङ्गाले लागेको हुनुपर्थ्यो ।

"यसको घाउमा औषधि लगाएर आज पिँजरामा राख्ने अनि भोलि उड्न सक्ने भएपछि छोड्दिने । त्यसका निम्ति सप्पैले मिलेर काम गर्ने, है । जा वीरे, तँ भान्छाबाट एक बटुको पानी ले । राजु भाइ, तँचाहिँ माथि कोठाबाट फस्ट एड कीट ले अनि कमला र शोभा गएर आन्टीसँग पिँजरा मागेर ल्याओ ।"

"ल राजु र वीरे, तिमीहरूलाई थ्याङ्क्स । अब तिमीहरू खेल्न गए पनि हुन्छ । चाहियो भने बोलाउँला ।"

"पहिला यसको घाउ धुनुपर्छ । शोभा, त्यो बेटाडिनको बिर्को खोलेर अलिकति यहाँ हाल् त । अब पानी हाल् ।" हात धोइसकेपछि मैले फेरि भनें, "शोभा, अलिकति रूवा निकाल् त । हो, अब यहाँ (रूइमा) अलिकति बेटाडिन हाल् । ल भयो । कमला, यसको पखेटा तन्काऊ त । सारो नतान है । ल भयो । एक छिन त्यत्तिकै तानिराख ।"

"राजु दादाले भए त अगि नै मारिसक्नुहुन्थ्यो होला, हगि कमला ?"

"अस्ति नै पनि एउटा ठिकठिकेलाई कस्तरी टुक्राटुक्रा पारेर मारेका थिए त राजु र वीरेले !" कमलाले थपी ।

"ल छोड्देऊ । अब यो खुट्टा तन्काऊ । हो हो, भयो, त्यत्ति ।"

"सरुदि, त्यसको खुट्टा भाँच्चिएको छ कि ?" शोभाले भनी ।

"छैन । भाँच्चिएपछि त लुत्रुङ्ङ परिहाल्छ नि । ढुङ्गाले लागेर त्यसलाई दुखेको छ । यत्रो घाउ हुन्जेल कति जोडले लाग्यो होला !" बौल्दाबोल्दै मैले खुट्टा पनि धोइसकें ।

भँगेरो चिँचिँ गर्दै भाग्न खोजिरहेकै थियो ।

"त्यसको खुट्टा फुलेको पनि छ, है सरूदि ? हेर्नू त, अर्कोभन्दा कत्रो फुलेको छ ।"

"बदमासहरु । केटाहरूलाई किन यस्तो बदमास हुनुपरेको होला ?"

शोभा बूढी मान्छेजस्तै बोलेको सुनेर मलाई हाँसउठेको थियो तर रोकेर मैले भनेँ, "केटाहरु भनेको त्यस्तै हो । अस्ति तँलाई झम्टिने भुसिया कुकुरलाई राजु र वीरेले नै ढुङ्गैढुङ्गाले हानेर भगाएको होइन ? अँ, अब कीटबाट नेओस्पोरिन निकाल् ।"

मैले भँगेराको घाउमा नेओस्पोरिन दलेर त्यसलाई पिंजरामा हालिदिएँ ।

"शोभा, एउटा सानो प्लेटमा अलिकति फुको भात र यो बट्टुकामा अर्को पानी ले ।"

त्यो पनि मैले पिंजराभित्र राखिदिएँ र पिंजरालाई मेरो टेबलकै छेउमा राखिदिएँ । अनि हामी आ-आफ्नो कामा लाग्यौँ । उसले भात खाएको थिएन । तर सुत्नुभन्दा पहिले शोभे कराई, "दिज्यू, यसले भात खाँदै छ !"

भोलि बिहान ऊ पिंजराभरि उडिरहेको थियो । शोभा र कमला एकसाथ कराए, "यसको घाउ निको भएछ !"

मैले हेरेँ, साँच्चै घाउमा खाटा बसेको थियो र फुलेको पनि बसिसकेको थियो । शोभा र कमला फेरि कराए, "दिज्यू यसलाई पाल्ने, नाइँ के, पाल्ने ।"

"ठीक छ यसलाई पाल्ने तर तिमीहरूलाई पनि त्यो कोठामा बन्द गरिदिने । त्यहीँ खानेकुरा ल्याइदिउँला । आजदेखि स्कुल सिस्कुल बन्द । हुन्छ ?"

केटीहरु जिल्ल परे । मैले थपेँ, "बन्द कि खुला कुन रोज्छौ ?"

"खुलै जाती दिज्यू । यसलाई पनि छोड्दिस्योस् ।" खिसिक्क पर्दै रातो मुख पारेर कमलाले भनी ।

शोभा कराई, "म-म्म छोड्दिन्छु ।" भँगेरालाई हातमा लिएर उसले त्यसलाई यताउता हेरी, गालामा टँसाई अनि 'जा !' भनेर हुत्याइदिई । चिचिकुची गर्दै ऊ बेगिएर झ्यालबाट निस्कियो । उनीहरु उस्तै बेगसँग झ्यालमा आए, "ऊः ऊः गयो, त्यो त दानाको बोट पनि काटेर गयो !" उनीहरु बाहिरतिर कुदे । मचाहिँ भरे हुने वादविवादकै बारेमा सोच्न थालेँ ।

*prakashmanidahal@gmail.com,*

•••

कविता

# मैले हारेको छैन

• प्रदीपरत्न शाक्य

जहाँ गिरायौ
त्यहींबाट विगुल फुक्दै छु
मैले हारेको छैन
म त योद्धा पो हुँ
झन् जीतको सङ्घार पुग्दै छु ।

उक्लिँदै छु
तिम्रो विजय लौरो बनाउँदै
पाइलामा अब काँडा बिझ्ने छैन
डोबहरु तिम्रा बाटो बनाई सके
आँसु अब झर्ने छैन
हो विष नशा बनाउँदै छु ।

खुट्किलाको फेदमा छु
सपना तिम्रो हाँसोमा गुञ्जदै छ
नजर झुक्ने छैन अब
जाँगर तिम्रै साहससँग टक्करिँदै छ
अचानो म बन्नेछैन
वेदना धार बनाउँदै छु ।
मैले हारेको छैन
म त योद्धा पो हुँ
झन् जीतको सङ्घारमा पुग्दै छु ।

अन्धकारले प्रकाश मेटिँदैन
घामले गङ्गा सुकिँदैन
खोलाको सत्यमा बग्दै छु
धारले सतह छोड्दैन ।

जहाँ गिरायौ
त्यहींबाट विगुल फुक्दै छु
मैले हारेको छैन
म त योद्धा पो हुँ
झन् जीतको सङ्घार पुग्दै छु ।

•••

लघुकथा

# अप्रत्याशित

• प्रभा बराल

सर्ट पाइन्ट र कालो जुत्तामा सजिएकी एक युवती सरासर मेरो नजिक आई र मधुर मुस्कान छर्दै भनी म्याम नमस्कार !

नमस्कार, ओहो निर्मला तिमी ... कहाँ छौ अचेल ? के गदै छौ तिमी ...?

बैंकमा जागिर खान्छौ कि ...? मैले सोधेँ ।

होइन, म्याम म पनि हजुरको जस्तै शिक्षण पेसामा लागेकी छु ।

ए हो र ...?

आजभोलि स्कुलमा पनि यस्तो पोशाक राखेछ ? मैले उसको लवाइलाई सरसरती नियालेँ । निकै प्रसन्न मुद्रामा मसँग खुलिरहेकी थिई ऊ ।

अनि कस्तो लागिरहेछ त शिक्षण पेसा ? म्याम ! मैले त धेरै आनन्द लिइरहेकी छु यसमा । विद्यार्थी पनि मेरो कक्षा भनेपछि हुरूक्कै हुन्छन् । कहिले नाच्दै, कहिले गाउँदै कहिले हाँस्दै उनीहरूसँग प्रस्तुत हुन्छु । उनीहरू त दङ्ग पर्छन् म्याम !

ए हो र निकै रत्तिएछौ त पढाउने काममा ...ल अझ राम्रो गर्दै जानू ... ।

यति भन्दै म आफ्नो काममा बाटो लागेँ र निर्मलाको अतीततर्फ घोत्लिन थालेँ । निर्मला पढ्नमा अत्यन्त कमजोर थिई, प्रत्येक परीक्षामा पाँच, छवटा विषय लाग्दथ्यो । खेलकुदमा कसैले जित्न नसक्ने निर्मलालाई पढ्न भनेपछि दाँतबाट पसिना आउथ्यो । गृहकार्य कहिल्यै गर्दिनथी । हरेक विषय शिक्षक उसको व्यवहार देखेर आजित भएका थिए ।

बल्ल बल्ल अनेक उपायले ऊ एस.एल.सी.मा तृतीय श्रेणीमा पास भएकी थिई र अचानक यो अवस्थामा उसलाई भेट्दा म अचम्मित भएकी थिएँ ।

पढाइमा अत्यन्त कमजोर विद्यार्थी भविष्यमा राम्रो बन्न सक्छ भन्ने कुरा त सुनेकी थिएँ । आज निर्मलाको कुरा सुन्दा मलाई सही लाग्यो । वास्तवमा आफू विद्यार्थी हुँदाका कमजोरीहरू महसुस गर्दै शिक्षण गर्न सक्ने हो भने एउटा कमजोर विद्यार्थी पनि भविष्यमा असल शिक्षक बन्ने रहेछ भन्ने कुरामा मलाई पनि शङ्का रहेन ।

*वनस्थली, काठमाडौं ।*

•••

कविता

# म भुसुक्कप्रसाद

• प्रेम ओली

मासु लिन भनी गएको मान्छे
लख्रर लखर नलिईकन
ढिला गर्दै घरमा आ'को छु
भोक लागेर
के पकायौ बूढी भन्दा
कडै झटारो पा'को छु
आफ्नै चिया भनेर
कति पटक
अर्काको चिया खा'को छु
यो बिर्सिने वाणीको
के कुरा गर्नु हजुर
म त यो जवानीमै
भुसुक्कप्रसाद भा'को छु ।

मिटिङ्मा भनेर हिंडेको मान्छे
डेटिङ्मा पुग्या छु
मट्टीतेल किन्न हिंडेको मान्छे
भट्टीतेल किन्न गा'को छु
खै कसरी हरायो हजुर स्मरण शक्ति
म सान्है भुसुक्कप्रसाद भा'को छु ।

कति पटक घरकी भनी
परकीलाई बोला'छु
के गर्न भनी हिंडेको मान्छे
बाटोमा नै टोला'छु
पुराना कागत भनी कति पटक
कविता नै जला'छु
म भुसुक्कप्रसादको
के कुरा गर्नु हजुर
एक पटक
भटभटेसाइकल ठानी
छोराको साइकल चला'छु ।

कहिले टुथपेस्ट भनेर ब्रसमा
सेबिङ्ग क्रिम हाल्या छु
कति पटक त कागज भनेर
हरियि नोटै फाल्या छु
कहिले दाह्री भनेर जुगाँ काट्या छु
कहिले जुगाँ भनेर ओठै काट्या छु
म भुसुक्कप्रसादको के कुरा गर्नै हजुर
हरलिक्स भनेर कयौं पटक
बेकिंग पाउडर पो चाट्या छु ।

कहिले औषधि खान बिर्स्या छु
कहिले कार्यालय जाँदा
मोबाइल लान बिर्स्या छु
कहिले निम्तो भुलेर
भोजमै जान बिर्स्या छु
कहिले खाना खाएँ भनेर
भोक भोकै बस्या छु
कहिले खाएर पनि
फेरि खान भान्सामा पस्या छु
कति पटक कपाल कटाउन जाँदा
सेलुन भनेर
ब्युटी पार्लरमा पस्या छु
सबै कुरा खोल्न लाजै लाग्छ हजुर
म भुसुक्कप्रसाद कति पटक
यसरी कहाँ कहाँ फस्या छु ।

•••

कविता

# आगो र पानी

• भुवनहरि सिग्देल

मागे दुनियाँले पानी जब पानी
हेर्दै अवनीमा आगोसँग पानी
खोस्रे पृथिवीको गर्भै तल पानी
रोके सरिताको बग्ने पथ छानी

ताता दुनियाँले तातै रवि हेरी
खोज्नै किन पर्ने ठण्डा जल फेरि
वर्षा ऋतु सुन्थ्यो तिर्खा जननाद
पोल्ने रविलाई गर्दै प्रतिपाद

पानीसँग गर्मी भाग्थ्यो हरुवाझैं
निर्धो बलियोमा पानीमरुवा झै
वर्षा ऋतु लाग्यो साथी जल बर्स्यो
पानीसँग आगो मान्थ्यौं अब तर्स्यो

आगो अवनी हो धर्ती जननी हुन्
फुल्ने वन पाखा हाम्रा सपनी हुन्
आगोसँग कैले फुल्लान् वनफूल
हाम्रा जरुवाका सुक्छन् सब मूल

आगो कवितामा ध्वाँसो बनिदिन्छ
भाषा लय छाडी तातो भइदिन्छ
धर्ती रस माग्छिन् उल्का खसिदिन्छ
हामी लिपि कोर्छौं तातो ध्वनि बन्छ

पानी करुणा हो मीठो मृदु माया
पानी कवितामा ऊर्जामय छाया
खोजी गर पानी आगोसँग लड्न
खोस्रौं जरुवामा बाँची अघि बढ्न

आगो व्यसनीले जल्ने पनलाई
आस्था नबनाऊँ पानी छर भाइ
सुक्खा पहरामा आगो नफुलाऊँ
पानी अँजुली द्यौ माटो म फुलाऊँ ।

*(छन्दः मणिमाला)*

•••

कविता

# म अपाङ्ग भएको छु

• भैरव कार्की

म अपाङ्ग भएर रोइरहनु परेको छ
म पीडा नै पीडाले छटपटाइरहेको छु

मेरो जीवन आँधीहुरीले उडाएको छ
म एक्लो र अपाङ्ग भएको छु

म पिँजडाको चरीजस्तै भएको छु
समाजका विभेद सहदै बाँचिरहेको छु

मलाई अपाङ्ग भनेर सताउनेहरू
मेरो मन दुखिरहेको छ

देखाउटी रूपमा हाँसी रहेछु
म आज जीवनमा आसमा डुबाई
मुटुमाथि ढुङ्गा राखी बाँचिरहेछु
साङ्गा तिमीहरु खरायोको चालमा छौ
म अपाङ्ग छु कछुवाको चालमा छु
म मेहनती छु, त्यसको साथमा दिन बिताउँछु
म केही बन्छु म पनि अरूसरह काम गर्नेछु
जित मेरो नै हुन्छ
म अपाङ्ग भए पनि राम्रो काम गर्नेछु ।

तातोपानी ६, जर्मी

•••

कविता

# दुई केस्रा

• मिलन समीर

१. स्वभाव

प्रदेशले कठिनतम परिश्रम गरायो
काम गर्ने लाज मान्ने बानी थ्यो हरायो
घरमा ढल्या सिन्को नउठाउने मान्छे
खाडीमा दिनहुँ भेँडा उँट चरायो
उतै बसुन्जेल कामकाजी गरायो
फर्केर स्वदेशमा केही गर्नै डरायो ।

२. स्मृति

मेरो सामु कोही अपरिचित आयो
मुटुभित्र ठूलै हलचल गरायो
धेरै कुरा गर्नुछ भन्दैथ्यो भेट हुँदा
एकै वचन मसँग बोल्न नि डरायो
बिजुली चम्के झैं चम्किएर आयो
खै कता गएछ ? एकाएक हरायो ।

*तीनदोबाटे-७, करादीखोला, स्याङ्जा*
*हाल: त्रिभुवन विश्वविद्यालय, काठमाडौं*

•••

कविता

# अँध्यारो बाटो

• मुरारि सिग्देल

यो मस्तारामहरूको देश
यो कुम्भकर्णहरूको देश

संसारका मानिसहरू
चौबीसै घण्टा जागिर हुँदा
मिसिनहरू पनि थाकिसके
मान्छेहरू थाकेका छैनन् अँध्यारो बाटो

यता हामी भने
वर्षौंदेखि मस्त सुतिरहेछौं
वर्षौंदेखि मस्त सपना देखिरहेछौं

लोडसेडिङ छ र त
सुत्न पाइएको छ
चेतन, अवचेतन मन पनि त
मस्त सुतिसके
खाटमा मस्तारामहरू
मस्तिसँगै उफ्रिरहेछन्
त्यही अनुपातमा जनसङ्ख्या बढाइरहेछन्

आँखा मिच्दै भोकाहरूको जुलुसमा
सामेल केही निर्दोष, केही मूर्खहरूको
अनुहारमा दया देख्छ
एउटा जापानी बाबाले, यस महानगरमा
बाटो चिनेर हिँड
भनेर इसारा गर्दा पनि
आँखा चिम्लेर हिँड्छन्
मस्तारामका सन्तानहरू

बाटो नै ढाकेर
बाटोमै सपना देखेर
जता पायो उतै बाटो काटिरहेछन् ।
फराकिला बाटा पनि छन् साँघुरा बाटा पनि छन्
दिनरातै सुतेपछि कुन विकासको बाटो हिँड्ने ?
आँखा खोलेर कहिले हिँड्ने ?
कहिले हामी ब्युँझनु
कहिले हाम्रालाई ब्युँझाउनु ?

सूर्य त पूर्वमा झुल्केथ्यो
सूर्य हामीलाई छोडेर
अर्को मुलुक पुगिसकेछ
झलमल उज्यालो पार्न, विकास निर्माण सम्बृद्ध पार्न
यति बेला ती मुलुकमा उज्यालै उज्यालो छ
हामीकहाँ अँध्यारो अँध्यारो छ, रोग छ, गरिबी छ र भोक छ
हामी कहाँ सधैँ लोडसेडिङ छ
हामीलाई सधैँ समय मिलेको छ, माग्न र उघ्राउन
सुत्न र सपना देख्न
अहा ! कति मीठो सपना, सपनालाई नै फल मानी चपाइरहेछन्

यो कुम्भकर्णहरूको देश, सुत्न पाइने
यो मस्तारामहरूको देश, मस्ति पाइने ।

*गोकर्ण*

•••

कथा

# गाउँकी कान्छी

• मेनका पोखरेल आचार्य

सूर्यले आँखा उघार्न नभ्याउँदै चराचुरुङ्गीहरु नौमते बाजासँगै आकाशको छातीमा लस्करै देखिन थाले । झिसमिसे बिहानीको सौन्दर्यमा सधैं लट्ठिने गर्छु म । त्यसैले होला गुँडमा फर्कने चराभन्दा गुँड छाडी चारो खोज्ने चरा औधी मन पर्छ मलाई । अस्ताउँदो सूर्यले भन्दा उदाउँदो सूर्यको लालीले रोमान्चित गर्ने गर्छ मेरो मनमस्तिष्कलाई ।

पूर्वी आकाशमा अडिएका मेरा आँखा अनायासै उनको आकृतिमा ठोकिन पुगे जो पँधेरोमा पोतोआरी पखाल्दै थिइन् । केहीबेरमै पधँरो रक्तिम दखियो । कति जाँगरिली ! यति सबेरै घरदैलो पोतिसकेकी । त्यस बेला सहरी जीवनको आलस्यलाई स्मृतिमा भर्न पुगेँ । आधा दिनसम्म ओछ्यान नछाड्ने बानी परेका आधुनिक पुस्तालाई सम्झेँ । सहरी जीवनले थुप्रै कुरा सिक्नुपर्ने पाठशाला गाउँ नै भएको अनुभूत भयो । साँच्चै कति कर्मशील छन् यिनीहरु मानौँ तिनै उड्दै गएका चराजस्तै अनि तिनै चराका झैँ चञ्चलता मैले उनमा पनि खोजेँ तर बिल्कुल भिन्न थिइन् उनी यस अर्थमा ।

आफ्ना चिरा परेका कुर्कुच्चा भुइँमा रगेडिन् अनि छहराझैँ नलबाट खसेको पानीमा निकै बेरसम्म आफ्ना गोडा आनन्द मानेर थापिरहिन् । प्रकृति यति ओसिलो हुँदा पनि रत्तिभर जाडो अनुभव नगरेझैँ लाग्यो उनले ।

त्यो पँधेरो र उनी दुवैका लागि म अपरिचित थिएँ त्यहाँ । उनले एक पटक पुलुक्क मतर्फ नियालिन् र अतिथिलाई सत्कार गर्ने भावले मुसुक्क हाँसिन् । प्रत्युत्तरमा हाँसो पस्के तापनि मेरो मन भने उनको झोक्राएको अनुहारको एक जोर उदास आँखालाई पढ्न खोज्दै थियो । यसै बीच मैले उनीसामु प्रश्न राखेँ- "बैनी, तिम्रो नाम के हो ?" उनको सरल उत्तर थियो "कान्छी" । मैले हाँस्दै भनेँ - "कान्छी, कस्तो विधि जाँगर तिम्रो, एकाबिहानै घरसमेत लिपिसक्यौ, आमै नि त ।" यो सुनेर उनले भनिन् -"आज बरू अलि ढिलो भयो ।" केही बेर रोकिँदै फेरि भनिन्-"रातभरि निद्रा लागेन, ओल्टोकोल्टो फर्कँदै रात बित्यो । बिहानीपख झपक्क भएथेँ, सासूआमाले कराएपछि झस्केर ब्युझिएँ र त्यो पारिको ढिस्कोबाट रातो माटो ल्याई हतार हतार काम सकेँ ।" उनले हातले इङ्गित गर्दै टाढाको ढिस्को देखाइन् । उनले यी कुराहरु गरिरहँदा मलाई यो सब एकादेशको कथा जस्तो लाग्दै थियो । मनमनै सोचेँ यति सबेरै पनि यदि ढिलो हो भने कति बेला उठ्दा हुन् त यिनीहरु ? के कुखुराको डाँकोसँगै ?

गाउँका सासूहरूले बुहारीलाई खुब कजाउँछन् भन्ने सुनेकी त थिएँ तर आज आफ्नै आँखाले देखेँ पनि । अत्यन्तै दया जाग्यो उनीप्रति । फेरि सोधेँ - "कति सानै उमेरमा बिहे गरेकी ? हेर्दा निकै सानी देखिन्छ्यौ ।" मेरो प्रश्नको उत्तर सहजताका साथ दिँदै भनिन् -"सानैमा होइन दिदी, अठार वर्षकी थिएँ बिहे हुँदा । अहिले बीस भइसकेँ ।" उनका कुराले अचम्मित भएँ म । त्यति कलिलै उमेरमा बिहे हुँदा पनि उनलाई कुनै गुनासो थिएन । मैले फेरि सोधेँ-"माइती कहाँ नि तिम्रो ? बेला बेलामा गइ नै रहन्छ्यौ होला होइन त ?" "कहाँ जान पाइरहनु ! तीन दिनको बाटो छ दिदी । गाडीबाट ओर्लेर पनि सात घण्टा हिँड्नुपर्ने ।" केही बेर मौन हुँदै फेरि भनिन्-"माइतीमा कोही बिरामी भएको थाहा पाए पनि जान सकिँदैन, एक त घरबाट पठाउँदैनन् आफू जान्छु भन्ने आँट पनि आउँदैन । मनभरि पीर बोकेर बस्नुपर्छ ।" यी कुरा गरिरहँदा उनको गला अवरूद्ध थियो । उनका कुराले अत्यन्त दुःखी भएँ म । आफ्नो माइती कति सम्झँदी हुन् बिचरी । कस्तो कस्तो जीवन बाँच्नुपर्ने बाध्यता हुन्छ मान्छेको । सबै ठाउँ यस्तै हुन्छ कि यहाँ मात्र यस्तो ? म मनमनै घोरिएँ । केही क्षणपश्चात् पुनः प्रश्न राखेँ-"तिम्रो श्रीमान् के काम गर्छन् ?" जवाफ दिनुभन्दा पहिले लामो सुस्केरा हालिन् र भनिन्- "काम गर्न कोरिया जानुभएको छ ।"

"कहिले ?" मेरो सोधाइपछि उनले भनिन्-"बिहे भएको तीन महिनापछि जानु भएको ।" यस बेला उसका आँखामा टिलपिल आँसु भरिएको देखेँ मैले । उनको मनको वेदना बोकेको थियो त्यो आँसुले । उनको मनभरिको व्यथालाई म नजिकबाट साक्षात्कार गर्दै थिएँ । केही सहजता दिलाउने स्वरमा भनेँ- "कहिले फर्कन्छन् ? बेला बेलामा कुराकानी त भै नै रहन्छ होला ! होइन कान्छी ?" केही लजाएझैँ बोली ऊ -"फोनमा हप्तैपिच्छे कुराकानी हुन्छ तर अझै दुई वर्षपछि मात्रै फर्कने कुरा छ ।" उसको अनुहारमा हर्ष र विस्मत दुवैको समीश्रण थियो यस बेला ।

म सोच्दै गएँ, ऊसँग केवल वैवाहिक जीवनको प्रमाणपत्र सिन्दुर र पोते छ । के त्यही मात्र थियो होला उनको चाहना ? उनको इच्छा ? उनको रहर ? नदीमा ढुङ्गा हान्दाको अशान्त पानीझैँ छचल्कियो मेरो मन । करूणाको मूल फुट्यो आफैभित्र । मलाई लाग्यो-" नाडीमा बज्ने आफ्ना चुरामा उनी विरहको गीत सुन्दिहुन्, गलाको एक झुत्तो पोतेमा सासूको खबरदारी पाउदिहुन्, उनको उर्वर शरीर खडेरीले बाफिएझैँ लामो विश्वास छाड्दो हो ।

बिहे गरेर छाडेरै जानु थियो भने के जरूरी थियो तीन महिनाका

लागि बिहे गर्न ? फर्केर आएपछि बिहे गर्न सकिन्नथ्यो र ? यो प्रश्न मात्र उठिरह्यो मनमा । छोरीलाई बोझ ठान्ने बाबुआमाले छोरीलाई पराईघर जिम्मा लगाएर आफ्नो शिरको भारी बिसाए होलान्, सासूससुराले बिना पारिश्रमिकको कामदार पाए होलान्, लोग्नेले आफ्ना कामनाहरू उनीबाट पूर्ण गऱ्यो होला तर यो कलिली सोझी कान्छीको मुठीमा पऱ्यो केवल उदासीनता, नैराश्यता, आँसु र गालीमात्र । म मनमनै द्रविभूत हुँदै गएँ ।

तर कहिलेसम्म यो सब सहन गरेर बस्न सक्लिन् ? न बाबुआमाको छत्रछाया, न सासू- ससूराको स्नेह, न लोग्नेको समीपता नै । सायद यस्तै भएर होला, लोग्ने छँदाछँदै परपुरूषसँगको कतिपय विभिन्न प्रसङ्गहरु बेला बेलामा हामीले सुन्ने गर्नुपरेको । हुन सक्छ कुनै दिन उनको पनि यस्तै खबर बतासले उडाएर मेरो कानसम्म ल्याउनेछ या मैले आफ्नै खबर पत्रिकाको सिरानमा ठूला ठूला अक्षरले लेख्नुपर्नेछ, "कान्छी बेचिएको समाचार" अर्थात् यो भन्दा अझै बीभत्स । त्यो बेला दोषी कसलाई ठान्ने कान्छी कि उसका बाबुआमा ? या सासूससुरा ? वा स्वयम् उसको लोग्ने ?

•••

गीत

# वसन्तको आगमन

• मेदिनीकुमार केवल

निराशामा आज फेरि आशा पलाएछ ।
वसन्तको आगमनले मन रमाएछ ॥
पुग्छन् आँखा गुराँस र सुनगाभाको वनमा
कल्पनाका तरङ्गलाई साँची रा'छु मनमा
निराशामा आज फेरि___
वनपाखा हरियाली तोरी बारी फुल्यो
प्रकृतिको सुन्दरतामा मन मेरो भुल्यो
निराशामा आज फेरि___
शीतसरी वैलाइ जाने रहर छन् कति ?
आकाशमा उदाउने जून तारा जति ।
निराशामा आज फेरि आशा पलाएछ ।
वसन्तको आगमनले मन रमाएछ ॥

धरमपुर, भैंसहवा
दाङ देउखुरी

•••

कविता

# डिग्री माइलो

• प्रवीण भण्डारी

मेरो नाम खुसीप्रसाद
डिग्रीपास-फर्स्ट डिभिजन
पेसा-बेरोजगार
लौ अब सुन्नुहोस् मेरो कहानी !

एस.एल.सी उत्तीर्णसँगै उघारिएको जिन्दगीको ढोका
डिग्री पाससम्म आउँदा कति ठाउँमा दुःखका पोकाहरूले अठाए
त्यो आत्मैमा लुकाऊ, जिन्दगीको एक अंश मानेको छु त्यस्लाई पनि !

बिचरा मेरी बुढी आमाले कुखा बेच्दै, दुई/चार ओटा खसी बेच्दै
बाबाले मेरूदण्डका खाला जाने गरी भारी बोकेर
जुटाएको रूपैयाँ मेरो शिक्षामा लगानी गर्नुभयो,
शिक्षा नै महाधन  भन्ने बुझाइ छ उहाँहरूमा, जय होस् !

डिग्री पाससँगै ठूलो मेरो जागिर पत्रपत्रिकामा जागिर खोज्ने भयो
न कान्तिपुर बाँकी हुन्थ्यो न अन्नपूर्ण सबै चहारिन्थ्यो
खुब बुझाइयो सी.भी. र बायोडाटाहरू
खुब धाइयो जागिर सेन्टरहरू
कति ठाउँमा त यस्तो पनि भोगियो
जागिरको फर्मको पैसा तिरिन्थ्यो खाजा पैसा कटाएरै
अर्को हप्ताको लागि निमन्त्रणा पाइन्थ्यो अन्तरवार्ताको लागि
अर्न्तवार्ताको लागि गइयो, जाँदा अफिस नै गायब, जय मेरो देश !!

विक्षिप्त भएर साथीको सहारा खोज्न गए
साथीले भन्यो धत् लाटा सोर्स, फोर्स नभइकन कहाँ पाइन्छ र जागिर ?
बिचरा म सोझो कुनै राजनीतिक व्यक्तित्वसँग लिंक थ्यो,
न जागिर खोज्दिने मान्छे नै थिए, उसै मार्फत दुई/चार नेताको आँगनसम्म धाइयो
आश्वासन खुब पाइयो, यति धोका खाइयो
कुरै नगरौं दुःख र विरहका गीत ढोका थुनेर मज्जाले गाइयो !

अब त अति भो भनेर आफै केही व्यवसाय गरौं भनी
आमालाई दुई/चार लाख जुटाउनू भनें
आमालाई सबै कहानी सुनाए जागिर खोज्दाको
आमाले बलिन्द्रधारा आँसु झार्नुभो
पक्कै पनि मेरा बाआमाको देखेको सपना अर्कै थियो
बा, आमा साहुको घर धाउनु भो बिचरा कसैले पत्याएनन् एक/दुई लाख
यहाँ केही गर्छ रे छोरोले भन्दा
तर पत्याएछन् छ सात लाख नै विदेश जाने सर्तमा !

यस्मिन् देशे न सम्मानो न वृत्तिनँ च बान्धवा ।
न च विद्यागमाऽप्यस्ति वासस्तत्र कारयेत् ॥
-चाणक्य नीतिशास्त्र, १-८
अर्थात जुन देशमा आफ्नो सम्मान छैन, रोजगारी पनि छैन
जहाँ कुनै बन्धुबान्धवका साथै अध्ययन गर्ने उपाय पनि छैन
त्यहाँ बस्न उपयुक्त हुँदैन !

तेसैले, राहदानी बनाएको छु
कोही छ यहाँ एउटा राम्रो जागिर दिने मलाई ?
राहदानी पन्छाउन तयार छु !!

*थापाथाना-९, पर्वत*

•••

लेख

# अमर्यादित व्यस्तता

• बाजुराम पौडेल

विज्ञानले आजको भौतिक संसारमा उपलब्ध गराएको सुविधालाई हामीले वरदानका रूपमा स्वीकार गरेका छौं । हुन पनि जादूगरको जादूजस्तै एकै छिनमा एकै दिनमा महिनौंमा नसकिने काम सिध्दिएको यथार्थ हाम्रो अगाडि छँदै छ । विज्ञानको सिद्धान्त प्रतिपादन गर्ने त्यो मान्छे र विज्ञानले उत्पादन गरेको वस्तुको उपयोग गर्ने पनि त्यही मान्छे नै हो तर पनि यी दुई मान्छेमा आएका भिन्नता पाउँदा उत्पादन आशीर्वाद वा वरदान र उपभोग श्रापको रूपमा देखा परेका छन् । त्यसैले मनोवैज्ञानिकहरू भन्दा रहेछन्- उच्चता र नीचता त्यही मानिसको मानसिकता हो । यसो भनिसकेपछि हाम्रो मानसिकतालाई उच्चतामा विकसित गर्न नसक्नु हाम्रो दोष हो भन्नुपर्दछ । नीचतामा जीवन बाँच्नु भनेको दोष होइन बरू अभीष्ट अभिशाप हुन सक्छ । जीवनका सरल सादा र सामान्य उपयोगलाई निम्न कनिष्ट तथा नीचताका दृष्टिले हेरियो भने त्यहाँ गलत परम्पराको थालनी हुन्छ । सामान्य जीवन भोगाइलाई उत्साहित गर्दै जाने हो भने एउटा शालीन र नमुनाको समाज बन्न थाल्दछ । उच्च जीवनको मोह र महत्त्वाकाङ्क्षाले सफलता पाउन सकेन भने जीवन छरपस्ट पोखिन्छ, टिप्न उठाउन सकिँदैन । आजकलका समाजशास्त्रीहरू सामाजिक अर्थ व्यवस्थाका सुदृढ र समुन्नतिका लागि कमाउनु भनेको जोगाउनु हो भन्न थालेका छन् । यहाँ यस भनाइले अनावश्यक खर्च कटौती र सकेसम्मको मितव्ययी बन्न निर्देशन भएको पाइन्छ । तर हामी त्यसो गरिरहेका छैनौं । भरे बेलुकाको छाक टार्ने चामल नहोस् तर अहिलेको मोजमस्तीमा हामी ढल्किन्छौँ । यसको पनि एउटै मनोवैज्ञानिक प्रभाव देखिन्छ । त्यो के हो भने साधनको उपलब्धता प्रचारप्रसार र वस्तुका बाहिरी आकर्षणजस्ता कुराले उत्सुक बढाई सामाजिक प्रतिस्पर्धासम्म पुग्ने चाहना थपेको पाइन्छ । हामी सम्पूर्ण आयातित वस्तुमा निर्भर छौं । जीवन रक्षाका लागि आधारभूत वस्तु लगायतका सक्कली नक्कली जम्मै वस्तु भित्रिने बजारका हामी स्वच्छ उपभोक्ता टीभी, टेलीफोन, मोबाइल, कम्प्युटरसँग ज्यादै नजिक भएका छौं । आजकलको फेसबुक त झन् कुनै नगरौं, तपाईंलाई थाहा छ ? फेसबुक खोलिएन भने असभ्य ठानिन्छ नि । हातमा मोबाइल भएन भने त त्यो जस्तो अभागी को होला र ?

एउटा अनपेक्षित परम्पराको थालनी यसरी भइरहेछ । बाटोमा एक्लै कुरा

गर्दै हिँड्छन् मान्छेहरू र एक्लै-एक्लै हाँस्दै हिँडिरहेका हुन्छन्- नवकिशोरहरू । सूचनामूलक ज्ञानबर्धक समय बचावट छिटो छरितोपनको असाध्यै भरपर्दो साधन यी कम्प्युटर तथा मोबाइल सदुपयोगिताको अर्थमा आशीर्वाद तथा वरदान नै हुन् तर दुरूपयोग भयो भने ? यसको जवाफमा अनावश्यक मिसकल, ख्यालठट्टा, मनोविनोद र विकृतिगत गोप्य वार्ताहरूले ठाउँ पाउँछन् ।

हो, यस्तै यस्तै हुन्छन् र ठाउँबेठाउँ समयबेसमय मोबाइलको घण्टी आउँछन् । च्याङ्ग्रिँदै चिच्याउदै संवादका शब्द ओकलिन्छन् ।

हाम्रो देशका हामीलाई नजिकका देश र जनताका मात्र होइन विकसित र अतिविकसित मुलुकसमेतका विकास र चेतनाको प्रवाह प्रशस्त परेको छ । यिनैका देखासिकीमा हामी आफूलाई अविकसित वा पछाडि परेका देश भन्छौं र त्यही देशका जनता हामी हाम्रो तीस चालिस वर्षेअघिको अवस्थालाई मूल्याङ्कन गर्ने धैर्य गर्दैनौं । सहरी क्षेत्रमा अलि फरक भए तापनि ग्रामीण क्षेत्रमा भने पानीका लागि एक बिहान बिताउनुपर्ने, दाउरा इन्धनको जोरजामका लागि पूरा साँझ बिताउनुपर्ने अन्य कृषिधन्दा वा व्यवसायमा पूरा दिन खर्च गरी दुई छाक हातमुख जोर्ने व्यवस्था र त्यस्तै वातावरण भोग्दै आएका हामीलाई अहिले सामान्य उपकरण चलाउनेबित्तिकै पानी तथा इन्धन उपलब्ध हुन्छ । घरधन्दा र व्यवसायका प्रकृति नै फरक परेका छन् । अहिले त्यस्तो कोही गर्दैन, गर्न पर्दैन तापनि हामी र हाम्रा परिवारका सदस्य असाध्यै व्यस्त छौं किन होला ? यति लामो भूमिकापछि तयार भएको प्रश्नको जवाफ म आफैले दिनुपर्दछ भन्ने लागेको छ ।

हामीभित्र आएका चेतनाका राम्रा प्रभावमा हामी व्यस्त भएका रहेछौं भने त्यो उपलब्धिमूलक मान्नुपर्दछ, विकास र आधुनिक चेतनाको नाममा आफूलाई विकृत बनाउन थालिएको रहेछ भने त्यसलाई दुर्भाग्य ठान्नु पर्दछ । विकृत र स्वीकृतको टुङ्गो लाउन पनि सजिलो त छैन ।

आज हामी बाँचिरहेको समयलाई विज्ञानको युग नवीनतम चेतनाको प्रवाहका दिन र आत्मनिर्णयका क्षणहरू भन्न सकिन्छ । पितापुर्खाका कुरा छोडौं- हामी आफैले पनि कल्पना नगरेका कुरा आज सत्य र यथार्थ वस्तुका रूपमा प्राप्त गरिरहेका छौं भने हाम्रो चेतनाका प्रवाह कुन सीमासम्म पुगिसक्यो त्यसको अड्कल गर्न पनि अब सजिलो छैन । कुरा यही हो अप्रत्यासित समय परिवर्तनसँगै हामी बाँच्ने प्रयास गरिरहेका छौं । हिजो समाजले प्रतिबन्ध लगाएको वस्तु आज स्वीकार्य मात्र होइन अति आवश्यकसमेत भएको छ भने हिजो समाजले स्वीकारेको कुराहरू आज यति त्रुटिपूर्ण र दोषयुक्त रहेछन्

भन्ने बोध हुन थालेको छ ।

जे भए पनि हामीलाई सही बाटोमा हिंड्न र असल संस्कारका विकास गराउने हाम्रै समाज हो । त्यस समाजमा सिद्ध साधना, ज्ञानविज्ञान, वेदपुराण, धर्म नीतिका महान् महर्षिहरूको प्रशस्त उपस्थिति थियो । लामो समयसम्म त्यो हितकारी बन्यो । सत्य प्रमाण त्यही बन्यो । त्यसैको अनुशरण भयो । विचारणीय प्रश्न हो, हिजोका प्रयोगहरु आज किन प्रतिबन्धित र वर्जित भए ? यसको जवाफ त्यति सहज नभए तापनि दोष पन्छाउने काम भने पक्कै गरिँदै छ । एउटा कालखण्ड र त्यसमा बाँचेका मान्छेहरूको चाहनाका बीचको समन्वयमा यस्ता चक्रप्रंणाली फेरिँदा रहेछन् भन्न भने पक्कै सजिलो पर्दछ । केही वर्षअघिसम्म मात्र मान्छेले चन्द्रमामा पाइला टेकेको कुरा विश्वास गर्न नसक्ने मनस्थितिका मान्छे हामी आज विश्वको कुना कुना कसले के भनिरहेछ कसले के गरिहेछ भन्नेसम्म देख्न सक्ने भएका छौं । निचोडमा भनौं -विज्ञानले मान्छेलाई विश्वकै नजिक पुऱ्याएको छ । त्यसो भनिरहँदा मान्छे र विश्वको दूरी तथा मान्छे र विज्ञानको सामीप्यको एउटा सीमा मान्छे स्वयम् हुनुपर्दछ र जीवन पद्धतिकै आदर्श नीतिमा ऊ बाँधिन पर्दछ भन्ने भनाइको मर्म र आशयलाई पनि सुरक्षित गराउनुपर्दछ । प्रतिस्पर्धात्मक सामाजिक परिवेशमा हामीले प्रयोग गरेका सवारीसाधन, आवास उपकरण तथा पहिरनप्रतिको उत्साहको मूल्याङ्कन विलासिताका आधारमा गर्ने वा आवश्यकीय उपभोगका आधारमा गर्ने भन्ने छनौट आजको महत्त्वपूर्ण कदम मानिनेछ । समग्रमा नेपालको औद्योगिक अभियान, कृषि उत्पादन तथा सेवा व्यवसायको दृष्टिकोणले पछाडि परेको नेपाल र नेपालीले विलासिता रोज्न मिल्ला ? प्रश्न गहन छ र पनि उत्तर भने नकारात्मक मात्र आउँछ । पैतृक सम्पत्तिको क्षयमा आफ्ना चाहना पूरा गर्ने हाम्रो प्रवृत्ति निश्चय पनि गलतपूर्ण छ । नेपालीको आर्थिक उन्नति र जीवनस्तरबारे सोच्दा एउटा सामान्य साइकल चढ्न सोच्नुपर्ने हाम्रो आर्थिक स्तरका हामीलाई महँगा मोटरसाइकल र कार चाहिएको छ । त्यसै गरी सकेसम्मका सामान्य विद्युतीय उपकरणबाट काम चलाउनुको बदला देखासिकीमा अत्यन्त महँगा वस्तुहरूको सङ्ग्रह गर्न थाल्छौं । हाम्रो जीवनको अति आवश्यक वस्तु भनेको बिहान बेलुकाको छाक टार्ने दाल चामल नुन तेल मसला तरकारीको जोरजाम नगरेर हामी त्यस्ता वस्तुहरूमा खर्च गर्न थाल्छौं । कुरा आउँछ मोबाइलकै- घरमा नुनतेल सिध्दिए अहिँचोपहिँचो गर्दछन् तर मोबाइलमा पैसा सिध्दिए तुरून्त दौडेर थपिहाल्छन् । विज्ञानले पनि कस्तो कस्तो चीज बनायो । कहिलेकाहीँ त

अचम्मै पो लाग्छ । हामी मोबाइल साथमा नभए सास फेर्न बिर्सन्छौं होला ।

काठमाडौंको सहर बजारमा माइक्रो बसबाट यात्रा गर्नुस् त । कन्डक्टर भाइ भन्छन् आउनुस् सिट खाली छ, भित्र पसेर हेर्‍यो उभिने ठाउँसमेत हुँदैन । उनी फेरि भन्छन्- अलि पर गएपछि खाली हुन्छ । बसमा चढ्यो मुन्टो निहुराएर सास फेर्न पनि गाह्रो हुन्छ । अगाडि पछाडि सबैतिरका मान्छेको मोबाइल बज्छ, बार्ता चल्छ । ठूला ठूला आवाजका बोलीले कानको जाली नै फुट्ला जस्तो हुन्छ । माइक्रो दुई/दुई पाइलामा घ्याच्च रोकिन्छ । यात्रुले समाएको हात फुस्किन्छ र ढुनमुनिँदै लड्न खोज्छ तर पनि मोबाइल चलिरहन्छ । हामी कति व्यस्त रहेछौं ? एक छिन बस चढुन्जेल पनि फुर्सद छैन । त्यति मात्र हो र ? तपाई सार्वजनिक स्थल र कार्यक्रम स्थलमा जानुस् कसैको मोबाइल चूप हुँदैन । कार्यक्रम सञ्चालकले मोबाइल बन्द गर्न आग्रह गरिसकेको हुन्छ तर पनि हामी अटेर गर्छौं । विशिष्ट अतिथि दीर्घामा नै मोबाइल चल्ने चलाउने क्रम रोकिंदैन । त्यति मात्र हो र, तपाईं बिजुली पानी तथा टेलिफोनको शुल्क बुझाउन लाम बस्नुस् त्यहाँ बजेका मोबाइल र नानाभाँतीका संवादले तपाईंलाई अवश्य झर्को लगाउँछ । तपाईंको पालो आउँदा भित्रको कर्मचारीको मोबाइल बज्छ, तपाईंले अरु एक/दुई मिनेट पर्खनुपर्ने हुन्छ । कुनै अड्डाअदालत तथा कार्यालयमा केही आग्रह तथा गुनासो गर्न जानुभयो भने तपाईंले कुरा भन्ने वा राख्ने बेलामा हाकिमलाई फोन आउँछ, तपाईंको कुरा पूरा हुन नपाउँदै उनी हिड्छन् त्यतिखेरको तपाईंको मनोदशा कस्तो होला ? त्यतिमात्र किन ? तपाईंको मिल्ने साथीभाइ वा प्रेयसीसँग रमाइलो वार्ता भई रहँदा मोबाइलको घण्टी बज्यो भने ?

विज्ञानले हाम्रो जीवनलाई गतिशील बनाउने अर्थमा यति धेरै व्यस्त बनाइरहेको छ । फेरि प्रश्न आउँछ कस्तो व्यस्तता ? परिभाषाले त - नगरीनहुने काम गर्दाको समयलाई व्यस्तता भनेको पाइन्छ । नगरी नहुने काम केलाई भन्ने प्रतिप्रश्न निस्कदै जाँदा एक दिन हामी धरापमा पर्नेछौं ,त्यसैले प्रतिप्रश्न गरिरहनु राम्रो मानिंदैन ।

हुन त धेरै मोबाइल चलाइरहनु हुँदैन भनेर सम्बन्धित विज्ञले भन्दै आएको कुरा पनि हाम्रो स्मरणमा छन्, तर हामी अवज्ञा गर्दछौं ।

यसो भन्न सकिन्छ, विज्ञानले समयलाई निलिरहेछ । त्यस यन्त्रवत् समयलाई मानवीय विवेकको अर्थ हुँदैन र मान्छे स्वयम् यन्त्रवत् निर्देशन पालना गरिरहेको छ ।

विज्ञान र एउटा विडम्बनालाई यस्तै आँखाले हेर्ने बानी पर्‍यो भने त्यो

निश्चय पनि समाजको लागि घातक सिद्ध हुन्छ । विज्ञान विडम्बना होइन । विडम्बना त मानवीय विवेक क्षय गर्ने तत्त्व हो । मान्छेको विवेकलाई विज्ञानले सम्मान गर्दछ । एउटा मान्छेलाई शालीन र भद्र बनाउने शक्ति त्यही विवेक हो । यसैले विवेक बृद्धिका लागि आदर्श सोच र चिन्तनको आवश्यकता पर्दछ । एउटा आदर्श नागरिकले आफ्नो अधिकार उपभोग गर्दा अर्काको अधिकारमा बाधा पार्दैन, सहअस्तित्व स्वीकार गर्दछ र आफ्नो कारणबाट कसैलाई पनि दुःख नहोस् भन्ने पवित्र सोच राख्दछ । दुर्भाग्य भन्नुपर्दछ आज विश्वकै मानिसले यस्तो गर्न र हुन पाएका छैनन् । आदर्श व्यक्तिले समाजको नेतृत्व नलिउन्जेल यस्तै विडम्बना दोहरिइरहन्छन् । आज विश्वकै घटनाचक्रमा अनादर्श र यस्तै विडम्बनाले प्रश्रय पाइरहेका छन् । यसरी पाइला पाइलामा अमर्यादाका असभ्यपनामा बाँचेको मान्छेको भोलि कस्तो होला ? कहाली लाग्नुहुँदैन जीवनमा । सकारात्मक सोच राख्नुपर्दछ । हाम्रा बानी सुधार्नुपर्दछ । हामी काम छैन भन्छौं तर गर्नुपर्ने काम गर्दैनौ । स्वास्थ्य सुधार्ने बहानामा बिहान घण्टौंसम्म घुम्दछौं । आफ्नो घर कोठा भऱ्याङ चोक पुछ्दैनौ, बढार्दैनौ । फेरि व्यस्तताकै कुरा गर्छौं । पुगीसरी आए घरमा काम गर्ने मान्छे राख्छौं । आफूलाई सर्वश्रेष्ठ ठान्दै टीभी कम्प्युटर मोबाइल र फोन आदिमा आफै हराउछौं । हामी कुनै पनि काम गर्न भ्याउदैनौं तर पनि हामी सधैं व्यस्त छौं । निश्चय पनि हामी अमर्यादित व्यस्ततामा बाँचेका छौं ।

सार्वजनिक स्थानमा आफ्ना व्यक्तिगत कुरा गर्दा शोभा दिंदैन र अरूलाई समेत बाधा पर्दछ । त्यसैले मोबाइल जथाभावी नचलाउने एउटा असल नागरिकको कर्तव्य हो भने सार्वजनिक स्थानको वातावरण बिग्रन नदिनु हामी सबैको कर्तव्य हो । यस्तै गल्तीको कारण कतै दण्डित हुनुपऱ्यो भने हामीले आफूलाई ठूलाबडाका रूपमा सोचेको अहम् लाजले पानी हुनेछ, कसैले हामीलाई दण्डित नगरोस् हामी यस्ता अमर्यादित कियाकलापबाट सुरक्षित बनौं- सभ्य नागरिकको सम्मान प्राप्त हुन्छ ।

•••

कविता

# बाटो

• ब्रह्मप्रिय प्रेमस्वरूप

एउटा पथिकले
सर्वज्ञसँग सोध्यो -
महाराज ! त्यो घुमाउरो बाटो गयो भने
कहाँ पुगिन्छ होला ?
सर्वज्ञले जवाफ दिनुभयो -
कहीं पुगिंदैन
कुइराको काग भैं
त्यहीं भौंतारिइरहिन्छ
फेरि सोध्यो -
अनि त्यो तेस्रो बाटो नि !
सर्वज्ञले भन्नुभयो -
त्यो ज्ञान विज्ञानको बाटो हो
त्यसले पहाडको फेदीमा टुङ्ग्याइदिन्छ
अनि यो ओरालो बाटोले नि !
फेरि प्रश्न उभ्यायो -
त्यो सत्यानाशको बाटो हो
त्यसले त प्राच्य सभ्यता तोडिदिन्छ
उदाइरहेको दिव्यता पनि फोडिदिन्छ
महाराज ! यो उकालो बाटो नि !
फेरि प्रश्न तेर्स्यायो
सर्वज्ञले सम्झाए-
यो जटिल बाटो हो
जीवनबोधको बाटो हो
यसले सही गन्तव्यमा पुऱ्याउँछ
यसका सातवटा सिँढीहरू छन्
चढ्न धेरै कठिन छ तापनि
एकाग्ररूपले हिंडे निश्चित पुगिन्छ
याद गर्दै हिंड्नुपर्छ नि !
यसका सिढीँ नै पिच्छे विशाल गुफाहरू छन्

अलमलिनुहुँदैन ती गुफाहरूमा
हुनुपर्छ साथमा दिव्यप्रकाश
सहारामा त्यसको
चाल्नुपर्छ आफ्ना पाइलाहरू
अन्यथा पुगिन्छ फस्न खाडलमा
हराउन पुगिन्छ फर्कनै नपाइने धमिलो अन्धकारमा
गुञ्जियो चेतावनीको स्वर
कठिनजस्तो छ एक्लै हिँड्न
सकिंदैन जस्तो छ एक्लै पुग्न
सर्वज्ञले थप्नुभयो -
बल्ल ठीक ठाउँमा आयौ
सही कुरा पहिल्यायौ
दिव्यप्रकाश भनेका सद्गुरू हुन्
उनी नै (चेतना) जीवनको बोध मार्गका पथ प्रदर्शक हुन्
उनले नै तिमीलाई डोऱ्याउनेछन्
अनकन्टार भीरपहरा कुनाकन्दरा छिचोल्दै
सप्तसिढीँको शिखर विन्दुमा पुऱ्याउनेछन्
अनि तिमीले खोजेको दिव्य बाटोमा प्रवेश गराउनेछन्
त्यहाँ तिमी देख्नेछौ
जिन्दगी के रहेछ
कसले कहाँ बसेर कसरी लगाम लगाउदो रहेछ
सृष्टिको मूल
सृष्टिको सर्वोच्च विन्दु
अनि तिमीमा कुनै विकार आउनेछैन
यो मूर्च्छेनामय जगत्का
भ्रान्ति र क्रान्तिका अनन्त स्वप्नलोकहरू
शुभ आशीष छ तिमीलाई
बेलैमा सही बाटो सोध्यौ
बेलैमा सही बाटो खोज्यौ
ॐ शान्तिः शान्ति : शान्ति :

•••

कविता

# प्यारो नेपाल

• बलराम दाहाल

माटामा जलमा यही पवनमा जन्में म हुर्के यहीं
पैले जन्म हुँदा अखण्डित थिएँ ऐले म टुक्रैं यहीं ।
देखाऊँ अवगाल आज कसमा बढ्दो छ बेहाल यो
घट्दो छैन तथापि स्वर्गसरिको प्यारो छ नेपाल यो ।।

मेरो जीवन यो नहोस् बरू छिटै चिम्लिन्छु आँखा यहीं
मै जस्ता कति बाँच्नुपर्छ सहसा सम्झेर धर्ती यहीं ।
पृथ्वीको बलिदान बिर्सिन पुगी पस्ला कि पाताल यो
चिन्ता लाग्छ सदैव स्वर्गसरिको प्यारो छ नेपाल यो ।।

जो छन् राज्य चलाउने जनहरू यौटै छ विन्ती तर
कोठा भाग लगाउँला पछि सबै ऐले बनाऔं घर ।
ठोकौं आज किला छ भोलि घरको छानो उडेको दिन
गाह्रो हुन्छ हुरी चलेर घरमा पानी परेको दिन ।।

पुर्खाका अनमोल ती विगतका छन् सभ्यता सुन्दर
हल्लिन्छन् पतका ध्वजा विपतका खाई सयौं हण्डर ।
मैले देख्नु छ देशको शिखरमा सौन्दर्यको आँकुरा
मैले लेख्नु छ भोलिको खबरमा लाली चढेको कुरा ।।

सत्तामा बहलाउने मनहरू यौटै छ विन्ती सुन
आऊ आज जुटौं यहाँ कलुषता फाली सबै दुर्गुण ।
संस्था छन् दल छन् र व्यक्ति पनि छन् बढ्दो छ बेहाल यो
छैनन् क्वै प्रिय ती तथापि किन हो प्यारो छ नेपाल यो ।।

•••

कविता

# अब भन्नुस्

• विजय 'विश्वास'

हामीले
बन्दुकको नालमा
रोप्न खोजेका हौं बोधीवृक्ष
खोजेका हौं अमृत फलाउन
तर
हुर्कन सकेन
बोधीवृक्ष
फल्न सकेन अमृत
अब भन्नुहोस् ?
म कुन खुसीमा हाँसूँ ?
एक अञ्जुली मुस्कान

बमको छिर्काले
आमाको छाती छेडिएपछि
धर्ती रजस्वला भएपछि
उडे सेता परेवाहरू
गञ्जक छोडेर
हराए ऊ....त्यो
रित्तो क्षितिजमा
चारो छरेर
बोलाउन सकेनौं हामीले
कहिल्यै फर्केर आएन
रित्तो गञ्जकमा
अब भन्नुहोस् ?

•••

कविता

# अब मलाई युग जित्नु छैन

• विनयकुमार शर्मा नेपाल

अब मलाई युग जित्नु छैन
कुनै समय गन्नु छैन
किनकि
म स्वयम् युग हुँ
म स्वयम् निरन्तर बगिरहने समय हुँ
त्यसैले अब मलाई युग जित्नु छैन
कुनै पला, घडी र घन्टाहरू गन्नु छैन
मैले मलाई चिनेको क्षण
मैले मलाई बुझेको क्षण
मैले मलाई जितेको क्षण
म बाँच्नेछु पूर्ण जीवन
त्यो मेरो समय एक पलको होस्
वा एक लाख वर्षको
त्यसैले अब मलाई युग जित्नु छैन
कुनै पला, घडी र घन्टाहरू गन्नु छैन
म मान्छे हुँ वा होइन ?
मान्छे म हो वा होइन ?
चिन्ने प्रयास नै नगर्नेहरू
बुझ्ने प्रयासमा लागेकाहरू
हिजोका पुर्खाहरू सम्झेर
भोलिका सन्ततिहरू कल्पेर
मरी मरी हाँस्न मन लाग्छ मलाई
वर्तमानबाट भागेर
हामी किन त्यहीं त्यहीं र उहीं उहीं
अड्किरहेछौं, रूमलिइरहेछौं ?
यसरी रौंमै रहेर, रौंमै अलमलिनेहरूका
नियति, कार्य र जीवन देखेर
घमण्ड, हीनता र बोध देखेर
मलाई लाग्छ
अब मलाई कुनै युग जित्नु छैन
कुनै पला, घडी र वर्षहरू गन्नु छैन ।

•••

# गीत

• विश्वविमोहन श्रेष्ठ

के के गर्छु भन्ने थियो, आफैसँग हारियो
मृत्युलाई पर्खिएर बाँकी जीवन काटियो -
ढुङ्गाजस्तै कठोर रै'छ, जिन्दगीको गोरेटो
बालुवा झैँ टुक्रिएर छताछुल्ल पोखियो
आफ्नै आँसु आज मलाई किन यस्तो पोल्ने भो

के के गर्छु भन्ने थियो, आफैसँग हारियो
मृत्युलाई पर्खिएर बाँकी जीवन काटियो -

नदीजस्तै बगूँ भन्थेँ भँगालोमै रोकियो
पहरामा फुलेको फूल पहरामै ओइलियो
घरी-घरी मर्नुपर्ने कस्तो जीवन बाँचियो
आफ्नै घर आज मलाई किन यस्तो बिझ्ने भो ?

के के गर्छु भन्ने थियो, आफैसँग हारियो
मृत्युलाई पर्खिएर बाँकी जीवन काटियो -

•••

कथा

# कृतघ्नी साथी

**• वेदमणि घिमिरे 'गोविन्द'**

पैँचे र भुत्ते अति मिल्ने साथी थिए । उनीहरु सानो उमेरदेखि नै बज्र इन्टरनेशनल कलेजमा पढ्ने गर्दथे । खाजा खाँदा, खेल्दा, हिँड्दा र पढ्दा साथै पढ्ने उनीहरूको बानी थियो । दुबै किसानका छोरा भएकाले घरमा जाँदा बाबुआमालाई घरको काममा सघाउने बानी पनि यिनीहरूको थियो । पढाइमा पनि यिनीहरु अरूभन्दा अघि नै थिए । दुबै साथीको बीचमा बढेको घनिष्टता देखेर अरूले ईर्ष्या गर्न थालेका थिए । यिनीहरु अलि ठूलो हुँदै गएपछि एक अर्काको घरमा जान थाले । पैँचे आज भुत्तेको घरमा पहिलो पटक गएको थियो । उसकी आमाले भुत्तेलाई खानेकुरा दिई तर पैँचेलाई दिइनन् यो देखेर भुत्तेले भन्यो, "आमा ! ऊ पनि मेरो साथी हो अलिकति दिनुहोस् न ?" उसकी आमा च्याउँकीले भनिन्, "हुन्न बाबु ! यिनलाई दिन । यी ठूला जाति हुन् । यिनका बाबुआमा दाजुभाइ आदिले हामीले छोएको खाँदैनन् । थाहा पाए भने हामीलाई मार्छन् । गाउँ निकाला गर्छन् ।"

च्याउँकीको यो कुरा दुबैले बुझेनन् । उनीहरूलाई जातिपातिको विषयमा केही थाहा नै छैन तर आमाको कुरा नबुझेको कारणले भुत्तेले भन्यो, "के भन्नुभएको आमा ! साथी पैँचेलाई खान दिँदा किन हामीले मर्नुपर्ने र गाउँ निकाला हुनुपर्ने ?"

च्याउँकीले भनिन्, "तिमीले अहिले कुरा बुझ्दैनौ छोरा ! हामीलाई सानो जाति र पानी नचल्ने जाति भनेर मानेका छन् त्यसैले ।"

भुत्तेले कुरा अझै बुझेको थिएन । एक दिन पैँचेको घरमा गएको थियो । पैँचेले पनि साथै बसेर खाजा खुवाएको देखेर उसकी आमाले भुत्तेलाई घरबाट निकालेर पैँचेलाई जनै फेर्न लगाइन् । घरभरि गाईको गहुँत छरेर के के गरिन् र फतफताइन् । आमा माइली बज्यैको कार्य देखेर पैँचे छक्क परिरहेको थियो । 'अब आइन्दा पैँचेको पछि लागिस् भने तेरो ज्यान लिनेछु र तेरो सारा परिवारलाई गाउँ निकाला गरिदिन्छु' भन्ने धम्की सुनेर पैँचे र भुत्ते डराए तर दुबैले कुरा बुझेनन् ।

उनीहरूबीचको मित्रता टुटेन । झन् बढ्दै गयो । पैँचेका बाबुआमाले पैँचेलाई पिट्न थाले । यसै गरी भुत्तेको घरमा धम्की पनि पुग्न थालेकोले उनीहरूले पनि भुत्तेलाई गाली र पिट्न थालेका थिए । दुबै साथी परेसान भएका थिए । उनीहरु बढ्दै जाँदा बुद्धिको पनि अलि विकास भएको थियो ।

हाम्रो कारणबाट हामी दुबैको घरमा शान्ति नभएको कुरा पनि उनीहरूले बुझ्न थाले पछि । दुबैले भागेर घर छोड्ने विचार गरे र घर छोडी भागे ।

बाटोमा अनेक दुःख कष्टहरू झेल्नुपरेका कारण भुत्ते गम्भीर बिरामी पऱ्यो, बेहोस भयो । पैँचेले अस्पताल पुऱ्यायो । अस्पतालको डाक्टरले भने, "यसको दुबै मृगौलाले काम नगर्ने भएको छ । यदि यसलाई कसैले मृगौला दिएमा बाँच्न सक्छ ।" पैँचेले विचार गऱ्यो 'यसैको लागि त साथीको आवश्यकता परेको हो । मेरो मृगौला दिन्छु' भनी डाक्टरलाई सूचना गऱ्यो ।

डाक्टरले उसको परीक्षण गर्दै पैँचेलाई भने,"साथीलाई बचाउन तपाईं मृगौला त दिन सक्नुहुन्छ तर तपाईंको बाँकी मृगौला पनि त्यति बलियो छैन । दुबैको भार एउटै मृगौलालाई पर्ने भएकोले तपाईंको आयु आधा घट्न सक्छ ।"

पैँचे तयार भयो । उसले डाक्टरलाई अनुरोध गऱ्यो "मेरो आयु आधा घटे पनि मेरो साथी बाँच्छ भने म तयार छु तर मेरा साथीलाई यो कुरा नभनिदिनुहोस् ।"

डाक्टरले त्यसै गर्दै पैँचेको एक मृगौला झिकेर भुत्तेलाई प्रत्यारोपण गरिदिए । केही दिनपछि भुत्ते तयार भयो र अस्पतालबाट बाहिर निस्यो । दुबै जना फेरि कामको खोजीमा हिंडे । बाटोमा संयोगवश एक सुन्दरी केटीसँग दुबैको मित्रता भयो । केटीले भुत्तेलाई मन पराई र भुत्तेले पनि मनमनै उसलाई मन पराउन थालिसकेको थियो तर पैँचेले पनि केटीलाई अत्यधिक मन परायो र साथीसँग प्रस्ताव गऱ्यो, "हेर साथी ! हामी दुईले एउटै केटीमाथि विवाद नगरौं, यो केटीसँग म बिहे गर्छु । तिमीलाई अर्की केटी खोजौंला हुन्छ ?"

भुत्तेले 'नाइँ' त भन्न सकेन । मनले भने यो प्रस्ताव चित्त बुझाएन । एक पटक पैँचे खानेकुराको खोजी गर्न गएको बेला केटीले सुझाव दिई "हे भुत्ते ! म तिमीसँग बिहे गर्न त तयार छु तर यो तिम्रो साथी बीचमा छ । पहिला यसैलाई ठीक गरौं अनि बिहे गरौंला न हुन्छ ? "भुत्तेले यहाँ पनि नाइँ' भन्न सकेन ।

साथीले खानेकुरा मागेर वा चोरेर ल्यायो किनभने उनीहरूसँग किन्ने पैसा पनि थिएन । 'जे गरेर भए पनि भोक त मेट्नै पऱ्यो ।' भन्ने सोचले काम गरेको थियो । आफूले ल्याएको खाना तीनै जनाले बाँडेर खाए । अलि पर हिंडेपछि एक चौतारो आकारको इनार देखा पऱ्यो । प्यासले छटपटिएकोले तीनै जनाले पानी खाए । विश्राम गर्ने सल्लाह केटीले दिई ।

पैंचे त्यहीं विश्राम गर्दै निदायो । दुवै जनाले सल्लाह गर्दै पैंचेलाई इनारमा खसाली दिए र भागे ।

दिनभरि हिँडेपछि साँझमा कतै विश्राम त गर्न पाए तर खान पाएनन् । केटीले सल्लाह दिई, "भुत्ते ! तिमी बलियो छौ । हामीसँग पैसा छैन । बरु चोरी वा डाँका गरेर पैसा बटुल अनि कतै गएर सुखपूर्वक जीवन बाचौंला" ।

श्रीमतीको कुरा उसलाई ठीक लाग्यो र त्यही दिनदेखि चोरी गर्न थाल्यो । सामान्य चोरीका कार्यमा एक दिन पुलिसको फन्दामा पऱ्यो ।

यसभन्दा अघि पैंचेलाई गाउँका मानिस आएर इनारबाट उतारी बचाएका रहेछन् । उसले पनि यी दुबैको नाममा उजुरी गरेको थियो । दुवै मुद्दा एकै दिन एउटा न्यायाधीश समक्ष पेस भएको रहेछ । भुत्तेको सामान्य चोरीभन्दा पैंचेको ज्यान मार्ने उद्योग सङ्गीन भएकोले न्यायाधीशले यसैमा छलफल केन्द्रित गरे । भुत्तेको अपराध प्रमाणित हुने प्रमाण फेला पर्दै गयो । अन्त्यमा भुत्तेले न्यायाधीशसमक्ष माफको लागि अनुरोध दर्ता गऱ्यो । 'यदि उजुरीकर्ता पैंचेले माफी दिए माफ हुने सक्ने' बताएपछि भुत्तेले माफीको लागि आफ्नो पूर्व साथीलाई अनुरोध गऱ्यो । पैंचेले पनि साथी नै भएको र उसको लागि घरपरिवार, पढाइ आदि सबै त्यागेर आएकोले एक पटक माफ गरिदिन विचार गऱ्यो तर उसले गरेको पूर्व उपकारको सम्झना गराउने विचारले भन्यो, "श्रीमान् ! मैले यो साथीलाई एउटा कुरा पैंचो दिएको छु । यदि त्यो फिर्ता गरे म माफ दिन तयार छु ।"

पैंचेले भनेको सत्य हो भने ल भुत्ते ! फिर्ता गर साथीको पैंचो सामान ।" न्यायाधीशले सोधे । भुत्ते सोचमा डुब्यो र भन्यो, "श्रीमान् ! मैले योसँग केही पैंचो लिएको छैन । के फिर्ता गर्ने ?" अब पैंचेको पालो आयो र भन्यो, "मैले यसलाई एक मेरो मृगौला दिएर बचाएको छु र मेरो आयु आधा घटाएको छु । त्यो मृगौला यसले फिर्ता गरे म माफी दिन तयार छु ।" भन्दै मृगौला दिएको सारा प्रमाण, चिकित्सकको प्रमाणसहित पेस गरेपछि भुत्ते आश्चर्यमा पऱ्यो । 'यदि साथीले मृगौला नदिएको भए ऊ अहिलेसम्म जीवित नै नहुने रहेछ । आफ्नो आयु आधा घटाएर साथीले बचाएको' कुरा सुनेपछि ठूलो आत्मग्लानीमा पऱ्यो यस्तो उपकारी साथीलाई मार्न खोज्दै ठूलो कृतघ्नी भएकोमा अपराध बोध भयो र चिच्याउँदै भन्यो "श्रीमान् ! मैले ठूलो अपराध गरेको रहेछु । म साथीको नामको कलङ्क हुँ । मेरो मृगौला र पत्नी साथीलाई दिलाई मलाई मर्न दिइयोस्" भन्दै अदालतको कठघरामै मुर्च्छित भयो ।

•••

लघुकथा

# वंश

• रञ्जना पराजुली (लम्साल)

छिँडीको दुईवटा स-साना कोठा । कोठाअनुसार भाडा पनि सस्तो नै थियो त्यो बेला । दुई छोरी सानै थिए । पछि फेरि दुई छोरी जन्मे । समय बित्दै गयो । समय सँगसँगै छोरीहरु पनि हुर्कंदै गए । कोठा भाडा, गाँस र खर्च बढ्दै गयो ।

अफिसबाट आएर लो-बेडमा थ्याच्च बस्छु । किन-किन आजभोलि म कमजोरी भएजस्तो महसुस गर्छु ।

"बाबा मेरो फि कहिले तिर्ने ?" आज सरले मलाई बेन्चमाथि उठाउनुभयो । साथीहरूको अगाडि कति लाज भयो, माइली छोरी एकोहोरो बोल्दै थिई । ठूली छोरी पल्लो कुनाबाट न्याउरो मुख लगाउँदै मलाई हेर्दै थिई । मानौँ उनको पनि केही भन्ने विचार थियो तर भन्न सकिरहेकी थिइन । ऊ अलिक ठूली थिई मलाई बुझेकी थिई जस्तो मलाई लाग्यो ।

साहिली छोरी, "बाबा-बाबा मेरो ब्याग थोत्रो भयो । सबै साथीहरूको नयाँ-नयाँ कार्टुन भएको ब्याग छ मेरो चाहिँ थोत्रो । नयाँ ब्याग नकिनिदिए म त भोलिदेखि स्कुलै जान्न ।" बिचरी साहिली छोरी ६ वर्षकी छे, उनलाई के थाहा जस्तो देखिन्, उस्तै भनिदिइन् ।

कान्छी छोरी काखमै आमाको दूध चुस्दै छे । जेठी र माहिली अलिक ठूला छन् ८ र ६ मा पढ्छन् । मजस्तो पढेलेखेको एउटा सरकारी कर्मचारीले महँगीको मार जान्दाजान्दै पनि छोराको आसमा किन चार-चार छोरी जन्माए ? मेरो बुद्धि कहाँ गयो ? मैले किन सोचिन ? सायद, सायद मेरो "वंश" मासिने डर थियो मेरो मनमा । शिक्षित भएर पनि रुढिवादीतिर लागेर आफैले आफैमाथि गरिबी निम्त्याए । श्रीमतीको शरीरमाथि खेलवाड गरेँ । छोरीहरूको इच्छा पुऱ्याउन सकिनँ । स्कुलको फी समयमै बुझाउन सकेको छुइन ।

महिना मर्छ, तलब थाप्छु । तलब थापेको दिन जब अफिसबाट भरिएको गोजी लिएर बाहिर निस्कन्छु । बाटोभरि समस्या नै समस्याहरु तँछाड-मछाड गर्दै मेरा प्रत्येक पाइलालाई पछ्याइरहन्छन् घर नपुगुञ्जेलसम्म । घर पुग्छु तलब थापेको थाहा हुन्छ श्रीमतीलाई । डराई-डराई मेरो मुखतिर नहेरी निहुरिएर भन्छिन्, यसपाली त एउटा चौबन्दी चोली सिलाइदिनु है । जिउ कमजोर भएर होला असाध्य जाडो होला जस्तो छ । फेरि म बिरामी भएँ भने

नानी र हजुरको स्याहार कसले गर्छ ?

बिचरी कमजोरी पनि किन नहुनु चार-चार सन्तानकी आमा । फेरि उनी अरूको श्रीमतीले जस्तो केही माग्दिनन् । यसपालीको तलबले पनि खै, छोरीहरूको फि तिर्नु कि, पसलमा रासनको तिर्नु कि, कोठाभाडा तिर्नु कि, ब्याग किन्दिनु कि, चौबन्दी सिलाइदिनु । मैले केही सोच्न सकिनँ । 'वंश' मासिन्छ भन्ने रूढिवादमा लागेर चार-चार छोरी पाउनु ठूलो पछुतो भएको छ ।

जे हुनु भइसक्यो अब पछुताएर केही हुँदैन बरू आउने दिनहरूलाई सही बाटोमा ल्याउँछु । दु:ख-सुख गरेर भए पनि यी छोरीहरूलाई पढाउँछु । यस्तै-यस्तै कुराहरु सोचिरहेको थिएँ । त्यति नै बेला कान्छी छोरीलाई दूध खुवाइरहेकी मेरी श्रीमती एक्कासि वाकवाक गर्दै छाद्न थाल्छिन् । म ट्वाँ पर्छु । आखिर यो लक्षण के हो त ?

*नयाँ बानेश्वर, बुद्धनगर*

•••

**कविता**

# समुद्र

**• लक्ष्मी उप्रेती**

समुद्र किनारामा उभिएर
हेर्दै छु पानीको संसार
पहाड बनेर उफ्रिएका पानीका तरङ्ग
पानीबाटै पृथक् अस्तित्व खोजेर
लप्कालप्का लहरहरूसित लहरिँदै
आउँछन् छालहरु
र
फर्कन्छन्
भूत, वर्तमान र भविष्यको काखमा
आफ्नो अस्तित्व समर्पित गर्दै

उद्विग्न मनभरि ओछ्याएर
माधुर्य सुललित तालहरु
स्वरहरु, समर्पणहरु र_हरु
दृश्यहीन मृगतृष्णामय दृश्यहरु ।

•••

लघुकथा

# फेसबुक भित्ता

• रामकुमार पण्डित क्षेत्री

"फेसबुक भित्तामा साह्रै राम्रो स्ट्याटस आ'को छ रे । यो स्ट्याटस राख्ने देशकै ठूलाका पनि ठूला हुन् रे । त्यसलाई मन पराउनेहरू लाख पुगिसके रे । प्रतिकृया लेख्ने चाहिँ आधा लाख पुगे रे । हजुरले चाहिँ लाइक गर्नु भो' त्यसलाई ?" फतरफतर गर्दै मलाई श्रीमतीले सोधी । यस्तै प्रश्न अरू साथीहरूले फोन गरेर सोधे । अनि इस्टमित्रहरूले पनि सोधे । मैले सबैलाई एउटै जवाफ दिएँ : "भ्याएकै छैन । म छिट्टै हेरेर लाइक हानी दिउँला ।" कसरी भ्याउनु ? समय भएको बेला बत्ती नहुने, बत्ती भएको बेलामा इन्टरनेट नहुने, इन्टरनेट भएको बेलामा केही न केही काम आइलाग्ने । बल्लबल्ल सबै थोक मिलेको बेलामा फेसबुक खोलेँ । खोल्नासाथ ठूलो व्यक्तिको स्ट्याटस आइहाल्यो । धेरैले मन पराएको कुरो माथि माथि बस्नु फेसबुकको नियम हो । तीनको स्ट्याटस पढेँ :

"साथी हो, मलाई रूघा लाग्यो । हाच्छ्युँ !"

म अलमल्ल परेँ । यस्तो स्ट्याटस पनि कसरी हिट भा'को? अनि बिरामी भएको कुरालाई कसरी मन पराऊँ ? उपचारको विधि लेखेर प्रतिक्रिया दिऊँ भने, रूघाको औषधि नजान्ने को चाहिँ होला र ? त्यसमाथि पनि त्यहाँ पचासौँ हजारले त केही न केही लेखेकै थिए । स्वास्थ्य लाभको कामनासहित डक्टरैजस्तो भएर औषधिको सल्लाह धेरैले दिएकै थिए । त्यसैले मैले प्रतिक्रिया पनि जनाइन । अनि त्यहीँ एक जना पुरूषले असाध्यै राम्रो सल्लाह दिएका थिए । त्यसलाई मन पराउने मेरै लाइक पहिलो भयो । मैले उनको नाममा क्लिक गरेँ । उनको पाना खुल्यो । आफ्नो भित्तामा उनले तीन दिन अघिदेखि सुन्दर कविता लेखेर राखेका रहेछन् । आश्चर्य, त्यहाँ उनी बाहेक अरू एक जनाले पनि मन पराएको र प्रतिक्रिया दिएको पाइनँ ।

*सिमलटार, काठमाडौँ*

•••

नियात्रा

# अमेरिकामा दसैं उत्सव

• रामप्रसाद पन्त

अमेरिका पुगेपछिको पहिलो शनिबार, अर्थात् १६ अक्टोर २०१० को चौथो प्रहर । म विष्णु पाण्डेको प्रतीक्षामा बसिरहेको थिएँ । नाताले उनी मेरा भान्जा । दिदीकी जेठानी दिदीका छोरा, मेरा पनि भान्जा ।

वास्तवमा मानिसको सम्बन्ध टाढा र नजिकको हुनुमा सम्पर्ककै प्रगाढताले महत्त्वपूर्ण भूमिका खेल्दो रहेछ । जुन मानिससँग जति बढी सम्पर्क भयो, जुन मानिससँग जति माया बाँड्न सकियो, त्यो त्यति नै नजिक हुँदो रहेछ । कुनै नातेदार नै किन नहोऊन्, रक्त सम्बन्धकै मानिस किन नहोऊन्, सम्पर्क छैन र बसाउठी पनि भएको छैन भने त्यो टाढाको महसुस हुन थाल्दछ ।

जन्मभूमि पहाड छाडेर मधेश पसिसकेपछि मेरी दिदीको घर जेठानीदिदीको घरसँगसँगै नभइदिएको भए र हाम्रो घरले पनि त्यस घरसँग सामीप्य नराखेको भए सायद हाम्रो सम्पर्क मात्र होइन, चिनजान पनि नहुन सक्थ्यो । यति मात्र नभई अमेरिकामा पुगेर पनि मेरो भाइको बसाइसँग सामीप्य रहनु संयोग नै थियो ।

शनिबारकै दिन भए पनि उहाँलाई भेट्न मैले लामै समय प्रतीक्षा गर्नुपर्‍यो । बिहानीपख वासिङ्टन मोनुमेन्टको सेरोफेरो घुमेर फर्कपछि लन्च गरेर म निदाएँ एक छिन । त्यसपछि उहाँको फोन कुरेर बसेको त झमक्कै अँध्यारो पो भएछ ।

तबसम्म मैले होटलको झ्यालबाट सानसँग उभिएको त्यही मोनुमेन्ट हेरिरहेँ, गाम्भीर्य प्रदर्शन गरिरहेको त्यही लिङ्कन मेमोरियलमा आँखा लगाइरहेँ । सानै भए पनि बारम्बार आँखा परिरहने ज्याफर्सन मेमोरियलमा आँखा बिसाइरहेँ । त्यहीँ नजिकै बाटोको पारिपट्टि डमक्क बसिरहेको संसारको तारो पेन्टागनमाथि नजर बर्साइरहेँ र अलिकति तलपट्टि पोटोम्याक नदीको पश्चिमी किनारमा रहेको रोनाल्ड रेगन राष्ट्रिय एयरपोर्टबाट प्रत्येक ३/४ मिनेटको अन्तरमा उडिरहेका/बसिरहेका विमानहरू हेरेर टोलाइरहेँ ।

७ बजे होटलको प्राङ्गणमा मोटर आएको सूचना मिल्यो । म विलम्ब नगरी कोठाबाट बाहिर निस्किहालेँ । अटोम्याटिक ढोका बन्द भए होला र आफैँ लक पनि भए होला ।

मोटरको अघिल्लो सिटमा विष्णुदम्पत्ती बसेका थिए । म पछाडिको

ढोका खोलेर मोटरभित्र छिरेँ । मोटर कुद्यो त्यही पोटोम्याक नदी तरेर । जुन बाटो म सेमिनारको सिलसिलामा बसद्वारा गुडिरहन्थेँ तर अलि परबाट मोटरले त्यो बाटो छाड्यो र ठूलो फराकिलो झल्झलाकार बाटो हुँदै गन्तव्य पछ्यायो ।

तबसम्म हामीबीच सन्चो बिसन्चो, आउनुको उद्देश्य र आएपछिका अनुभवहरूका बारेमा चर्चा भइसकेको थियो । भान्जीबुहारीसँग यसअघि देखादेख मात्र भए पनि बोलिचाली नभएको हुँदा त्यो औपचारिकाता पनि पूरा हुँदै थियो तर मसँगै सिटमा बसेको बच्चा कचकच गरेर हाम्रो वार्ता भङ्ग गर्दै थियो बारम्बार । उसलाई मैले यसअघि देखेको रहेनछु । त्यो एकमात्र बच्चा । स्वास्थ्यको कारण सायद अर्को बच्चाको अवतरण नहुने गरी लाडप्यारसहित पुलपुल्याएर पालिएको होला त्यो ७/८ वर्ष बालक ।

बाबुआमासँग गरेको कचकच र मजस्तो अपरिचित व्यक्तिमाथि परेको उसको लात मेरो लागि अप्रिय लागिरहेको थियो तर ऊ भने अङ्ग्रेजी भाषामा यति बर्बराइरहेको थियो कि रून खोज्थ्यो, मुर्मुरिन्थ्यो, 'बोर लाग्यो, म हैरान भएँ' भन्थ्यो । पछाडिबाटै आमाको गर्दन ङ्याक्न खोज्थ्यो, साथमा भएका खेलौना बजाथ्यो, बाबुआमाले भनेको एक कुरा सुन्दैनथ्यो । मेरो बच्चा हुन्थ्यो भने म त्यसलाई एक झापड कस्थेँ र चुप लाग्न बाध्य पार्थें तर उनीहरू भने एक छिन पर्खन भन्थे, घर पुगेर जे चाह्यो त्यही पूरा गरौँला भनी त्यसलाई भुलाउन खोज्थे ।

भान्जी अर्थात् शोभा पाण्डे मलाई ठाउँ विशेषको परिचय गराउन खोज्दै थिइन्– 'हामी वासिङ्टनको अत्यन्त महत्त्वपूर्ण रोड १४ स्ट्रिटमा पुगेका छौँ । हामी धेरैभन्दा धेरै डिपार्टमेन्ट (मन्त्रालय) भएको डिसीको मुख्य केन्द्रमा छौँ । यो फलानो डिपार्टमेन्ट, यो फलानो भवन, यो रोनाल्ड रेगन विल्डिङ, यो ज्याफर्सन (सेकेन्ड राष्ट्रपति) भवन, अलिकति यता क्यापिटल हिल अर्थात् अमेरिकी काँग्रेस (सिनेट) र यतापट्टि ह्वाइटहाउस ।

देखिइहाल्यो नजिकै मोनुमेन्ट । घुम्दै फिर्दै रून्जाटार । बिहान अर्को बाटो भएर आएका थियौँ, अहिले अर्कै बाटो । वास्तवमा हेर्नुपर्ने त बेलुका पो रहेछ त ! चौतर्फी झिलिमिली । पार्कमा हरिया, नीला र पहेँला बत्ती । पार्कको सौन्दर्य देदिप्यमान भूखण्ड ।

गाडी रफ्तारमा छ । न गति कम गर्न हुन्छ, न रोक्न मिल्छ । म चकित छु । थाहा छैन कता जाँदै छु । म मात्र होइन, विष्णु पनि अन्यौलमा छन् । शोभा गाइड गर्दै छिन् – 'यता घुमाउनुस्, उता घुमाउनुस् र यताबाट छिराउनुस् ।'

वास्तवमा मलाई बीच बाटोमा आएपछि मात्र थाहा हुँदै छ, म उनीहरूको घरतिर जाँदै रहेनछु । म त शोभाकी फुपूको घरमा पो जाँदै रहेँछु । हामीले आज रात्रीभोज त्यहीँ गर्ने रे ! दसैँको पूर्वसन्ध्यामा दसैँ भोज खुवाउने पालो फुपूको ।

म त्यसबखत पो म झसङ्ग भएँ– भोलि त बडादसैँ पो रहेछ ।

धत्तेरिका ! दसैँको दिन भान्जाभान्जीको घरमा खानुपर्ने भो ! टीका लगाइदिने अपूर्व अवसर त मलाई मिल्ने नै भो तर दसैँ सम्झेर नमज्जा लाग्यो कता कता । पूर्वस्मृति भयो मलाई– बाबुआमाका हातबाट टीका लगाएको र आशीर्वाद मागेको अनि गाउँघर, मावली, ससुराली चालेको । कालान्तरमा बाबुआमाको शेषपछि दाजुभाउजूको घरमा हुने गरेको जमघट जुन पोहोरसाल पनि भएको थियो तर म यस बेला कति हुस्सु भएँछु कुन्नि ! यस पालाको दसैँ तिहार अमेरिकामै हुने भो भन्ने मनस्थिति बोकेर हिंडेको मानिस यति चाँडै कसरी भुसुक्क बिर्सन पुगेँछु । सम्झाइदियोस् कसले ? क्रिश्चियन, मुस्लिमहरूको बाहुल्यमा ! सम्पर्कमा आएका केही भारतीय र नेपालीसँग पनि दसैँको चर्चा हुन सकेन ।

म मनमा यी तर्कना गर्दै थिएँ, टीकाटालोको फाइनल पनि गरिहाल्नुभो विष्णुले – 'हाम्रै वंशका एक जना दाइको वार्षिकी नसकिएकोले यो वर्ष हामी टीका लगाउँदैनौँ तर टीका लगाउने जमघटमा भने हामी सम्मिलित हुनेछौँ । भोलि ठूलै लर्को लाग्छ आमाकहाँ, अर्थात् शोभाकी आमा ... ।'

कुरैकुरामा हामी कताबाट कता पुग्यौँ, मैले अत्तोपत्तो पाइन तर शोभाले विष्णुलाई गाइड गर्दै लगेर गाडी पार्किङ गराइन् र एक छिन हिंडाएर एउटा भवनको तीन तलामाथि पुऱ्याइन् । प्रायः नेपालीहरू नै बस्ने गरेको त्यस अपार्टमेन्टको एउटा फ्ल्याटमा बसेकी रहिछन् फुपू । उनीहरूकी मैयाँ दिदी ।

डिसीको मुटु भएकोले महँगो रहेछ त्यहाँको भाडा । भर्जिनिया वा मुख्य सहरदेखि अलिकति भित्रका ठाउँहरूमा भए आधामै पाइने फ्ल्याट त्यहाँ मासिक १५ सय डलर पर्दो रहेछ अर्थात् नेपाली रूपैयाँ सवा लाखभन्दा बढी ।

यी सबै कुरा सुनाउँदै थिइन् शोभा ।

म तर्कना गर्दै थिएँ – कमाइअनुसार खर्च गर्ने त हो ! कमाइ छ र त खर्च गर्न सकिएको छ । नेपालमा भए दुई बेडरूम, एउटा भान्सा र एउटा अतिथि कक्षको लागि बढीभन्दा बढी कति कल्पना गर्थ्यौं होला !

दसैँको रन्को छ मैयाँ दिदीलाई । हामी पुग्नेबित्तिकै सेल रोटी, अचार र चिया आयो टेबुलमा ।

बढी भयो भन्दाभन्दै पनि फुपूको करले खाइयो दुईवटा सेलरोटी । रोटी पनि नमिठो त होइन, त्योभन्दा मीठो थियो अचार । मेरै जन्मजिल्ला गुल्मीको रिडीले प्रसिद्धि कमाएको चुकौनी । दही, आलु र अरू मरमसला मिसाएर बनाइने चुकौनी । अलिकति तरकारीको पनि काम गर्ने र बढी अचारको स्वाद दिने स्वादिष्ट परिकार चुकौनी ।

त्यही चुकौनीको स्वादमा पनि बढी खाइयो सेल ।

म भन्दै थिएँ– बढी भयो चिया । यति बडेमाको गिलासमा टनक्कै दूधको चिया ।

पहिलो कुरा त यदाकदा विशेष परिस्थितिमा बाहेक दूधको चिया नखाने मानिस, दोस्रो कुरा पेटले थेग्नै नसक्ने गरी कपैभरि ।

मैले कम गर्न अनुरोध गरेँ । त्यहाँ पनि फुपूको जोड रह्यो – 'खाइन्छ, हतार छैन, बिस्तारै खाइन्छ । खाइएन भने त्यहीँ रहन्छ केही फरक पर्दैन । तपाई भरखर नेपालबाट आउनुभएको छ, त्यसै भएर तपाईंलाई खाने बानी परेको छैन । यहाँको खवाइ बेग्लै छ, थोरैले छुँदै छुन्न । बस्दै गरेपछि बानी पर्छ खान पनि ।

हो, फुपूको कुरालाई म मनमनै समर्थन गर्दै थिएँ । अमेरिकीहरूले खाएको देख्दै थिएँ– कति खाएका ! कति खान सकेका ! चिया कफी त टुट्दै टुट्दैन । मौका पर्‍यो कि खाइहाल्ने । बिहानैदेखिको रूटिङ डर लाग्दो । सातै बजे ब्रेकफास्ट, कुनै काम वा कार्यक्रम सुरु गर्नुअघि चिया, चिप्स, निम्की, बिस्कुट । त्यसपछि ब्रन्च (हल्का खाना) र क्लासको बीचबीचमा चिया कफी । दिउँसो लन्च (पूर्ण भोजन) र क्लास सकिएपछि स्न्याक्ससहित चिया कफी । बेलुका ८/९ बजे डिनर र यदाकदा सुत्नुअघि सपर अर्थात् हल्का खाना ।

म त उनीहरूको खानासँगै हराउँदो रहेँछु ।

हाम्रा नेपालीहरू सिकिसकेछन् उनीहरूसँग चल्न ।

उनीहरूसँगै बस्ने, उनीहरूसँगै काम गर्ने र उनीहरूकै हावापानीलाई आत्मसात् गरेर बसेपछि स्वतः उनीहरूजस्तै त भइने भयो । चिसो हावापानी खाएर परिश्रमपूर्ण काम गरी शरीर तताएपछि भोक त लाग्ने नै भयो । पैसा प्रशस्त कमाएपछि खानको के पीर । मैले अमिरिकी जीवनशैलीलाई हेरेर मनन गरेँ– काम खोज्न मात्रै पीर, काम गर्न मात्रै पीर, कामबाट कसरी समय बचत गर्ने भन्ने मात्रै पीर । यी सबै पीरैपीर मिलिसकेपछि खान केको पीर ?

आफन्तहरू एकपछि अर्को थपिँदै थिए । विष्णु, शोभा वा मैयाँ दिदी (फुपू) आगन्तुकहरूको परिचय दिँदै थिए । त्यसै बेला एक जना अग्ला

पातला मानिस छिरे । छक्क परेँ म, दङ्ग परे उनी ।

कसरी हुन सक्यो यो अकस्मात् भेट !

उनी र मबीचको यो मधुर मिलनले देख्नेलाई समेत विस्मित तुल्यायो ।

करिब तीस वर्ष अघिदेखिका परिचित मित्र । बीचमा भेटघाट, सरसम्पर्क हुन नसकेको पनि दसकौँ भयो । अहिले भेट हुँदै छ दूर देशमा ।

अब हामीलाई समय बिताउन विषय प्रसङ्गको आवश्यक परेन । म अमेरिका पुग्नुको प्रसङ्ग अनौठो थिएन तर उनी अमेरिका पुग्नु र बस्नुको घटना एकादेशको कथाजस्तो तिलस्मी पाराको थियो ।

एउटा ट्राभल एजेन्सीका सञ्चालक ती मित्र कुनै अन्तर्राष्ट्रिय एजेन्सीसँग सम्बन्ध गाँस्ने र विदेशी पर्यटक भित्र्याउने उद्देश्यले आएका होलान् भन्ने मेरो सामान्य अड्कल थियो तर उनले मेरो त्यस सोचाइको विपरीत मजस्तो एउटा सामान्य नागरिकलाई पनि चिन्तित तुल्याउने खालको वाक्य बोले – जुन सच्चा नेपालीका लागि पीडादायी थियो ।

भन्दै थिए – 'म त छोडेर आएँ ।'

'के छोडेर आउनुभयो ?'

'ट्राभल एजेन्सी ।'

'अब कहिले जानुहुन्छ ?'

'जान्न । आंशिक रूपमा जानेक्रम चलिरहेको छ ।'

'कति भयो आउनुभएको ?'

'आठ वर्ष ।'

'किन छाड्नुभयो त्यति ठूलो बन्दव्यवसाय ?'

'श्रीमती र छोराछोरी छोड्न सकिनँ, त्यसैले ।'

उनको कुरा सुनेर म निकै मर्माहत भएँ । नेपालबाट शिक्षित र चेतनशील वर्ग त आए आए, पचासौँ कर्मचारी राखेर त्यति ठूलो ट्राभल एजेन्सी चलाई लाखौँ आर्जन गरिरहेको एउटा उद्योगपति पनि बिदेसियो भने नेपालीले अरू के आशा गर्ने ?

उनी थिए– स्टुडेन्ट ट्राभल एण्ड टुर्स चलाएर बसेका नेपालका छापाहरूमा बेलामौकामा छाइरहने सीताराम प्रसाईका भाइ शिवराम प्रसाई ।

उनले आफ्ना बाध्यताहरू सुनाउँदै थिए – 'पढ्नका लागि आएका छोराछोरीहरू फर्कनन्, उनीहरूलाई छाड्न नसकेर श्रीमती पनि यतै बस्न थालिन् । म एक्लै कसका लागि बस्ने र कसका लागि कमाउने भनेर आएँ ।'

नेपालको शैक्षिक गतिविधिबाट हैरान भएर अध्ययनार्थ बिदेसिएका सन्तानका बाबुआमा र डिभि परेर अमेरिका बस्ने बाबुआमाका छोराछोरीहरूको

समस्याको कडी उस्तै उस्तै थियो अर्थात् पढाइ सकेर फर्कनुभन्दा एक्लै परेका बाबुआमा तान्ने छोराछोरी र छोराछोरीको पढाइ छाडेर फर्कन नसकेका बाबुआमाहरू ।

यसैका सिकार थिए शिव बन्धु ।

नेपालको धमिलो राजनीति सङ्लियो र छोराछोरीको मन पग्लियो भने नेपाल फर्कन सकिने सम्भावना देख्ने प्रसाईंको भनाइ मेरा लागि आश्वासन जस्तो मात्रै लाग्यो । उनीमात्र होइन, यस्तै सम्भावनाका कुरा गर्ने धेरै नेपालीहरू मलाई मानौँ आशाको काँचो धागोले बाँध्न खोज्थे । जुन बँधाइमा म बाँधिन सक्दिनथेँ । ती भनाइहरूमा मैले विश्वास गर्ने आधार भेट्दिनथेँ ।

हाम्रो कुराले निकै बिस्तार पाएको थियो र सबैका लागि रहस्यमय लागेको थियो । यसबीचमा नातासम्बन्धका कुराहरू पनि भएका थिए । उनी त विष्णु भान्जाका साढु दाइ पो रहेछन् त । काठमाडौँलाई केन्द्रविन्दु बनाएर सुदूरपूर्व र पश्चिमको सम्बन्ध जोडिनु पनि मेरा लागि जिज्ञासाकै विषय थियो ।

अध्ययनको सिलसिलामा सन् १९६२ मा अमेरिका गएका काठमाडौँ मरूहिटीका मुरारिबहादुर केसी अध्ययन सकी फर्केपछि एनआइडिसीमा जागिर खाई सह-महाप्रबन्धकसम्म भएर अवकाश लिए । अध्ययन गरेकै नाताले उनको बेलाबखत अमेरिका जानेआउने क्रम चलि नै रह्यो । आफूसँगै उनले श्रीमती गम्भीरकुमारीलाई पनि अमेरिका घुमाए । बस्ने इच्छा जाग्यो, बसेर काम पनि गरे । बस्दाबस्दै उनलाई अमेरिकाले मोहनी लगाउन थाल्यो । लाइनै जन्मेका पाँचवटी छोरीलाई क्रमशः उतै ताने, पढाए र जागिरमा लगाए ।

यतिमात्र हो र ! बाबुका छ सन्तान मध्ये जेठा मुरारिले भाइहरूलाई पनि ताने, बहिनीहरूलाई पनि ताने ।

दश वर्षअघि क्यान्सर रोगबाट अल्पायुमै मरेका मुरारिकी श्रीमती गम्भीरकुमारी अहिले पनि जिवितै रहिछन् । उनका पाँचजोडी छोरी ज्वाइँ, नातिनातिना र पनाति पनातिनासमेत गरी दुइदर्जन बढी सन्तानले डाँडाकाँडा ढाकेका रहेछन् । देवरका सन्तान र नन्दका सन्तान समेत गर्दा त कति हो कति ?

फुपूको घरमा ती सबैको आंशिक उपस्थिति भए पनि भोलि आमा गम्भीरकुमारीको हातको टीका थाप्न सन्तान, दरसन्तानको लर्को लाग्नेछ । यी सबै कुरा सुनाउँदै थिए — शिव र विष्णु ।

गम्भीरकुमारीको नाति पुस्ता तास खेल्नमा मस्त थियो । उनीहरू प्रतिप्वाइन्ट एक डलरको हिसाबले खेल जमाइरहेका थिए । उनीहरूबीच

जति वादसम्वाद हुन्थ्यो, तासका नियमका कुराहरू हुन्थे, ती सबै अङ्ग्रेजीमा हुन्थे । ठूला थरेले प्रश्न गरे भनेमात्र आक्कलझुक्कल नेपाली बोल्थे ।

भित्ताको घडीले आवाज दियो– दशले नेटो काटिसकेछ । समय बितेको पत्तै भएन । 'भोलि बिहान सातै बजे छोरालाई खेल मैदानमा पुऱ्याउनुपर्छ । उसको फुटबलम्याच छ । अब खाना खानुपऱ्यो'– विष्णुले आफ्नो समस्या बताए । अनिमात्र खानपिनको सुरसार भयो ।

११ बज्न लाग्दा नलाग्दै बिदा भयौँ हामी त्यहाँबाट ।

आएकै बाटो ९५ इन्टरेष्टेड (फ्रि वे) हुँदै हामी लाग्यौँ जर्जस्टेटतिर । त्यस्तो मध्यरातमा पनि मानिसको चहलपहल र बत्तीको झिलिमिली देखेर मैले सोधेको थिएँ– 'यो कस्तो सहर हो, जुन सहर सुत्नुपर्ने बेलामा उल्टै जागिरहेको छ ?'

मैले सोधेजस्तै गरी विष्णुले जवाफ दिएका थिए– 'ठीक भन्नुभयो तपाईले, यो डिसीको पुरानो सहर हो, कलात्मक सहर । यहाँ संस्कृतिका प्राचीन नमूनाहरू देख्न पाइन्छ र सांस्कृतिक झलकहरू हेर्न पाइन्छ । त्यसैले यो सहर दिनमा भन्दा रातमा जाग्छ ।'

अहिले भने म अघिल्लो सिटमा छु । अगाडिको सिटमा बस्नेले बेल्ट बाँध्नुपर्ने नियमलाई मैले पनि पालन गरेको छु । पछिल्लो सिटमा छन् आमा छोरा । बच्चा अघिजस्तो उग्र त देखिएको छैन तर उसकी मम्मीसँग कचकच गर्दै छ ।

दिउँसोमा जस्तो जामको समस्या नहुने रातीको समयमा प्रतिमाइल ५०/६० को दरले हाँक्दा पनि हामीलाई भर्जिनियाको उडब्रिज पुग्न पौने घण्टा लाग्यो ।

उडब्रिजको लेकरिज विष्णुदम्पत्तिको निवास । यो ठाउँ भर्जिनियाको सुन्दर ठाउँ मानिँदो रहेछ । जसरी डिसीको नर्थवेष्ट अर्थात् ह्वाइटहाउस एरिया राम्रो मानिन्छ, त्यस्तै ।

एक दम्पत्ति र एउटा बच्चाको लागि तीन तले सुन्दर घर । कोठाको कमी छैन । म निर्देशित एउटा कोठामा प्रवेश गर्छु । विलम्ब नगरेर बाह्र बज्न नभ्याउँदै हामी सुतिहाल्छौँ ।

बिहान म उठ्दा विष्णुले छोरालाई फुटबलम्याचका लागि गाडीमा हालेर लगिसकेका थिए । शोभा सरसफाइ गर्ने र लुगामा आइरन लगाउने काममा तल्लीन थिइन् ।

म उठेर आफ्नो दैनिकी सकेपछि उनले चिया नास्ता खुवाइन् र कोठा मिलाउँदै मसँग कुरा गर्न थालिन्–

'हेर्नुस् न शारीरिक दुर्बलता र अस्वस्थता हुँदाहुँदै पनि काम नगरी सुख छैन । खुट्टा दुख्ने र टाउको भनन्न हुने मेरो दीर्घकालीन रोग छ । यसै भएर पनि मैले धेरै समय काम गरिनँ । बरू एउटाको कमाइ खाएर बस्न सकिन्छ तर काम गर्ने मान्छे राखेर बस्न सकिन्नँ । आफूले कमाएजति उसलाई नै दिनुपर्छ, अनि के गर्ने ?'

'कमाउन त कमाएकै हो नि हामीले । दुईवटा घर भाडामा छन् । दुई लाख पचासहजारमा किनेको यो घर डेकोरेसन गर्दा तीन लाखजति पऱ्यो । यो घर लिएको धेरै भएको छैन । ठाउँ विशेषले गर्दा पनि मूल्यमा फरक पर्छ । यो अलि बढी महँगो ठाउँ भएकोले घरको मूल्य पनि बढी परेको ।'

उनी नेपालको सम्पत्तिको बेलिबिस्तार लगाउँदै थिइन्–

'मेरा बाबुको चालिस/पचास रोपनी जग्गा छ काठमाडौँमा । घर छ पुल्चोकमा । सयौँ बिघा जग्गा वीरगन्जमा । जनकपुरमा वृद्धाश्रम र चितवनमा क्यान्सर अस्पतालका लागि सहयोग उपलब्ध गराइएको छ । त्यो सबै सम्पत्ति हामी दिदी बहिनीहरूले बाँड्ने हो, दाजु भाइ छैनन् । हेर्ने, सम्हाल्ने मान्छे छैन । नेपाल गएर भएको त्यही जग्गा जमिनको सदुपयोग गरेमात्र पनि हामीलाई पुग्छ ।'

कुरा गर्दागर्दै साढे आठ हुन थालिसके छ ।

उनी हतार हतार अन्डरग्राउन्डतिर ओर्लिन्– पूजा सकेर आइहाल्छु भन्दै । प्रायः घरका अन्डरग्राउण्डमा वेसमेन्ट हुँदोरहेछ । जहाँ लुगा धुने र सुकाउने मेसिन, अनि ग्याँस पानी बत्तीको उचित व्यवस्थापन गरिएको हुँदो रहेछ ।

शोभाले पूजा सकेर निस्कँदासम्म मैले घरको सामान्य अवलोकन गरेँ ।

ढोका खोलेर बाहिर निस्कैँ ।

आकाश निर्मल छ । अरूण प्रकाश छरिएको छ बस्तीमा तर चिसो छ वातावरण ।

मैले त्यस आवासीय क्षेत्रको सूक्ष्म निरीक्षण गरेँ । बीचमा बाटो छ । वरिपरि अलि उच्च ठाउँमा अलिकति स्पेस छाडेर बनाइएका सुन्दर घरहरू छन् । घर अगाडिको भाग दुबो र फूलहरूले ढकमक्क छ । बस्ती सुनसान छ, मानौँ मानवविहीन बस्तीजस्तो । प्रायःजसो घरअगाडि दुईवटा गाडी ठडिएका छन् । कोही मानिस घरबाट निस्क्यो भने गाडीमा बसिहाल्दो रहेछ र चलाएर हिँडिहाल्दो रहेछ । अन्यथा शान्त । कतै कसैको आवाज छैन । कतै कसैको गुनासो छैन । मान्छे मस्त अलमस्त छ घरभित्र या व्यस्त अतिव्यस्त छ कार्यालयभित्र ।

शोभा सर्ट, पाइन्टमा छाँटिएर घर बाहिर निस्किइन् । मोटरको साँचो खोलेर भित्र छिरिन्, भित्रबाट लक खोलेर मलाई सँगैको सिटमा बस्न अनुरोध गरिन् र बेल्ट बाँध्न सम्झाइन् । गाडी लेकरिज बस्तीबाट बाहिर निस्केर होड्ली रोडमा गुड्न थाल्यो ।

गाडी यसरी बगिरहेको थियो कि मानौँ म हावामा तैरिरहेको छु । घच्याकघुचुक, हल्लिने, ढल्किने केही पनि भएको छैन । बाटो त उस्तै हो, खाल्डाखुल्डी त कतै देख्न पाइँदैन, यो सबै मैले हिजो पनि अनुभव गरेको थिएँ तर आजको बगाइ चालकको कुशलता मात्र होइन होला ! मैले आफ्नो मनको खुलदुली मेट्न खोजेँ शोभासँग ।

उनले भनिन्— 'फरक अरू केही होइन, गाडी हो । ऊ ३० हजार डलरको यो ६० हजारको । धेरै लक्जेरियस गाडी हो यो । अहिले यसको मूल्य अझ बढेको छ ।

म एक पटक आफ्नो जीवनशैलीमा फर्कँ – म फुटपाथेलाई मोटरकारको कुरा के थाहा ! कुन मोटरकार कस्तो हो, कुन कस्तो ! म त उस्तै देख्छु हिजो विष्णु चलाएको कार र आज शोभाले चलाएको कार ।

शोभालाई अमेरिका बारे लामो अनुभव छ । अमेरिकी कलेजकै विद्यार्थी उनी । उनका बाबुको कृष्णप्रसाद भट्टराईसँग घनिष्ठता । प्रधानमन्त्रीको हैसियतमा अमेरिका भ्रमणमा गएका बेला भट्टराई शोभालाई भेट्न उनकै निवासमा गएका । 'तिमीजस्तो ट्यालेन्ट मान्छे यहाँ बस्नु हुन्न, नेपाल आऊ, म तिमीलाई भनेजस्तो जागिर दिन्छु' भनेका । तर समयको अन्तरालमा प्रधानमन्त्रीबाट मुक्त भएपछि भेट्दा असमर्थता देखाएका ।

आदि अनुभव सुनाइन् बाटोमा शोभाले ।

बिहा भइसकेपछि पत्नीको हैसियतले पति पनि अमेरिका छिरेको पन्ध्र वर्ष भइसकेछ । उनले मरूहिटीका गल्ली बिर्सिइन् होला, अमेरिकाका गल्ली गल्ली कण्ठ पारेकी छन् । त्यसैले त हिजो सिकाउँदै थिइन् बाटोको रूपरेखा विष्णुलाई ।

बाटो त्यति व्यस्त छैन । एकनास हाँकेकी छन् शोभा । हुत्तिएका छन् बाटो छेउका गुचमुच्च रूखहरू विपरीत दिशातिर । डाउनफ्रिज रोडमा पुग्दा बाक्लिन थालेका छन् मोटरहरू । शोभा भन्दै छिन् – 'अब आउनै लाग्यो बाबुको खेल मैदान ।'

भन्दा नभन्दै उनले गाडी मोडिन् फनक्क र छिराइन् एउटा खुल्ला दुबे मैदानमा । घेरा लागेर बसेका/उभिएका थिए दर्शक र खेल खेलिरहेका थिए किशोरहरू ।

शोभाले गाडी साइड लगाइन् । थर्मस र ग्लास निकालेर मेरो हातमा थमाइन् र आफूले गाडीको पछाडिबाट दुईवटा फोल्डिङ कुर्सी निकालेर दर्शक लाइनमा लगी ठड्याइन् । एउटा कुर्सीमा म बसेँ, अर्को कुर्सीमा उनी तर उनी बसिरहिनन्, विष्णुलाई फोन गरेर आइपुगेको जानकारी दिइन्, छोराको टिमलाई ताली ठोकेर उत्साहित पारिरहिन् । म चाहिँ शानसँग कुर्सीमा बसेर कफी पिइरहेँ, खेल हेरिरहेँ, फोटो खिचिरहेँ ।

शोभाको भनाइमा हातले फ्याँक्ने र खेलाडीले झम्टेर समाउने चेप्टो हातेभकुण्डोलाई फुटबल भनिँदोरहेछ । हामीले हेर्ने फुटबल त अमेरिकीहरूको 'सकर' रे ! मानिसका आ-आफ्ना रूचि हुन्छन् । शोभालाई त्यो भन्दा आकर्षक खेल अरू लाग्दैन रे ! मलाई भने त्यस खेलले उत्साहित गरेन । मैले ग्राउण्डदेखि परको वृक्षविहीन दुबे सुन्दर थुम्को हेरिरहेँ । त्यसैको छेवैबाट रश्मि छरेर न्यानोपन दिइरहेको सूर्यलाई छातीमा लगाइरहेँ । दायाँबायाँ पङ्क्ति मैदानको छेउमा पहरा दिइरहेका वृक्षपङ्क्तिको सौन्दर्य हेरेर मोहित भइरहेँ ।

खेल सकियो । छोराको टोलीले हाऱ्यो । खिन्न भइन् शोभा ।

अब हिँडिहाल्यौँ माइँली दिदीको घरमा । आज आमाले दसैँको टीका लगाइदिने घर । मानिसहरू आइसके होलान् ।

शोभालाई हतार छ, दिदीको घर जान भन्दा पनि आमालाई भेट्न । टीका लगाउन भन्दा पनि टीका लगाएको हेर्न । खान भन्दा पनि सबैलाई भेटेर दसैँको खुसीयाली बाँड्न ।

बसाइको क्रम फेरियो । म विष्णुको कारमा बसेँ, आजको खेलाडी शोभाको कारमा बस्यो । गाडीहरू अघि पछि हुँदै पुगे _ ।

त्यहाँका घरहरू विष्णुका बस्तीमा जस्तो छुट्टाछुट्टै थिएनन्, एक आपसमा जोडिएका थिए । ती घरहर साउण्डप्रुफ र फायरप्रुफ हुँदारहेछन् । अर्थात् एउटा घरभित्र जति हल्ला गरे पनि अर्काको घरमा आवाज नसुनिने र एउटा घरमा आगलागि भयो भने अर्को घरलाई क्षति नपुग्ने । यतिसम्म कि घरभित्र बढी धुवाँ फैलियो भने घर बाहिर साइरन बज्ने । यस्तो सुविधासम्पन्न भएपछि घरै जोडिएर के भयो ?

हामी पुग्दा शोभाकी आमा गम्भीरकुमारी आशन जमाएर बस्नुभएको थियो । आज टीका थाप्न आउने सबैकी सर्वश्री माता, आशीर्वाद दाता ।

टीका लगाउने क्रम सुरू भइसकेको थियो । विशेषगरी कन्या कुमारीहरू र बालबच्चाहरू टीका थाप्दै थिए । म एउटा कुर्सीमा बसेर फोटो खिच्दै थिएँ । केटाकेटीको क्रम सकिएपछि गम्भीरकुमारीले मलाई बोलाउनुभयो । म असजिलो मानीमानी उहाँसामु बसेर टीका थापेँ ।

टीका थाप्दै गर्दा मैले आफ्नो कर्तव्य के हुने ? बारे अन्तर्मन्थन गरेँ । शोभाको नातो लगाउँदा भान्जीबुहारी अर्थात् भान्जीकी आमा मेरी दिदी । अगाडिको नाता जोड्दा चाबेल निवासी मेरै ससुराका साथी मिश्र बन्धुकी बहिनी अर्थात् जेठीसासू ।

सोच्दै थिएँ–

गम्भीरकुमारीले एउटा खाम निकालेर मतर्फ बढाउनुभयो । मैले नलिने मनशाय राखेँ । भनेँ – 'यो त उल्टो भयो' । तर उहाँले मान्नुभएन– 'यो सुल्टै भएको छ, लिनुस् लिनहुन्छ ।'

त्यसपछि मैले अप्ठ्यारो मानीमानी लिएँ र यसरी चित्त बुझाएँ – आफूभन्दा ठूलाको आशीर्वाद, ठूलाले दिएको प्रसाद ग्रहणयोग्य हुन्छ ।

टीका लगाउन आउने जाने क्रम चलिरहेको थियो । रक्तसम्बन्ध राख्नेहरू आपसमा घुलमिल हुन्थे र बढी समय बस्थे । टीका थापेर ठूलाको आशीर्वाद लिन आएकाहरू प्रसाद फलफूल लिन्थे र जान्थे । यसै क्रममा आइपुगे एक जना जयराम उर्फ कुमार भण्डारी । अरू-उनलाई जयराम दाइ भनेर सम्बोधन गर्दा रहेछन् तर उनको असली नाम चाहिँ कुमार भण्डारी रहेछ ।

एकताका उनी नेपालमा राजनीति गर्दारहेछन् । २०५५ सालमा खुल्ला मञ्चमा आमसभा गरी 'राजा आऊ देश बचाऊ' भन्ने नारा लगाउँदा ढुङ्गा मूढा भएपछि हतास भएर राजनीति त्यागी अमेरिका छिरेका कुमार बाल्टिमोरमा बस्दारहेछन् । कसैसँग भेट भयो कि राजनीतिक गफ सुरु गरिहाल्ने बानी भएका कुमारले वर्तमान नेपाली राजनीतिको खुलेर आलोचना गरे । र, निचोड निकाले– 'मूढेबलबाट आएको यो गणतन्त्र धेरै टिक्दैन । राजतन्त्र फर्कन्छ फर्कन्छ । त्यसपछि नेपाली राजनीतिमा म पुनः सक्रिय हुन्छु ।'

उनको गफ बढी मसँग केन्द्रित थियो । अरूले यस्ता गफ बारम्बार सुनिसकेको हुँदा त्यति चासो नदिनु स्वाभाविकै पनि थियो । उनी यो पनि सोच्दा हुन्– वर्तमान राजनीतिको नीति नियमभित्र बसेर जागिर खाइरहेको रक्षा मन्त्रालयसँग सम्बन्धित एउटा उपसचिवलाई आफ्ना धारणाहरू बताउँदा पक्कै धेर थोर प्रभाव पर्ला !

उनले साहित्यकार युवराज नयाँघरेको पनि आलोचना गरेका थिए–

'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको निम्तोमा तीन महिने भिसा लिएर अमेरिका छिरेको त्यो मान्छे चार महिना बसेर फर्क्यो । कस्तो मूर्ख ? जानु थियो भने रेकर्ड नबिगारीकन भिसाको म्याद छँदै फर्कनुपर्थ्यो, अन्यथा यतै बस्न सक्नुपर्थ्यो । जागिर लगाइदेऊ पनि भन्ने, ध्यान दिएर काम पनि नगर्ने

त्यो काममारा मान्छे कतै टिकेन । आखिर युनिभर्सिटिको करिकुलम लेख्ने काममा जानुपर्‍यो भनेर हिँड्यो । एउटा प्राइमरी स्कुलमा पढाउने आइए पास गरेको मान्छेले युनिभर्सिटिको करिकुलम कसरी लेख्छ ? कस्तो फटाहा !'

टीका लगाउने क्रम जारी थियो । आउनेहरूलाई शिव प्रसाईं वा विष्णुले परिचय पनि गराउँदै थिए । ती सबैको नाम मैले टिपोट गर्न भ्याइनँ/सकिनँ । डाक्टर, इन्जिनियर, वकिल सबै आएका थिए । गुल्मी पुर्तीघाटका प्रकाश प्रधानसँग एकछिन कुरा गर्ने अवसर मिलेकोले नाम याद छ । यसै गरी नेपालमा वनमन्त्री समेत भएका र हाल अमेरिकामै बसोबास गरेका वीरनाथ ढकालकी पुत्रीको विवाह गम्भीरकुमारीकै वंशमा भएको हुँदा उनीसँग कुराकानी भएको सम्झना छ ।

दिनले कोल्टे फेर्‍यो, पाँच बज्न थालिसकेछ ।

'अब उठ्नु पर्ला' मेरो सङ्केत थियो विष्णुसँग ।

'गइहाल्ने ?'

'जाने । भोलि बिहान ७ बजे होटल पुग्न गाह्रो हुन्छ, तपाईंलाई पनि समय नमिल्न सक्छ ।'

'मनासिव ।'

विष्णु उठे, म उठेँ र गम्भीरकुमारी दिदीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै बिदा भएँ । विष्णु पनि मलाई मोटरमा पुर्‍याउनका लागि बाहिरिए । हामी उही ९५ नेशनल हाइवे र सिर्लिङ्टन रोड हुँदै अगाडि बढ्यौँ । मैले विष्णुलाई सोधेँ– 'तपाईंलाई अमेरिका बसाइँ कस्तो लागेको छ ? नेपालबारे फर्कने के सोच्नुभएको छ ?'

उनले भने – 'पहिले रहर पनि थियो होला, अहिले रहरले भन्दा पनि बाध्यताले बसिएको छ । नेपाल गएर बसीबसी जिविका चलाउन सकिने पैसा हामीसँग छ, तर काम गर्ने बानी भएका हामी त्यहाँ गएर त्यसै बस्न सक्तैनौँ । पैसा लगानी गरेर केही न केही गर्नुपर्दछ । तर त्यस्तो वातावरण छैन । काम गर्न सुरक्षा चाहिन्छ, सुरक्षाको प्रत्याभूति भए म जुनसुकै बेला फर्कन सक्छु ।'

कुरा मनासिव थियो विष्णुको ।

यस्तै वार्तालापहरूसँगै हामी पुग्यौँ – अर्लिङ्टन स्थित होटल रेसिडेन्समा ।

•••

कविता

# नारी अधिकार

• रश्मि रिमाल

छोरी
नारी स्वतन्त्रता भनेको नैसर्गिक
अधिकारको नाङ्लोबाट
नारीलाई कनिका सम्झेर
फालिने परम्पराको अवसान हो ।

नारी स्वतन्त्रता भनेको
सगरमाथालाई होचो बन्न
र नारी स्वतन्त्रतालाई बुच्चो बनाउन
नदिने तगारो हो ।

यो मुक्तिको दिन
आउँछ कि आउँदैन भनेर शङ्का नगर
एकीकृत आवाज भएर
एकीकृतको चेतना गर ।

आउँछ की आउँदैन भनेर शङ्का नगर
एकीकृत आवाज भएर
अधिकारको चेतना
र विश्वासको बीजले
अवश्य उमार्नु छ मुक्तिको बिरूवा ।

सुकुमारी इच्छाहरू बन्धकी राख्दै
कति नै दिन भयो र
परम्पराको दाइजो बालिन् नारी
मुक्तिको बिहानीमा ।

नारी अधिकार र शिक्षाको सन्देश गाउँदा
नारी अधिकारको झाँकी आउनेछ
सिउँदाको कुलामा मरन्च्यासे
सिन्दुर पोतेर ।

•••

कविता

# स्निग्ध अनुभूति

• रुकु कार्की

निश्चल आँखाभित्र
दिव्य दृश्य देखिन सकेन
कोमल मनभित्र
स्निग्ध अनुभूति
जाग्न सकेन
आत्मतृप्तिका
धेरै अवसर ओइरिए
तर कहिल्यै पनि
दिवास्वप्न देखिनँ
छातीको पहरामा फुल्न सकिनँ
चञ्चले आस्थाहरू
सेलाएर गए

विचारका स्तम्भहरू
परिपक्क हुन सकेनन्
अविश्वासको सफ्ट
कोतरिँदै गयो
स्मरणले सताएन
रित्तो हार्दिकता
भैगो नदेखाऊ
सरस हुन सक्छ जीवन
यथार्थ सफल्पमा आऊ
एउटा अभिलाषाभित्र
अनुवादित हुन्छ
अनुराग

न्यानोपनमा हुने
सुखद आकर्षण
र तिम्रो स्नेहमाधुर्य
स्निग्ध अनुभूतिमा
तिम्रो उपस्थितिमा
मधु क्षणको
उन्माद भोगिरहेको छु ।

•••

कविता

# शरणार्थी

• ललिता 'दोषी'

देखिन्छ रक्त रङ्गीन कात्रो विकास ठप्पै भयो
शान्ति खोज्दाखोज्दै थुप्रै वसन्त गयो
राष्ट्रकै पीरले अहो ! निद्रा चुँडी रह्यो
नव वृक्षको आशा थियो तुषारापात भयो

अर्पिए जीवन सारा पुर्खाले राष्ट्रहितमा
आज कुटील गर्जिरहेछन् देश डुबाउने होडमा
सपूत पनि यहीँ जन्मे कपूत पनि यहीँ
स्तब्ध छ देश आज, चयन छैन कहीँ

हिजो थियो निश्चित ठाउँ मसानघाटको
आज हराभरा बस्ती नै मसानघाट भयो
क्रुद्ध छन् ब्वाँसाहरू एकअर्कोसँग
कसले बुझिदेला पीडितहरूको मर्म

स्वार्थको कलुष जालो च्यातिएन भने
तानाशाही प्रवृत्ति त्यागेनौं अझै भने
आफ्नै देशमा शरणार्थी हुनेछौं
बचाऊँ राष्ट्र यदि सच्चा नेपाली हौ भने ।

•••

गीत

# माया त लौ न नि

• भीमकुमारी श्रेष्ठ

माया त लौ न नि सकिंदो रहेछ पापी माया बरै नि !
बाबुआमा साथ गएछ माया त लौ न नि सकिंदो रहेछ
बाबुआमाको सम्झनाले आसुँको भेल झर्छ
हे शिव शिव भगवान् कल्ले माया गर्छ मलाई
माया त लौ न नि सकिंदो रहेछ
माइतीले चोट दिन्छन् माया सकिदियो यिनैहरू माया गर्थे
बाबुआमा थिए माया त लौ न नि सकिंदो रहेछ पापी माया बरै नि !
माइती तिम्रा भित्र पसेछ नि घुन चेलीको मन दुखाई
लगाका छौ रुन माया त लौ न नि सकिदो रहेछ पापी माया बरै नि !
मानवहरू वेदान्त र सिद्धान्तलाई मानौँ
आफूभित्र स्वयम् ईश्वर छन् है भनी जानौँ
माया त लौ न नि सकिंदो रहेछ पापी माया बरै नि !

*नखिपोट १४, ललितपर*

•••

मुक्तक

• बिनु भट्टराई

मलाई चराहरूको चिरबिर मन पर्छ
उछलकुद गर्ने बाँदर अनि भीर मन पर्छ
तिमी खहरेको पानीजस्तो चन्चल नभइदेऊ
साँच्चै भन्नुपर्दा नदीजस्तो गम्भीर मन पर्छ ।

ooo

देख्दै देखिनँ सम्बन्धको अर्थ तिमीसँग
त्यसैले त गर्न सकिनँ शर्त तिमीसँग
भुलेर पनि नमाग्नु आँसुको हिसाबकिताब
कहाँ छ र चुकाउन सक्ने सामर्थ्य तिमीसँग ।

काठमाडौं

•••

कविता

# डोकोमा भरिएको सपना

• शशी थापा पण्डित

पहाडकी रानी तिमी
एक डोको घाँससँगै
बित्ता नाप्दै छ्यौ जीवनको
पस्कँदै छ्यौ सायद
जीवन
यथार्थ पहाडको रामकहानीसँगै
कठोर बास्तविकता छचल्किन्छ
घनघस्याको उकालोजस्तो
जीवन तिम्रो
डोकोभरि सपनासँगै उनिदै छ
के नै पो बुनेकी छ्यौ र
आँखामा सपनाहरू
मात्र भरिएको डोको होइन
त्यो डोकोसँगै
धेरै चोटी खसालिएकी छ्यौ
आफ्नो अस्तित्व मापनको जोडघटाउमा
ब्वाँसाहरूको अस्तित्व रहेको संसारमा
आफूलाई जोगाउने
असफल प्रयासमा
सङ्घर्ष गर्ने तिम्रा ती पाइतालाहरू
लागिपरिरहन्छन् सधैं सधैं
तर संसार जहीं पुगोस्
डोकोमा नै
अड्केका छन् अहम्हरू तिम्रा
रमाएकी छ्यौ सायद
डोकोमा भरिएका ती सपनाहरूसँग
संसारमा आफ्नो अस्तित्वको लागि
जिउने जिजीविषा पलाउँदा
हरेकपल्ट आल्हादित मन
तरङ्गित पारेकी छ्यौ डोको भरीभरी ।

•••

कविता

# मौन जुम्ला

• रमानन्द आचार्य

जुम्लामा पातारासी र कान्जीरोवा पहाड छन्
तिनीहरू बोल्दैनन्
पसिना बगेका छन् तिनका छातीबाट खलखल्ती
तिला र जवा हुँदै
तिनका आ-आफ्ना दुई किनार छन्
तर भेट्तैनन् दुई किनारहरू आपसमा
जुम्लाबाट रूद्र यामल थिए
गुफाको अन्तरङ्ग कुनाका पहरामा
वेदको विवेचना र संहिता कुँदिरहेका,
उही मदनमणिकी माधवीको मोहिनी लट्ठ परिरहेका
गुफा बोल्दैन, शिष्यको बक फुट्तैन
जुम्लामा उहिले एकाबखत यमलार्जुन पनि थिए
जो 'आर्यावर्तः पुण्य भूमिर्मध्यं विन्हय-हिमायो !
बनाउन उत्साहसाथ
लंकारीबाट फुटेको कर्णालीसँगै सागर छेउ पुग्न खोज्छन्
तर अनर्थ, हाय,
परशुरामको धारिलो बन्चरो
रक्तिम कर्णालीलाई मात्र सागरमा खन्याइदिन्छ
यमलार्जुनको रक्तहीन मुर्काटो
देवव्यासका पुराणको खण्डहरमा समाधिस्थ हुन्छ
जुम्लाः एकामोकाको अपाडराज्य
जसका संस्थापक नागराज, अकण्टक राज्यका महाराज
लामायाडामाथिको अग्लो टाकुरामा
जो राष्ट्रिय मुद्रामा उभिनुपर्नेमा
धूलो र कसिङ्गरको ओछ्यान लाएर
धरातलभित्रको अँध्यारो खोपीमा
लम्पसार सुतेको छ ।

जुम्लामा ढुङ्गा छ
ढुङ्गामा देउता छ
त्यसै देउताले जुम्लीलाई भात खान सिकायो अरे
स्वाभिमान र स्वावलम्बनको मधुपर्कसित
बात मार्न भने किन सिकाएनछ कुन्नि ?
होइन, त्यसो होइन
'सा प्रथमा संस्कृति विश्ववारा' भनी कर्नाल फुक्ने यही हो
अनि यही हो भाषा, भेष र संस्कृतिको पहिलो निर्यातकर्ता
नपत्याए आदित्यमल्ल, पुण्यमल्ल आदि बुझ्नुस्
ताघबाई गुम्बा पुग्नुस् गोपेश्वर गई हेर्नोस्
नसके योगी नरहरिनाथसित एकचोटि सोधिहाल्नोस्
जुम्लासित कस्तूरी छ, थुप्रै छ
आफ्नै नाइटोमा बास्ना लुकेको थाहा नपाई
बास्नाको खोजीमा गिरि, वन, कन्दरा चाहार्दा-चाहार्दै
कनसिनको लगाएका आकृतिविहीन
सिकारीको पञ्जाभित्र च्यापिन्छ
लाग्छ, कठै ! कतै सिकारै बन्नुपर्ने
क्रूर नियति लिएर ऊ जन्मेछ
जुम्लामा योजना छ
योजनाका फाइलहरू छन्
मिटिङका निर्णयहरू छन्
इन्जिनीयरले नक्सा कोरेको छ
नेताजीले थुप्रै आश्वासन बाँडेको छ
तर तिनीहरू डेग चल्दैनन्
घुम्ने कुर्सीमाथि पहाड बसेको छ
हिमाच्छादित पहाड आफै कठाङ्ग्रिएको छ ।

•••

लघुकथा

# लुब्धआँखा

• शारदा पराजुली

रम्घाको साहित्यिक माहोलमा चिना परिचय भएका एक भद्र पुरुष मेरो अफिसमा प्रवेश गरे । उनको हातमा एउटा साहित्यको पुस्तक थियो जुन किनिदिन उनले मलाई आग्रह गरे । बालकथाका पुस्तक किनेको भए कति घेरै आउँथे होला भन्ने सम्झँदै मैले उनको मन राख्न भए पनि एक हजार रूपैयाँ हालेर उक्त पुस्तक किनिदिएँ । उनी फेरि भेट्न आउँछु है भन्दै बाहिरिए । करिब दश दिनपछि झोलाभरि पुस्तक बोकेर फेरि अभिवादन गर्दै आए । कुरै कुरामा उनले मेरो खुब तारिफ गर्न थाले,- "मेडम त यत्रो स्कुल चलाएर बस्नुभएको रहेछ । हजुरलाई प्रिन्सिपलको कुर्सीमा बस्दा खुब सुहाउँदो रहेछ । हजुरको बोलीमा सरस्वती बसेकी छिन् । हजुरको हेराइमा जादू छ । हजुरको हाँसोले जो कोहीलाई पनि लठ्याउँछ । हजुरको जिउडाल, हाँसो, बोलाइ, आँखा, ओठ सम्पूर्णता अति सुन्दर छ, मेडम । हजुरलाई म खाना खान घरमै बोलाउँछु । यस्ता बौद्धिक मानिसले मेरो घरमा टेकिदिंदा घरै पवित्र हुन्छ ।" उनी बोल्दै थिए । उनको बोलीको कुटिलता मैले बुझिसकेकी थिएँ । उनी पुरुष भएकाले मलाई आफूप्रति आकृष्ट गर्न खोजिरहेकाथिए । उनका आँखामा नारीप्रतिको लुब्धता थियो । सेतै कपाल फुलिसेका ती व्यक्तिका लुब्धआँखा मेरो शरीरमा शूल बनेर घोचेझैँ लाग्न थाल्यो । मैले उनलाई अर्को दिन आउन आग्रह गर्दै बाहिर पठाएँ । उनी गएपछि पालेलाई बोलाएर भनेँ -"यो अहिले जाने मानिस फेरि आएमा 'मेडम हुनुहुन्न' भनेर कहिल्यै गेटभित्र छिर्न नदिनू है ।"

•••

यात्रा संस्मरण

# फेवातालमा फ्याँकिएको ओभानो प्रश्न

• शान्ति रिसाल

शैक्षिक भ्रमण एउटा रमाइलो यात्रा सम्पूर्ण जिम्मेवारीका कोटहरूलाई बासस्थानमै थान्को लगाएर स्वतन्त्र भ्रमण गर्दै हिंड्नु कस्तो आनन्द ! साँच्चै घुम्दै, घुमिरहेको ठाउँमा डुबुल्किँदै जीवनको अनुभूतिलाई समेट्दै, सँगाल्दै, जीवनको अविराम गतिलाई अघि बढाउनुको मजा नै कस्तो मीठो, कति अप्रतिम !

नवलपरासी, लुम्बिनी, पाल्पा र पोखरा क्रमशः भ्रमण गरिने योजना जुरेको, त्यो पनि देशलाई इन्द्रेणी सपनामा सजाउन आतुर विद्यार्थी भाइबहिनीहरूको साथ । दुई वर्षअगाडि पनि तिनै ठाउँ घुमिएको नै हो तर मलाई त्यति बेला खुट्टाका पाइलाहरू मात्र घुमेका रहेछन् जस्तो अनुभूति आज भइरहेछ । बुझेकी थिएँ सुख, दुःखको अनुभूति गराउने मन नै हो । आज सोच्दै छु टेकेका पाइलाहरू, अघि बढेका पाइलाहरू, यात्राहरू अविस्मरणीय र जीवन्त बनाउने पनि मन नै रहेछ, जसले प्रत्येक नयाँ ठाउँ र मानिससँगको परिचयलाई स्मृतिमा सुन्दर खात बनाएर राख्छ ।

अनायास कवि सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' कविताका यी हरफ सम्झन्छु -

जब म चढेर भावको डुङ्गा<br>
सैर गर्छु स्मृतिको प्रिय गङ्गा<br>
स्वप्न गगनबाट सुशीतल जल<br>
सुख स्मृतिको बर्सन्छ रिमझिम

हाजिरी लिँदै गर्दा गन्तव्यतिर लाग्नुअघि एउटा नाम सुनेकी थिएँ सिद्धार्थमणि, ज्ञानमणि, रत्नमणि, सबै सुनेकी तर सिद्धार्थमणि पहिलोचोटी । कति मीठो संयोग सिद्धार्थमणि मनले अनायासै भन्यो । बुद्धको जन्मथलोको आँगनमा पुग्न लागेकै बेलामा अर्थात् भैरहवाको होटलमा परिचयका पत्रहरू खुले सिद्धार्थमणिसँग चियाको चुस्कीसँगै । एकानब्बे युवा विद्यार्थीहरूको समूहमा एउटा तेह्र वर्षको कलिलो, गोरो, निर्दोष अनुहार देखेँ, चिया नास्ता लिँदै गरेको । छक्क परेर मैले प्रश्नको पेटारो गङ्गा म्याडमको अगाडि खोलिहालेँ । यति सानो विद्यार्थी दश कक्षाका विद्यार्थी समूहमा ? गङ्गा म्याडमले उत्तर दिनुभयो 'ऊ भर्खर तेह्र वर्षको भयो । आठ कक्षामा

पढ्छ । घरमा कोही नभएकाले केही दिन भए पनि घुमोस् भनी बुबाले पठाइदिनुभएको । बुबा दिनभरि कार्यालयमा ।

मैले फ्याट्ट सोधिहालेँ –"आमा नि ?" 'आमा त उनीहरूसँग बस्दिनन् । बाउछोरा मात्रै बस्छन् ।' म्याडमले जवाफ दिनुभयो ।

एकैछिनमा सिद्धार्थमणिको बुबाले म्याडमको मोबाइलमा फोन गर्नुभयो । "छोरो के गर्दै छ ? रमाएको छ कि छैन ?" भनेर ।

उहाँले धेरै रमाएको छ । चिया नास्ता खाँदै छ भनी भन्न नपाउँदै, सिद्धार्थमणि म्याडमको नजिकै आइपुग्यो । उहाँले बुबासँग फोन गर्ने हो भनी सोध्नुभयो । ऊ भोलि गरौँला, हिजो भर्खर छुट्टिएको आजै के गर्नु भनी मोडियो, आफूभन्दा ठूला दाइहरूको माझमा रमाउँदै । दुई घण्टापछि खाना खाने बेला भयो । ऊ थोरै मात्र खाना लिएर हामीसँगै टेबुलमा बस्न आइपुग्यो । "किन यति धेरै खाना पुग्छ?" मैले सोधेँ ।

घरमा बाबाले थालभरि टन्न भात हालिदिनुहुन्थ्यो, यहाँ त मलाई घाँटीबाटै छिरेन ।

"किन के भयो ?" खाना मीठो छैन भनी सोधेँ । ऊ होइन भन्दै काँटा चम्चाहरू चलाउन थाल्यो । मेरा मनभरि प्रश्नहरू गुम्फित हुन्छन् । किन हुन्छ, यति प्यारो, निर्दोष सन्तान जन्मिसकेपछि आमाबुबाको बीच पारपाचुके ? ती कस्ता भुलहरू हुन्, जुन पतिपत्नीबीच सल्टिदै सल्टिँदैन । जसका कारण आमाबाबु त स्वतन्त्र भई बाँच्ने भनी खोई कस्तो बाँच्छन् तर मैले यात्राभरि सिद्धार्थमणिलाई बाह्र तेह्र वर्षकै उमेरदेखि, शिक्षित र उच्च पदस्थ जागिरे बाबुआमाको सन्तान भएर पनि बिब्ल्याँटो जीवनलाई सम्याउँदै बाँच्न कोसिस गरिरहेको पाएँ । यात्राभरि ऊ मेरो केन्द्रीय पात्रझैँ रह्यो । मैले उसका हरेक क्रियाकलाप, बोली, व्यवहारहरूलाई चुपचाप नियालिरहेँ । यात्राकै क्रममा मैले उसकै उमेरको मेरो सानो छोरालाई पनि सम्झिरहेँ । सिद्धार्थमणि बारम्बार आफ्नी ममी (आमा) लाई सम्झिहरन्छन् । आफ्नो ठूलो बुबा, उनका परिवारले अत्यन्त स्नेह गर्ने कुराहरू पनि ओकलिरहन्छ । आफूलाई ममीले कहिले काहीं भेट्न आउने, कहिले केही दिनका लागि आफूसँगै लिएर जाने कुरा पनि मलाई बताउँछन् । तेह्र बर्षे सानो केटो, अरू सबै विद्यार्थी कति निर्धक्क छन् । कुनै पीर चिन्ताले नछोइएका सङ्लो झराना झैं बग्दै छन् यात्रामा सललल । कि यो सिद्धार्थमणिको जीवनको पानीमा धमिलो पानी मिसियो ? म आफैँलाई प्रश्न गर्छु, बारम्बार ।

पाल्पामा सबैले आफ्नाहरूका लागि कोसेली किने । ऊ मेरो छेउमै

आएर भन्छ, म्याडम एउटा पर्स छानिदिनुहोस्न म ममीलाई लगिदिन्छु । एउटा ढाका टोपी पनि बाबालाई किनिदिन्छु । पैसा छ र तिमीसँग ? गङ्गा म्याडम र मैले एकसाथ सोध्यौं । "बाबाले आउने बेलामा केही दिनुभएको थियो । अनि ममीले अस्ति भेट्न आउने बेलामा पेन ड्राइभ किन्न भनी रू. १०००।- दिनुभएको थियो ।" ऊ उत्तर दिंदै मुस्कुराउँछ ।

आभार बुबाको पोखिएका माया पनि एक साथ पेनड्राइभ किने झैं किन्न पाइने भए कस्तो रमाइलो हुन्थ्यो होला सिद्धार्थमणिलाई ।

बसमा बसेका बेला हरेक विद्यार्थीका बाबुआमाले घरबाट बारम्बार हालखबर बुझिरहनुभएको, खानपिन र यात्राका बारेमा सोधिरहनुभएको, टोलाएर हरिरहेको देख्छु । म उसलाई अनायास प्रश्न सोध्छु । "सिद्धार्थ तिमीलाई बुबाआमा फेरिसँगै बसिदिनुहोस् जस्तो लाग्छ ?"

ऊ उज्यालो अनुहार पारी भन्छ "लाग्छ नि म्याडम तर के गर्नु ममी मान्नुहुन्न । बुबा त मानुला झैं गर्नुहुन्छ तर, फेरि एक्कासी भन्नुहुन्छ सम्झौता गरी जोडिएको जीवन के राम्रो होला र छोरा ?"

त्यसैले चुपचाप बस्छु । बुबालाई केही भन्दिनँ ।

हाम्रो यात्रा पोखरामा पुगेपिछ अझ रमणीय बन्यो । फेवातालमा ऊ आफूभन्दा ठूला दाजुहरूसँग खुब रमाएर डुङ्गा चढ्यो । फेवाताल तरेर शान्ति स्तुपतिर जाने बाटोको उकालो चढिरहँदा ऊ फेरि जीवनको धमिलो पानी उछेल्न थाल्छ ।

"बाबा, ममी र म सँगै यहाँ घुम्न आउन पाएको भए अझ कति रमाइलो हुन्थ्यो होला हैन म्याडम ?" ऊ प्रश्न मतिर फ्याँक्छ । म विस्फारित नेत्रले हेरिरहन्छु । उसलाई कुनै जवाफ दिन सक्दिन । साना केटाकेटीका मनमा पनि कस्ता र कति रहरहरू चाङ लागिरहेका हुने रहेछन् । डेभिड फल्स र गुप्तेश्वर महादेवमा ऊ अझ बढी उत्साहित र रमाएको थियो । दङ्ग परिरहेको थियो । पोखरा पुगेको भोलिपल्ट बिहान तालबाराहीको दर्शन गर्ने भनी सामान्य नास्ता खाएर हिंडेका हामी सबै जना भोकले, प्यासले व्याकुल थियौं । होटल पुग्नासाथ हात मुख धोएर तयार भइरहेको खाना खाने लाइनमा लागिहाल्यौं । गङ्गा म्याडम र म मिलेर उसलाई थपी थपी खाना खुवायौं । तिमी धेरै भोकाएका रहेछौ, भन्दै हामीले उसलाई हेरिरहँदा, ऊ दङ्ग पर्दै भन्थ्यो, "आज त हजुरहरू दुवै जनाले मलाई बुबाले जस्तै थपी थपी खान कर लगाउनुभयो ।" किन हो कुन्नी ममीले जस्तो भनेन । ऊ दङ्ग पर्दै खाना खाइरहेको देखेर म उसको अनुहार हेर्दै थिएँ । उसको अनुहारको

दाहिने गालामा सानो खाल्डो परेको देखेँ र भने सिद्धार्थमणि तिमी कति भाग्यमानी छौ । तिम्रो दाहिने गालामा त डिम्पल पर्दोरहेछ ।

उसले मलाई तुरुन्तै जवाफ फर्कायो । "म कसरी भाग्यमानी म्याडम? मलाई किन भाग्यमानी भन्नुभयो ? मलाई त ममी नभएको कोठामा बाबाले जति माया गरे पनि जानै मन लाग्दैन । बाबाको धेरै माया लाग्छ तैपनि किन किन कोठा शून्य लाग्छ ?"

म ट्वाल्ल परेर उसकी ममीलाई सम्झिन्छु । म उहाँलाई मौन प्रश्न गरिरहन्छु । "तपाईंले कहिल्यै छोराको निर्दोष अनुहार हेर्नुभएको छैन ?"

मेरा ती मौन प्रश्नहरू पोखराको टीक रिसोर्टबाट देखिने फेवातालका डुङ्गाहरू झैं ओभानै फेवातालमै तैरिइरहन्छन्, तैरिइरहन्छन् ।

*आरुबारी, काठमाडौं ।*

•••

## मुक्तक

**• यादव भट्टराई**

हुरीजस्तो जथाभावी बात्तिनु हुन्न है
दुःख पर्दा कसै गरी आत्तिनु हुन्न है
कला जान्नुपर्छ बाँच्न जिन्दगी भन्छु म–
सुखमा नि धुरी चढी मात्तिनु हुन्न है ।

ooo

कसैलाई सृष्टिको सुन्दर पाटो हो जिन्दगी
आफ्नै कर्मको नमेटिने टाटो हो जिन्दगी
अनगन्ती होलान् जिन्दगीका परिभाषाहरू –
मेरा निम्ति एक पसर माटो हो जिन्दगी ।

भैरहवा, हाल : काठमाडौं

•••

कविता

# आमा

• शम्भु अर्याल

आमा सबैकी
सामूहिक हुन्
कसैको बन्धक तम्सुक होइनन्
आमा कसैको व्यक्तिगत राजिनाम लालमोहर होइनन्

आमाको तन
हिमालजस्तो
स्निग्ध हुनुपर्ने हो

आमाको श्वास
बिहानजस्तो
स्वच्छ हुनुपर्ने हो

तर
प्रत्येक
बिहानसँगै
प्रदूषित हुने गर्छ
बन्द, जुलुस, हडतालको आक्रमणले आक्रान्त
मेरी आमाको श्वास प्रत्येक  शुभ सन्ध्यासँगै गन्हाउने गर्छ

सदाचार माननीय हुन्छ
सतीको  श्राप परेको
मेरी आमाको काख, दुराचार माननीय भइरहेछ

सिमित
लम्पट
नास्तिक छोराहरू
मेरी आमालाई हिँडाइरहेछन्
सुस्ताइरहेछ मेरी आमाको स्वच्छ मस्तिस्क

आमा, बलिष्ठ
पाखुरीहरूको मात्र
बाचाल चतुरेहरूको मात्र होइनन्
मिथ्या पदलोलुप चाटुकर धूर्तहरूको मात्र होइनन्

कानुनमा
यो कुरा लेखिदिनुहोस्
आमा दृष्टिहीनहरूकी पनि हुन्
आमा सुन्न नसक्ने कयौँ बधिरहरूकी पनि हुन्
आमा वैशाखी टेक्ने लुला, लङ्‌गडा, अपाहिज र शक्तिहीन निमुखाहरूकी पनि हुन्

बुझिराख्नुहोस्
हाटबजारका बुचरहरू
अहिंसाको समर्थक कसै हुन सक्दैनन्

निजत्व
व्यक्तित्व
प्राप्तिका लागि
टीका, दोसल्ला थाप्नेहरू
आत्म भलोका निम्ति हत्याहिंसाको
पुनरावृत्त गर्ने कुटिल सरदारहरू आमाका सारथी हुनै सक्दैनन्

खबर्दार
मेरी आमाको चेतनामा
स्वच्छाचारी डम्फु बजाउन पाइँदैन

किनकि
आमा
सामूहिक हुन्
बन्दक तम्सुक होइनन्
आमा कसैको व्यक्तिगत राजिनाम लालमोहर होइनन् ।

*स्याङ्जा, वालिङ-५, मिर्दि*

•••

कविता

# अब केको डर ?

• सन्ध्या रेग्मी

रगत धेरै बगेपछि घाउ पनि दुख्दैन रहेछ
पीर गहिरो परेपछि आँसु पनि झर्दैन रहेछ
बानी बस्दै गएपछि आगोले पनि पोल्दैन रहेछ
जहर पिउँदै गएपछि विषले पनि मार्दैन रहेछ ।

पग्लिरहेको मैनबत्तीलाई जलनसँग केको डर ?
हाँसो हराएको ओठलाई क्रन्दनसँग केको डर ?
अनकण्टार सुनसान बगरलाई चिहानसँग केको डर ?
अटल अचल टापुलाई तुफानसँग केको डर ?

बाँच्न खोजिरहेछु आफूभित्र सम्पूर्ण निराशाहरू छोपेर
बग्न रोजिरहेछु उर्लँदा आँसुका लहरहरूलाई रोकेर
पीडाका सिम्फोनी अझै छचल्किरहेछन् मुटुमा
वेदनाका ज्वारभाटा अझै उठिरहेछन् छातीमा ।

आफन्तबाटै परित्यक्तलाई परायासँग केको डर ?
साथीबाटै घायललाई शत्रुसँग केको डर ?
पहराको छातीबाट हामफाल्ने छहरालाई डाँडासँग केको डर ?
तरवारको धारमा हिँड्ने पैतालालाई काँडासँग केको डर ?

असिनासँगै झरिसकेँ हिउँसँगै जमिसकेँ
बालुवासँगै डढिसकेँ कोइलासँगै जलिसकेँ
मध्यरातमा ब्यूँझिएर आकाशलाई बोकिसकेँ
तातो तातो मरूभूमिलाई छातीमाथि पोखिसकेँ ।

बमविष्फोट थामेको मुटुलाई गोलीसँग केको डर ?
चुनौतीपूर्ण आजलाई भोलिसँग केको डर ?
चट्टानसँग टकराउने छाललाई गहिराइसँग केको डर ?
पैरो सहेको छातीलाई भत्काइसँग केको डर ?

खनियोस् आँधीबेहरी मैमाथि अरूको जीवन सुरक्षित होस्
थपियोस् विपन्नता मैमाथि अरूको वैभव-समृद्धि बढोस्
अँध्यारैअँध्यारोमा रम्दछु म अरूको छेउ बत्ती बलोस्
आँसुकै नदीमा बग्दछु म अरूमाथि हर्ष-वर्षा होस् ।

सारा टुक्रिसकेपछि चट्याङसँग केको डर ?
नहुनु खरानी भइसकेपछि आगोसँग फेरि केको डर ?
सम्पूर्ण भत्किसकेपछि भुइँचालोसँग केको डर ?
ज्युँदै मरेतुल्य भएपछि मृत्युसँग अब केको डर ?

•••


कुनै पनि कारोबार गर्दा तोकिएको वस्तु तथा सेवा बाहेक रु २० लाखभन्दा बढीको कारोबार भएमा मूल्य अभिवृद्धि करमा अनिवार्य रूपमा दर्ता हुनुपर्दछ । मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गर्दा बिल वीजक अनिवार्य रूपमा जारी गर्नुपर्दछ ।

"कर तिरी सभ्य नागरिकको परिचय दिऊँ"

ठूला करदाता कार्यालय
हरिहरभवन, ललितपुर

"हामीले तिरेको कर हाम्रै विकासका लागि आधुनिक र समृद्ध नेपाल निर्माणको लागि"

कविता

# भानु चोकका तिमी भानु

• सविता श्रेष्ठ 'वेहोसी'

भानु तिमी वर्षको एक पटक
तिम्रो जन्मजयन्तीमा
माला पहिरिएर
अबिर टिकाले रङ्गिएर
रातो हुन्छौ- उज्यालो देखिन्छौ
तिम्रो नाममा, तिम्रो अतीतलाई
कविताको रूपमा ढालेर
तिमी सबैका भानु हुन्छौ
तिमी वर्षको एक पटक
तिम्रो जन्मजयन्तीमा मुस्कुराउने गर्छौ
अनि सधैं स्थिर रहने तिमी
धरानको स्थितिलाई
बुझ्ने गर्छौ- नजिकबाट चिन्ने गर्छौ
त्यति बेला तिमीभित्र सायद उत्कण्ठा
चल्वलाउने गर्छ- सल्बलाउने गर्छ
तर तिमी बाँधिएका छौ- मौन छौ
मूकदर्शक भएर
जे देख्दा पनि जस्तो सुन्दा पनि
तिमी सहन्छौ, तिमी हेरिरहन्छौ
तिमीभित्र दुर्गन्ध पनि फैलिन्छ
तिमीभित्र ढुङ्गा पनि बर्सिन्छ
तिमी ब्यानर र पोष्टर भएर ढाकिन्छौ
तिमीभित्र मान्छको कोलाहल
गाडीको आवाज र धुँवासँग निस्सासिँदै
आँखा बन्द गर्दा रहेछौ
केही देखेर पनि केही सुनेर पनि
मौन छौ स्थिर छौ
तर तिमी वर्षको एक पटक मात्र भए पनि
मुस्कुराउने गर्छौं, हाँस्ने गर्छौं

पीडाहरू सुनाउने गर्छौ
किनकि तिमी–
धरानको बीच सडकमा
साक्षीको रूपमा आफूलाई उभ्याएर
सधैं धरानलाई बचाएर
माया गर्ने गर्छौ ॥

*धरान, हाल काठमाडौं*

•••

"क्षयरोग नलुकाऔं, समयमै उपचार गरी आफू बचौं र अरूलाई पनि बचाऔं"

दुई हप्ता वा सोभन्दा बढी समयसम्म खोकी लागेमा, छाती दुखेमा, खाना नरुचेमा, कमजोर हुन थालेमा, खकारमा रगत देखिन थालेमा, शरीरमा तौल घटेको शङ्का लागेमा...

क्षयरोग लागेको हुन सक्छ !!!

त्यसैले यस्ता लक्षण भएका सबै जना नजिकको स्वास्थ्य संस्था वा अस्पताल गई आफूलाई क्षयरोग भए नभएको पत्ता लगाएर ढुक्क हुनहोस् ।

छ्यरोग लाग्यो भनेर नआत्तिनुहोस् ।

यसको उपचार सजिलो छ ।

डट्स विधिबाट ६ देखि ८ महिनासम्म नियमित औषधि खानुहोस् । मुलकभरि क्षयरोगको औषधि सित्तैमा पाइन्छ ।

नियमित औषधि खाएमा क्षयरोग निको हुन्छ र तपाई फेरि स्वस्थ हुन सक्नुहुन्छ । तर क्षयरोगको औषधि बीचैमा खान छोडेमा क्षयरोग फेरि पनि बल्भिन्छ र निको हुन धेरै समय लाग्न सक्छ ।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**राष्ट्रिय क्षयरोग केन्द्र**
**ठिमी, भक्तपुर**

कविता

# जूनकिरीको कथा

• सुशीला खड्का हसिना

जूनकिरी पढेलेखेको छे
इमानदार छे, सचेत छे
आदर्श नारी बन्न चाहन्छे
सोध्छे आफ्नो पतिलाई
ए हजुर !
म यो गाउँको स्वयंसेविका बनौँ ?
उनको पतिले भन्छ-
पर्दैन, पर्दैन भो
मेरी आमाले भनेको मान्नू
घरव्यवहार सम्हाल्नू
जूनकिरी आफ्नो विचारमा साँघुरिन्छे
कर्तव्यको डोरीमा बाँधिन्छे
थाल्छे कर्म भित्तो टाल्न
सुरु गर्छे सम्बन्धको दीप बाल्न
रातदिन
डोको-नाम्लोसँग लड्छे
ढिकी-जाँतोसँग जुध्छे
जान्छे काँधमा कोदालो बोकेर मेला
उठाउँछे हत्केलाभरि ठेला
सुख-दुःखको गोरेटोमा
जीवनको घुम्ती मोडिँदा
जूनकिरीमा कवि बन्ने सपना उम्रिन्छ
फेरि सोध्छे
ए हजुर !
म एउटा कविता लेखौँ ?
उनको पति पढेको छ
जागिरे छ
फेसबुक र च्याटको संसारमा रमाउँछ
तैपनि सङ्कुचित सोच पालेर बसेको छ

कविता

# जूनकिरीको कथा

• सुशीला खड्का हसिना

जूनकिरी पढेलेखेको छे
इमानदार छे, सचेत छे
आदर्श नारी बन्न चाहन्छे
सोध्छे आफ्नो पतिलाई
ए हजुर !
म यो गाउँको स्वयंसेविका बनौँ ?
उनको पतिले भन्छ-
पर्दैन, पर्दैन भो
मेरी आमाले भनेको मान्नू
घरव्यवहार सम्हाल्नू
जूनकिरी आफ्नो विचारमा साँघुरिन्छे
कर्तव्यको डोरीमा बाँधिन्छे
थाल्छे कर्म भित्तो टाल्न
सुरू गर्छे सम्बन्धको दीप बाल्न
रातदिन
डोको-नाम्लोसँग लड्छे
ढिकी-जाँतोसँग जुध्छे
जान्छे काँधमा कोदालो बोकेर मेला
उठाउँछे हत्केलाभरि ठेला
सुख-दुःखको गोरेटोमा
जीवनको घुम्ती मोडिँदा
जूनकिरीमा कवि बन्ने सपना उम्रिन्छ
फेरि सोध्छे
ए हजुर !
म एउटा कविता लेखौँ ?
उनको पति पढेको छ
जागिरे छ
फेसबुक र च्याटको संसारमा रमाउँछ
तैपनि सङ्कुचित सोच पालेर बसेको छ

ऊ चाहँदैनन् देख्न पत्नीलाई
अगुवा बनेको
गर्दैन समर्थन र भन्छ
बालबच्चाको स्याहार गर्नू
सासू-ससुराको शरण पर्नू
बिचरी जूनकिरी
सबै चाहनाहरू चुल्होमा सिउरिन्छे
उद्देश्यहरू चौबन्दीको तुनामा कस्छे
र भन्छे
आफ्नै विचारको आकाशमा खोज्थे उड्न
बाध्य भएकी छु
पिँजडाको चरी बन्न
सक्दिन विचारका साँधहरू भत्काउन
अविश्वासका अग्ला अग्ला पहाडहरू पन्छाउन
जूनकिरीको हृदय चिथोरिन्छ
खाली कागजमा व्यथा पोख्छे
मिलाउँदै हरफ पीडाको गीत लेख्छे
आनन्द हुँदै झ्यालबाट बाटोमा फालेर
ऊ मर्छे मानसिक तनावमा जलेर
उनको गीत गाइनेले भेट्छ
सङ्गीत भरेर सारङ्गीमा रेट्छ
र गुन्जिन्छ गाउँ सहर जताततै
आजको युगमा
नबनून् कोही जूनकिरी
नलेखियोस् जूनकिरीको कथा ।

*दोलखा, हाल : जोरपाटी, काठमाडौं*

•••

लघुकथा

# मनकामना

• सुशीला देउजा

गलामा सिक्री नौगेडी, कानमा मारवाडी ढुङ्ग्री, हातमा औँठी बाला इत्यादि गहना भरिभुट्ट लगाएर एक महिला बहिनीको घरतिर जादै थिइन्। ब्यागमा अलि पैसा पनि थियो। बहिनीको घर पैदल जान नसकिने अलि टाढै थियो। उनी टयाम्पु, बस जे पाइन्छ। त्यसैमा जानुपर्ला भन्ने सोच बनाउँदै सडकमा कुरेर उभिरहेकी थिइन्। त्यतिकैमा भरखरका दुई नवयुवती उनको छेउमा आएर परिचितले झैं 'नमस्ते आमा ! कहाँ जान लाग्नु भएको' ? भनी नम्र भई प्रश्न गरे। कहिल्यै नदेखेको नचिनेको यी केटीहरू को हुन् भन्ने सोच्दै उनले भनिन् "नानीहरूलाई त मैले चिनिन नि ! घर कहाँ हो" ? अचम्वित दुवैले एकै साथ भने 'आम्मै ! लौन, आमाले हामीलाई कसरी बिर्सिनुभएको' ? दुवैले एक अर्कालाई हेर्दै भने "बिचरा आमाको स्मरण शक्ति अलि कमजोर बन्दै गए छ कि क्या हो" ? बाटोमा बस कुर्न बसेकाहरूले उनीहरूको कुरा सुनेजस्तो लागेछ कि, त्यसमध्ये एउटीले आमातिर फर्कदै भनिन् आमा ! तपाई हामी मनकामना दर्शन गर्नसँगै गएका होइनौं ? कस्तो रमाइलो भएको थियो। अब त आद आयो' ? आमा घोरिएर मनमनै कहिले गए भनी सोच्दै थिइन्।

त्यतिकैमा उनीहरूको अगाडि एउटा ट्याक्सी रोकियो। दुवैले एकै साथ सोधे 'आमा तपाई कहाँ जाने' ? अनकनाउँदै आमाले 'कलङ्की जाने बाबु' भनिन्। 'ओहो आमा ! कस्तो साइत जुरेको। हामी पनि उतै जान लागेको। आउनुस् हामी पुऱ्याइदिन्छौं। यस्तो गर्मीमा कति बेर बाटोमा उभिनुहुन्छ ? हिंडनुस्' भनी हात समाते। आमाले अलि अप्ठयारो मान्दै 'हैन नानीहरू जानुस् म गइहाल्छु' भन्दै तर्किन खोजिन्। एउटीले हातमा तान्दै भनी 'हामी त तपाईको नातिनी जस्तो किन गाऱ्हो मान्नुभएको हिंड्नुस् जाऔं' भनी लगेर ट्याक्सीमा राखी। त्यसपछि त्यो ट्याक्सी गुड्यो।

दुई दिनसम्म आमाका घरका मान्छेले आमालाई कहाँ मात्र खोजेनन्। आखिर तेस्रो दिन आमा सुनसान ठाउँमा हात, कान, घाँटी सबै बुच्चो अर्ध बेहोस अवस्थामा भेट्टिइन्।

•••

लेख

# देशलाई के दोष ?

• सुरेश 'शीत'

आम मानिसहरूले केही बिग्रियो भने 'यो नेपाल हो, यहाँ यस्तै हुन्छ भन्छन् तर यो भनाइले मलाई तनभित्र मन छ, मनभित्र परमात्मा, परमात्माभित्रको आत्मामा चस्स दुख्छ । दुखेर के गर्नु आफू तर्क गर्न असमर्थ छु । त्यसैले चुपचाप लाग्छु ।

बिगार्ने आफू अनि देशलाई दोष दिन्छन् । कठै ! देश त चुप छ , बिगारे पनि सपारे पनि....। यही देशले सीता, भृकुटी, बुद्ध, अशोक, अरनिको जन्मायो । देशलाई सुन्दर, समृद्ध बनाउन र बेथितिलाई हटाउन आफ्नो प्राण नै आहूति गर्ने सहिदहरू जन्मायो । यही देशमा पासाङ्ग ल्हामुजस्ता कयौँ वीर-वीराङ्गनाहरू जन्मे । देशलाई के दोष ?

साहित्य, कला, संस्कृति र खेल जगत्मा समेत चमत्कारी गर्ने यही देशमा जन्मे । अहिले जुन पुस्ताले सुन्दा पनि कर्णप्रिय लाग्ने कालजयी गीत गाउने नारायण गोपाल, आफ्नो भान्छामा आगो नबले पनि अरूको पीडा हेर्न नसक्ने मानमाप्रसाद देवकोटाजस्ता दानवीर यही जन्मे । मुना-मदन लगायत थुप्रै अमर कृति छोडेर गए तर उनलाई यही देशका तत्कालीन नागरिकले 'पागल' भन्ने पदवी दिए । भानुभक्तले महर्षि बाल्मीकिद्वारा रचिएको रामायणजस्तो बृहत्तर पुण्य ग्रन्थ नेपाली भाषामा अनुवाद गरे । भक्तमाला, बधूशिक्षा, प्रश्नोत्तरमाला आदि सिर्जना गरे । विविध भाषाभाषीलाई एकताको सूत्रमा आबद्ध पार्न महत्त्वपूर्ण योगदान गरे । उनलाई नै महिला विरोधी लेखक भनेर हिलो छ्यापे ।

यस्तै मन दुखेका कुरामा गुनासो पोखौँ भनेर यस्सो कुरा चुहायो कि लामो श्वास फेर्दै उल्टै भन्छन्- "यो देशको के कुरा गर्नु देश यस्तै हो भाइ ! कोही भन्छन् ! दाइ ! यो देशको कुरै छोडौँ बरू मुख सिएर बसौँ ।

कसैले भन्दैनन् यो देश प्रकृतिको सुन्दर बलिदान, स्वर्गसरिको देश हो । केही बिग्रियो भने हतारहतार भन्छन् । मुल्ला नेपाल ! थुक्क देश ! कोही भन्छन् नेपालको कानुन भगवान्ले जानून् ! नेपालीको कानुन भगवान्ले जानून् भनेको पटक्कै यो कानले सुनेको छैन । पुर्खाले कति हण्डर खाएर जोगाएको सभ्यता स्वाहा पार्ने आफै दोष भने देशलाई दिन्छन् । उफ ! निरीह देशलाई के दोष ?

देशलाई दोष नदिई देश चलाउनेलाई दोष दिँदै कला, साहित्य,

सङ्गीत तर्फ फर्किऊँ । मानमाप्रसाद देवकोटा लगायत कयौं यो देशको शिर उठाउने साहित्यकारहरू आज छैनन् । तिनीहरूको सम्झना मात्रै छ । राष्ट्रकवि माधवप्रसाद घिमिरे लगायत अन्य जीवित छन् । उनको कुरा कसले सुन्ने ? दुःखमा साथ कसले दिने ? मृत्युपछि भने वहाँ यस्तो, वहाँ उस्तो, उहाँको योगदान यति, कोमलता यति, आदि इत्यादिको भनेर प्रशंसाका फोर्रा छुट्छ । पत्रिकामा पुरै छाउँछ । फलानो महान् व्यक्ति हाम्रो सामु रहेछन्, उनले फलानो कृति लेखे, फलानो कविता, गीत, नाटक लेखे, देशलाई चिनाए, यो गरे, त्यो गरे आदि इत्यादि भनेर रेडियो, टेलिभिजन र विभिन्न सञ्चार माध्यमहरूमा छाउँछन् । उनकै बारेमा गाउँछन् ।

मेरो व्यक्तिगत अर्थ यसो नगर्नु भनेको हैन, गरून, तर जीवित हुँदा अलिक बढी संवेदनशील होउन् भन्ने आशय हो । जसले जुन विधामा योगदान पुऱ्याए त्यसको मूल्याङ्कन जीवित हुँदा गर्नुपर्छ । मृत्युपश्चात्को सम्मान के सम्मान ? राम्रो कामको तय पहिला नै गर्दा वेश हुन्छ । मरेपछि के आडम्बर भने यस्तो हुन्छ । पहिलो दिन श्रद्धाञ्जलीमा भाग लियो सञ्चार माध्यमअगाडि अलिक निरास मुद्रामा छायो अनि वर्ष दिनमा एक पटक यसो शालिकमा माल्यार्पण गऱ्यो । शालिकअगाडि जुम्ल्याहा हात जोड्यो, मुड्की उढायो, सलाम ठोक्यो, स्यालुट हान्यो, खुट्टा बजाऱ्यो, आफ्नो वर्गीय अभिवादन दियो घर फर्कियो बस् । घरमा गयो ल मत थकित छु, मलाई साह्रै थकाइ लाग्यो भनेर चिया कफी, सर्बत, वाटर क्वाटर मगायो, आफन्तलाई मैले यो भनैं त्यो भनैं यति जनाले भाग लिए, फलानो आएन आदि आफ्नै बढाइँ सुनायो, रवाफ देखायो । कठै ! ती मृत्युवरण गरेकाको घरमा कति कोलाहल अस्तव्यस्त शोकमा डुबेको होलान् हेर्ने कसले ? सान्त्वना दिने कसले ?

साहित्य, कला, संस्कृति यसको उत्थानको लागि राज्यले पूर्ण रूपले कन्जुस्याइँ नगरी भरमग्दुर कोसिस गर्नुपर्दछ । कला अन्तर्गतको एउटा विधा सङ्गीत हो । सङ्गीत अन्तर्गत शास्त्रीय सङ्गीतलाई अझ बढी ध्यान दिनुपर्दछ । तबलाको सम्बन्ध मुटुको धड्कनसँग छ । हारमोनियमको सम्बन्ध मस्तिष्कसँग छ । बाँसुरी मुरलीमा प्रेमको माधुर्य छ । सङ्गीतको सरगमले सारा विश्व नचाउँछ । विश्व हसाउँछ सङ्गीतमा जङ्गली जनावरदेखि प्रकृति प्रेमी चरा-चुरुङ्गी नचाउन सक्ने क्षमता छ भनिन्छ । सङ्गीतले बगिरहेको खोला रोक्न सक्छ । असिना, पानी पार्न सक्छ, अन्न बर्साउन सक्छ । सङ्गीतमा दम छ सङ्गीतमा शक्ति छ । सङ्गीतको अन्तर्राष्ट्रिय ताल एउटै, सुर एउटै । कसैले सा रे ग म प ध नि भन्लान्, कसैले सि डी ए भन्लान् तर

त्यसको धुन एउटै अहा ! कस्तो समानता । चीन, भारत, बंगलादेश आदिका नागरिकले नेपाली गीतको धुनमा नाच्न सक्छन् ।

नेपालीले अरू देशको गीतको धुनमा कुर्कुच्चा उचाल्छन् । सङ्गीतमा शिरदेखि पैतालासम्म हल्लाउन सक्ने खुबी छ । सारङ्गीले विरह गाउँछ, सहनाइले निम्ता गर्छ । मादल बज्दा रतौली सम्झाउछ । सबै बाजाको आ-आफ्नै विशेषता छन् । बाजाहरू के के छन् ? कसकसले कुनकुन बाजामा चाख दिएर योगदान पुऱ्याए । यसको बारेमा पूर्ण रूपमा खोजबिन गरी ती स्रष्टाहरूलाई स्मरण गर्नु राज्यको दायित्व हो । यसो गर्नाले भावि पुस्तालाई हौस्याउँछ । यसमा दिलो ज्यानले लाग्छन् । आफ्नो मौलिक पहिचान गराउँछन् । सङ्गीतमा योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वलाई राज्यले स्मरण गर्नुपर्दछ । नातीकाजीजस्ता वृद्ध अवस्थासम्म सङ्गीतलाई माया गर्ने स्रष्टाको स्मरण गर्नुपर्दछ । वहाँभन्दा अगाडिको स्रष्टाको व्यापक खोजी हुनुपर्दछ । प्रत्येक सङ्गीत पाठशालामा सङ्गीतप्रेमी स्रष्टाहरूको फोटो राखेर भए पनि कदर गर्नु पर्दछ । सङ्गीतमा योगदान पुऱ्याउने सम्पूर्ण स्रष्टाहरूको उचित सम्मानको व्यवस्था गर्नुपर्दछ । लोप भएका कति बाजाहरू होलान् तिनीहरूको खोजी जारी राख्नुपर्दछ ।

नेपालमा संस्कृतिको खानी नै छ । विवाह, चूडाकर्म, छेवर, गुफा राख्ने, कुमारी जात्रा, बिस्केट जात्रा, इन्द्र जात्रा, मछिन्द्र जात्रा, घोडे जात्रा, गाई जात्रा, सङ्क्रान्ती, मसान्त, धान नाच, कात्तिके नाच, साकेला, उधौली, उभौली नाच देउडा नाच, दशैं तिहार, एकादशी मेला, पूर्णिमा मेला, हाटबजार मेला विभिन्न चाड पर्व र विश्व सम्पदामा सूचीमा पर्ने मठमन्दिर, स्तूप, चैत्यन आदिको मुहान नै छ । सबै मेला, महोत्सवमा विभिन्न किसिमका भेषभुषा आदिको साथै विभिन्न किसिमका भ्याउरे, लोकगीत, चुड्का, श्लोक, वालन विभिन्न ताल र मुर्चुङ्गा, झ्याली, झ्याम्टा, धिमे, मादल खि बाजा, सहनाई, मुरली, बाँसुरी, दमाह ट्याम्को आदिको आवाज र गायनसँग यहाँको चालचलन, रीतिरिवाज रहनसहन, चाड पर्व, संस्कार र विभिन्न बाजाहरूको तालमा नाचेको, गाएका देखेर काल्पनिक स्वर्गभन्दा कम देखिँदैन । मानौ, इन्द्रलोकका अप्सराहरू यही नाचेका छन् । यही मायाप्रीति गाँसेका छन् । रमाएका छन् । यही भान हुन्छ । यही आभास मिल्छ । हाम्रो संस्कृति देशको धरोहर हो, गहना हो । यसको संरक्षणले पर्यटकहरूलाई समेत भ्रमण गर्न प्रेरित गर्दछ । जसले गर्दा धेरैको रोजगारीको अवसर मिल्छ । देशको आर्थिक स्तर बढ्छ । कलाकौशलको पनि त्यत्तिकै व्यापकता छाउँछ । यसरी नै देशको सभ्यताको चिनारी गर्दछ । यी कलाकारिताको ज्ञाताहरूको

स्रष्टाहरूको सूची नै तयार गरेर सम्मान गर्नुपर्दछ । सम्बोधन गर्नु राज्यको दायित्वभित्र पर्दछ । साहित्य, कला, संस्कृति र भाषा आदिमा ख्याती कमाएका परापूर्व कालदेखि हालसम्मका स्रष्टाहरूको सम्मान गर्नुपर्दछ । भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्याल आदिको बारेमा अझ बढी खोज कार्य गरी स्मरण गर्नुपर्दछ । साहित्य विधाले सम्पूर्णले देश विदेशमा समेत ख्याती कमाएकै छ । यसमा सन्तोष गर्ने ठाउँ छ । तर साहित्य अन्तर्गत एउटा विधा नाटक पनि हो । यो विधा भने अहिले आएर ज्यादैनै खस्केको छ । पहिला यसको व्यापकता धेरै थियो । गाउँ, टोल, डवली नाट्यशाला नाचघर, प्रज्ञा-प्रतिष्ठान, राष्ट्रिय सभा गृह आदिमा भीडका साथ प्रस्तुत हुन्थ्यो । दर्शकहरू नाटक हेर्न कौतूहल हुन्थे । नाटकको प्रत्येक दृश्यमा हौसिन्थे । एक छिन पर्दा बन्द हुँदा पनि गीत, कविता आदिबाट भए पनि मनोरञ्जन दिनै पर्थ्यो । आज त्यही विधा खस्केको छ । त्यसलाई जगेर्ना गर्नुपर्छ ।

जसले रातदिन घामपानी, असिनाबादल, हावाहुरी, चट्याङ नभनी दश नङ्ग्रा खियायो, त्यसको मोल दिऊँ, जस दिऊँ, मान दिऊँ, सान दिऊँ । धुत्र्याइँ गरेर दुनु सोज्याउने आफू, दोष देशलाई किन ? दोषी हामी हौँ, देश होइन । कठै ! देश त हामीले जे गरे पनि चुप छ, मात्र चुप.....।

*इमाडोल ५ -ललितपुर*

•••

**"बालमैत्री, अनिवार्य शिक्षा, ज्ञान र सीपको सुनिश्चितता"**

**आफ्ना बालबालिकाहरूलाई नियमित रूपमा विद्यालयमा पठाऔँ ।**

**बालबालिकाको भविष्य सुनिश्चित गरौँ ।**

**शिक्षा विभाग**

**सानो ठिमी, भक्तपुर**

हास्यव्यङ्ग्य

# अधिकारी पधिकारी...

• लक्ष्मण गाम्नागे

एक्लै पारेर 'भट्टराई टट्टराई कुखुरा चोर, भर्सेलामाथि सुँगुरको खोर' भनेर गैरिघरे अन्तरे र जन्तरेहरूले मलाई गिल्ला गर्दै भाग्दै गरेको र तिनीहरूलाई कुट्न नसक्ता खेतका गरामा थचक्क बसेर क्वाँक्वाँ रोएको भर्खर जस्तो लाग्छ आफूलाई । त्यस बेला हाम्रो गाउँठाउँमा काँग्रेस, कम्निष्ट, राप्रपा, झाले, माले, शंसोधनवादी, माओवादी आदि केही पनि थिएनन् । दक्षिणपन्थी, वामपन्थी, उग्रवादी, कट्टरपन्थी, नरमपन्थी, गरमपन्थी पनि थिएनन् । त्यहाँ खेत थिए, समाहा थिए, रोपाहार थिए, बाउसे, गोठाला र खेतालाहरू थिए । भेडा, बाख्रा, गाई, भैंसी र राँगा गोरुहरू थिए । लिम्बूका बस्ती थिए, गुरुङका गाउँ थिए, राईका घरहरू थिए । केही घर नेवार पनि थिए । ती सबै वस्तीभित्र बाहुन, क्षेत्री, कामी, दमाई, मगर आदि अनेक जातजाति मिसिएका थिए । हामी हाम्रो दौंतरी वीरबहादुर राईलाई 'च्यान्टे भुँडी प्यान्टे राई कन्नो सुकेको' भनेर जिस्क्याउँथ्यौं । अहिले सम्झिँदा लाग्छ कुपोषणले बिग्रिएको उसको शारिरिक बनावटमाथि व्यङ्ग्य गरेर हामीले ऊमाथि अन्याय गरेका रहेछौं । न हामीलाई अन्याय गरेको थाहा हुन्थ्यो न उसले नै त्यसलाई अन्याय ठान्थ्यो । क्षणिक रमाइलोका लागि त्यसरी भनाभन गर्थ्यौं । एक छिन रिसारिस हुन्थ्यो, एकछिनमा सँगै खेल्न थाल्थ्यौं । ऊ पनि कम थिएन । ठूलो ठूलो स्वरमा 'बाहुन काठा कन्दने, धोती लँगौटी चन्दने' भन्दै भाग्थ्यो । हामी उसलाई लखेट्थ्यौं, ऊ भाग्थ्यो, ऊ भाग्न नसकेर उभिन्थ्यो र हामीसँग भिड्न तयार पर्थ्यो । हामी डराउँथ्यौं र जिस्केको पो त भन्दै ऊसँग खेल्न थाल्थ्यौं । हाम्रो झगडाभित्र वास्तवमै खराब नियत हुँदैनथ्यो, मनोरञ्जन मात्रै हुन्थ्यो ।

हाम्रो गाउँको र स्कुलको जमातमा पौडेल, मैनाली, खड्का, खतिवडा, अधिकारी, दाहाल, राई, लिम्बू, गुरुङ् आदि थुप्रै जात र थरका दौंतरीहरू थिए । जातीय झैंझगडा वा भनाभन ज्यादै न्यून थियो तर एउटा थरले अर्को थरलाई विभिन्न तुकबन्दीहरू मिलाएर व्यङ्ग्य गर्ने वा होच्याउने काम भने मनग्गे हुन्थ्यो । जात-जात बीचको व्यङ्ग्यले कहिलेकाहीँ सामान्य विवादको रूप पनि लिन्थ्यो तर थरहरूबीचको गाली गरागरले खासै नराम्रो केही हुँदैनथ्यो ।

मलाई 'भट्टराई टट्टराई कुखुरा चोर' भनेर होच्याउने केटाहरू अधिकारी थरका थिए । म पनि आफ्नो दाजुको साथ पाउनासाथ बुरुकबुरुक उफ्रिँदै '

अधिकारी पधिकारी पादको भकारी, पानसय जन्तीलाई भोकले मारी' भनिदिन्थे । सम्भवतः इतिहासमा कुनै दिन कुनै अल्छी वा ढङ्ग नभएको कुनै एउटा अधिकारीले गरेको गल्तीले आजपर्यन्त सबै अधिकारीहरू गाली खाइरहेका छन् । सबै अधिकारीलाई एउटै हाँडीमा हालेर हामी त्यसरी भुटिदिन्थ्यौं ।

एकपटक दाहाल सरले मेरो गालामा थप्पड हान्दा कक्षाकोठामै मैले 'दाहाल पाडो, खुट्टो ठाडो, आयो भैंसी, छोड्दे पाडो' भनेर कडा प्रतिवाद गर्ने हुँदा त्यसको सजाय झनै कठोर खेप्नुपर्‍यो । सरले मेरो हाफ्प्यान्ट खोलेर झ्यामझ्याम हान्नुभयो सिस्नुले । सिस्नुपानी नेपालको एक कार्यकर्ता भएको नाताले म अचेल पनि दाहाल सरलाई सम्झिरहन्छु । उहाँले सिस्नाले हानिरहँदा मैले रोएर कोकोहोलो गर्दै थरभन्दा माथि उठेर उहाँको जातलाई नै सरापैं -जैसी भैंसी ......। सिस्नुमाथि थप केही लबटाहरू खाएपछि तीन दिन ज्वरो आएर सुतेको भरखर जस्तो लाग्दै छ । त्यो घटनापछि लामो समयसम्म दाहाल सरसँग मेरो बोलचाल बन्द भयो । पछि एकपटक सरको छोरो काँडेतारमा परेर घाइते हुँदा मैले उद्धार गरेको घटनापछि भने दाहाल सर जति मलाई माया गर्ने अर्को कुनै सर भएनन् स्कुलमा । सम्भवतः त्यसपछि मैले दाहाल थरलाई गाली गर्न छाडें ।

जातलाई पनि गाली गर्ने र होच्याउने कुरामा हामी सबै जातका केटाकेटीहरू कम सिपालु थिएनौं । कन्दने, चन्दने, काठा, कात्तिके, टपरे, भनेर बाहुनहरूलाई, भैंसी भनेर जैसीलाई, खसेत्रा भनेर क्षेत्रीलाई होच्याइन्थ्यो । त्यस्तै किरूवा, चितुवा, लिँडे, पाटे, भेडा, डुम्रा, डाङ्ग्रा, टोप्रे इत्यादि विभिन्न जातिलाई खसाल्नुपर्दा प्रयोग गरिन्थ्यो तर जातलाई गरिने गालीहरू खुला रूपमा हत्तपत्त प्रयोग गरिँदैनथ्यो । झगडाले उग्र रूप नलिउन्जेल तिनीहरूको प्रयोग भूमिगत रूपमा हुन्थ्यो । केटाकेटी नै भए पनि हामी हत्तपत्त 'बाबु दुष्ट र नेवार इष्ट हुँदैन' भन्ने पूर्वाग्रही गाली मुखबाट निकाल्दैनथ्यौं तर सामान्य वादविवादमै पनि 'उप्रेती खुप्रेती वर्तमान्, कुहिएको छाला तनक्क तान्, गोबरको रोटी मिठो मान्' भनेर बिचरा उप्रेतीहरूलाई गाली हानिहालिन्थ्यो ।

एक पटक हर्क विश्वकर्माले 'कुमाइको घुमाइ जैसीको जाल, गिरी र पुरी ढिँडाका काल' भनेर आफ्नो दौतरीलाई जिस्क्याउँदा राजेन्द्र मैनालीका हजुरबाले हर्कको कानै च्यातिदिएको घटना घटेको तीन दशक नाघ्यो भन्ने सम्झिँदा बूढो भइएछ कि क्या हो जस्तो लाग्छ । हामी राजेन्द्रलाई पटकपटक 'हुर्रेहाली मैदाली बुच्चे कोदाली' भनेर जिस्क्याइरहन्थ्यौं, हजुरबा उत्ति जाग्नुहुन्नथ्यो तर हर्कको कान किन त्यस्तरी निमोठ्नुभयो ? अचेल

सोच्ता बूढाको जातीय अहंले त्यो काम गरेको हुनुपर्छ भन्ने लाग्छ ।

पौडेल माओली अलि सोझो तर रिसाहा मान्छे थियो । लाठे भएपछि उसको व्रतबन्ध भएको थियो । हजुरबाको कडा अनुशासनमा व्रतबन्धपछिका प्रकृया पूरा गरेर मात्रै ऊ हरेक काम गर्थ्यो । एक पटक दले खँड्काले माओलीलाई जिस्क्याएर 'जनै उल्टो लगाएछौ नि माओली' भन्यो । माओलीले पत्याएन । पछि व्रतबन्ध गरेको अठार दिन पुगेपछि लँगौटीमा ढुङ्गो बाँधेर फाल्नुपर्छ भन्दै लँगौटी तान्न खोज्यो । माओलीले दलेलाई घँचेड्यो । त्यसपछि फेरि जिस्क्याएर 'पौडेल ढौडेल रूखमुनि बास, अप्सानी नहाली ढिँडाको गाँस' भन्दै उफ्रिन थाल्यो । अब भने माओलीको धैर्य टुट्यो । उसले एउटा तिखे ढुङ्गो उठाएर दलेका निधारमै ठोक्यो । झण्डै झण्डै दलेको इहलीला समाप्त भएको थियो । अचेल पनि दलेका निधारमा भएको लाम्चो खत देख्ता उस बेलाको सम्झना आइरहन्छ । दलेलाई पनि हामी 'अँड्का खँड्का गलगिद्ध खाएर भुँडी पड्का' भनेर खूब उल्याउँथ्यौँ । वास्तवमा त्यो बेला जातजाति र खासगरी विभिन्न थरहरूलाई खूब होच्याएर कवितात्मक पङ्क्तिहरू बनाइन्थ्यो रहेछ । बिचरा पौडेललाई केही नहुने हरितन्नम्, रूखमुनि बास बस्ने गरिप अनि अप्सानी पनि नहाली खाना खाने संस्कारहीन र भात खान नपाएर ढिँडो खाने भनेर सकेसम्म खसालेर भनिएको छ । वास्तवमा यो गरिबीमाथिको घोर उपहास थियो रहेछ । हामी नबुझी त्यस्ता गीत गाइदिन्थ्यौं मजाले ।

आजभोलि काँग्रेस र कम्निष्ट बीच वा कम्निष्ट कम्निष्ट बीच वा नेतानेता बीच हुने गालीगलौज, धर्म सम्प्रदाय वा जातजाति बीच भइरहेका लडाई झगडा वा गालीगलौजभन्दा भिन्न सौहार्द्रपूर्ण, मनोरन्जक हुन्थे त्यो बेला हामी केटाकेटीका गालीहरू । आजका ठूलाठूला वौद्धिक, साहित्यिक गालीगलौजभन्दा त्यस बेलाका थरथरबीच हुने दोहोरी गालीहरू रमाइला र कम घातक हुन्थे ।

'ढकाल, धोती पखाल' भन्दा एकैछिन त ढकालहरू रिसाउँथे तर धोती त जसले पनि पखाल्नु नै पर्थ्यो । 'थापाथली गौंथली, तेरो बाबु मेरो हली" भनेर होच्याउँदा नबुझ्ने थापाहरू रिसाए पनि बुझ्ने थापाहरू काम गरेर खाने मान्छे पो झन् ठूलो भनेर मख्ख पर्थे । 'बूढी भैसी आईआई भैसीको गोबर चापागाई' भन्दा चापागाईहरू अलि बढी रिसाउनु स्वाभाविकै थियो । हिन्दू धर्ममा विस्वास राख्ने लोकनाथ बाजेका नातिलाई हामी 'आने पाने न्यौपाने कुकुर काटी झोल खाने' भनेर जिस्क्याउँथ्यौं । बाजे रिसाउनु त कता हो कता उल्टै विभिन्न थरका नयाँनयाँ व्यङ्ग्य बनाएर नातिलाई कण्ठ पारेर पठाउँथे ।

धेरै भयो पहाड छाडेको । तराईका स्कुलमा पनि हामी गीत गाउँदै उफ्रन्थ्यौं- 'हिमालचुली पल्लापटि कुखुराको सुली, सुलीबाट बनेका हुन् गन्धे पराजुली ।' आखिर सबै मान्छे कुखुराको सुली र खरानीबाट बनेका हुन् भन्ने एक प्रकारको अन्धविश्वास हुँदाहुँदै पराजुलीले रिसाउनुपर्ने कुरा के थियो र ! उनीहरू पनि जवाफ फर्काउँथे- 'ओभ्रा धानको बोभ्रा', 'गड्तौला बड्तौला, बूढी बाखाका बँड्कौला', 'घिम्रे आँखा चिम्रे' आदि भनेर । आजभोलि पनि हाम्रो पहाड वा तराईका गाउँले स्कुलहरूमा वा गोठालामा यो गीत गाइँदै होला कि इतिहासको गर्भमा लोप भइसक्यो होला मलाई थाहा पाउन मन लागेको छ-

अचार्जले अचार पिन्यो, पोखरेलले पोख्यो ।

न्यौपानेले निहुँ खोज्यो, गोतामेले गोद्यो ।

अब त हामी धेरै अग्रगामी भइसक्यौं । शिक्षित, सचेत र संवेदनशील पनि भइसक्यौं । जातजात र थरथरबीचका पर्खालहरू पनि भत्किँदै गइरहेका छन् । अन्तरजातीय वैवाहिक सम्बन्धहरूले गर्दा कसैले कसैलाई होच्याउने ठाउँ पनि हराउँदै गइरहेको छ । सबैका लागि सबै जात र थरहरू आफन्तमा परिणत हुँदै गइरहेका छन् । अब उप्रान्त विस्तारै उल्लिखित प्रकारका जातजाति वा थरहरू माथिका व्यङ्ग्यहरू वा गालीगलौजहरू हामीले प्रयोग गर्न त के सुन्न पनि छाड्नेछौं । हाम्रो समाजबाट अन्तरे, जन्तरे भाइहरू हराए जस्तै हाम्रो लोकजीवनमा चलि आएका यस्ता उक्तिहरू, व्यङ्ग्यहरू, छेडपेचहरू पनि अब लोप हुने भए । सामाजिक इतिहासको गर्भमा विलय हुन लागेका तिनीहरूप्रति हार्दिक समवेदना !

•••


**करको चर्चा घर-घरमा गरौं । कर तिरौं, राष्ट्र निर्माणमा सहभागी बनौं तर तिरौं आफ्नो आम्दानीको वैधता सुनिश्चित गरौं । करसँग डर होइन भर गरौं ।**

**आन्तरिक राजस्व विभाग**
**आन्तरिक राजस्व कार्यालय**
**बबरमहल, काठमाडौं**

**"हामीले तिरेको कर हाम्रै विकासका लागि आधुनिक र समृद्ध नेपाल निर्माणको लागि"**



'मितेरी नेपाल'का अध्यक्ष श्री चन्द्रकला नेवारज्यूले नेपाली भाषासाहित्य र गीतसङ्गीतका क्षेत्रमा अनवरत क्रियाशील रही नेपाली साहित्यको उन्नयनमा गर्नुभएको महत्त्वपूर्ण योगदानका लागि प्रदान गरिएका निम्न पुरस्कार यस प्रकार छन्।

१. नइ खरा प्रदीप्ति पुरस्कार, (नइ प्रकाशन) २०७१

२. विश्व नारी नेपाली साहित्य सम्मान (त्रिमूर्ति निकेतन) २०७१

३. विश्व नारी नेपाली साहित्य पदक (त्रिमूर्ति निकेतन) २०७१

४. अनेसास विशेष सम्मान (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज) २०७१

५. भानुभक्त पुरस्कार (नेपाल सरकार) २०७१

विभिन्न पुरस्कार सम्मानद्वारा सम्मानित हुनुभएकामा श्री चन्द्रकला नेवारज्यूप्रति हार्दिक बधाई ज्ञापन गर्दै उहाँको सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**मितेरी नेपाल परिवार**

# मितेरी नेपाल

सत्यमोहन जोशी
मानार्थ सदस्य

भद्रकुमारी घले
संरक्षक

डा. सुजाता प्रधान
संरक्षक

सञ्जय श्रेष्ठ
संरक्षक

रूकु कार्की
संरक्षक

गिरिप्रसाद उपाध्याय
सल्लाहकार

माया ठकुरी
सल्लाहकार

पिताम्बरा उपाध्याय 'पीयूष'
सल्लाहकार

प्रा.डा. सुषमा आचार्य
सल्लाहकार

डा मृदुला शर्मा
सल्लाहकार

जलेश्वरी श्रेष्ठ
सल्लाहकार

कलाधर काफ्ले
सल्लाहकार

शिवकुमार कट्टुवाल
सल्लाहकार

ब्रह्मप्रिय प्रेमस्वरूप
सल्लाहकार

## कार्यसमिति

चन्द्रकला नेवार
अध्यक्ष

महेन्द्र गुरुङ्ग
उपाध्यक्ष

ललिता 'दोषी'
महासचिव

नम्रता उपाध्याय
सचिव

सङ्गीता शर्मा
कोषाध्यक्ष

यादव भट्टराई
सदस्य

शम्भु गुरागाईं
सदस्य

शान्ति रिसाल
सदस्य

सविता श्रेष्ठ 'बेहोसी'
सदस्य



जगन्मात्रे नमोनमः॥ १८॥ प्रसीद देवदेवेशि
कृपया परया सदा॥ अभीष्ट फल सिद्ध्यर्थं कु
रुमे माधवप्रिये॥ ॥इति तुलसी पूजा समाप्ता।
शुभं भूयाल्लेखकपाठकयोः श्री भानुभक्तश
र्मणा पण्डितेन सम्वत॥ १९१४ आश्विन
पौर्णमास्याम् ॥ राधा दामोदरः प्रीयताम्॥६।